वर्ष : १८, अंक : १५, काठमाडौं, २०७९ साउन ६ गते शुक्रबार, 22 July 2022, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## प्रचण्डको भ्रमण कासेढुंगा : भाजपा



काठमाडौं । नेपाल कम्युनिष्ट पार्टी (माओवादी)का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको भारत भ्रमण दुई पार्टीहरूबीच कोसेढुंगा साबित हुने भारतीय जनता पार्टी भाजपाले जनाएको छ । भाजपाले प्रेस विज्ञप्ति जारी गरि प्रचण्डको भारत भ्रमणले नेपाल भारत सम्बन्ध अझ प्रगाढ बन्ने उल्लेख गरेको छ ।

भाजपा मुख्यालय पुगेका प्रचण्डले भाजपाका राष्ट्रिय अध्यक्ष जेपी नड्डासँग प्रचण्डले भेटवार्ता गरेका थिए । प्रचण्डसँग जेपी नड्डा, भारतका विदेशमन्त्री एस जयशंकर पनि उपस्थित थिए । 'भाजपालाई जानौं' भन्ने अभियान अन्तर्गत प्रचण्ड भाजपा मुख्यालय पुगेका थिए । यसअघि गत अप्रिलमा नेपालका प्रधानमन्त्री शेरबहादुर देउवाले पनि भारत भ्रमणका क्रममा भाजपाको मुख्यालय पुगेका थिए, जहाँ उनले जेपी नड्डालाई भेटेका थिए । त्यस बेला नेपालका तत्कालीन प्रधानमन्त्रीले भाजपाको मुख्यालयमा गएर पार्टी अध्यक्षलाई भेटेको यो पहिलो पटक हो भनिएको थियो ।

यस्तै भारतीय विदेशमन्त्री डा. एस जयशंकर नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डबीच भेटवार्ता भएको छ । प्रचण्डलाई भारतमा स्वागत गर्न पाउँदा खुशी लागेको विदेशमन्त्री जयशंकरले बताए । भारत भ्रमणमा रहेका प्रचण्डसँग आर्थिक सहकार्यमा केन्द्रित भई छिमेकी सम्बन्धलाई सुदृढ बनाउने विषयमा फलदायी छलफल भएको डा जयशंकरले ट्वीटरमार्फत जानकारी दिएका छन् । उनले भनेका छन्, 'छिमेकी पहिलो नीतिलाई प्रतिबिम्बित गर्दै नेपालको विकास र समृद्धिको चाहनामा भारत सदैव भरपर्दो साझेदार रहनेछ ।'

त्यस्तै अध्यक्ष दाहालसँग भेटवार्ताका क्रममा भारतीय विदेशमन्त्री एसले भारतको प्राथमिकतामा नेपाल परेको पनि बताएका छन । छिमेक पहिलो नीतिअन्तर्गत नेपाल प्राथमिकतामा परेको बताएका हुन । 'छिमेकी पहिलो नीतिलाई प्रतिबिम्बित गर्दै नेपालको विकास र सम्बृद्धिको चाहनामा भारत सदैव भरपर्दो साझेदार रहनेछ', विदेशमन्त्री जयशंकरले भनेका छन्, 'आर्थिक सहकार्यमा केन्द्रित भई हाम्रो छिमेकी सम्बन्धलाई सुदृढ बनाउने विषयमा फलदायी छलफल भएको छ ।'

# न सिंचाइ, न आकाशे पानी

## अन्न भण्डार मधेशको कृषि प्रणालीमै उठ्यो प्रश्न

मधेशवाणी डेस्क

काठमाडौं । अन्नको भण्डारण मानिएको मधेश प्रदेशमा यस वर्ष समयमा धान रोपाइँ हुन नसक्दा किसान चिन्तित भएका छन् । समयमा पानी परेको भए मधेशका अधिकांश जिल्लामा रोपाइँ लगभग सकिनुपर्ने थियो ।

एकातिर मध्य बर्खामा पनि पानी नपर्दा, अर्कातिर सिँचाइ सुविधा नहुँदा मधेशका किसान इन्तु न चिन्तु भएका छन् ।

पर्साको कालिकामाई गाउँपालिकाकी किसान महिला फूलमतीदेवीले मल, बीउ र सिँचाइ सुविधाबाट हरेक वर्ष ठगिनु परेको गुनासो गर्छिन । उनले भनिन्, 'वर्षातमा समेत बाँझो खेत हेरेर बस्न बाध्य छौं ।'

प्रदेशमा तीन तहको सरकार छ । तर कुनै पनि सरकारले सिँचाइ सुविधा उपलब्ध गराएर किसानलाई न्याय दिन सकेका छैनन् ।

धानको पकेट क्षेत्र मानिएको मध्य मधेशको पर्सा, बारा र रौतहट लगायत मधेश प्रदेशका किसानले अघिल्ला वर्ष यो सिजनमा ७०/८० प्रतिशत धान रोपिसकेका थिए । तर यो वर्ष भने अहिलेसम्म किसानको खेतमा धान रोपाइँ हुनु परको कुरा बीउ नै सुकेर पराल जस्तो भएको छ । जमिनबाट पानी निकालेर केही कट्ठामा धान रोपेका किसानको धानखेतमा पनि धाँजा फाटेर खेत चिरैचिरा भएको छ ।

किसानका लागि मल, बीउ र सिँचाइको हरेक बर्ष समस्या हुने भए पनि तीन तहका सरकाले किसानलाई कहिल्यै प्राथमिकतामा राखेका छैनन । किसानका समस्यालाई बेवास्ता गरेर गाउँपालिकाले सीसीटीभी, गाडी र कम्प्यूटर तथा लोडर जस्ता सामान खरिद गरिरहेको किसानहरूको आरोप छ ।

बारा, पर्सा र रौतहटका किसानको सिँचाइका लागि गण्डक नहरमा आउने भनिएको पानी पनि पर्याप्तमात्रामा आउन नसक्दा यो वर्ष विगतमा भन्दा पानीको समस्या बढेको कृषि ज्ञान केन्द्र पर्साका निमित्त प्रमुख मुनिलाल प्रसादले बताए । 'गण्डक नहरको पानी पर्याप्त नहुँदा नहर दक्षिणका किसानको प्रायः सबै खेत



बाँझै छ', उनले भने, 'साउन लागिसक्दा पर्सामा जम्मा ४० प्रतिशत खेतमा मात्र धान रोपाइँ भएको छ । अघिल्ला वर्षमा ७० देखि ८० प्रतिशतसम्म रोपाइँ सकिन्थ्यो ।

पर्साको कुल रोपाईं हुने ४७ हजार ७ सय ३५ हेक्टर क्षेत्रफल खेत मध्ये अहिले रोपाइँ भएको कुल ४० प्रतिशतमा पनि गण्डक नहर दक्षिण तर्फ १० प्रतिशत मात्र रोपाई भएको छ । नहर उत्तर तर्फको खेतमा अहिलेसम्म जम्मा ३० प्रतिशत मात्र रोपाइँ भएको छ ।

**सबैभन्दा कम रोपाइँ मधेशमा**

सरकारी तथ्याङ्कअनुसार देशभरि हालसम्म ६० प्रतिशतमात्र धान रोपाइँ भएको छ । अघिल्लो वर्ष यो अवधिमा भएको धान रोपाइँको तुलनामा यो निकै न्यून हो । गत वर्ष साउन ४ गतेसम्म ९६ प्रतिशत रोपाइँ भइसकेको थियो ।

धान खेतीको 'हब' मानिएको मधेश प्रदेशमा सबैभन्दा कम रोपाइँ भएको छ । कृषि विभागका अनुसार मधेश प्रदेशमा ३९ प्रतिशत रोपाइँ भएको छ । प्रदेशको हिसाबले सबैभन्दा बढी रोपाइँ सुदूरपश्चिममा ८७ प्रतिशत रोपाइँ भएको छ ।

सबैभन्दा कम रोपाइँ भएको मधेश

| कति रोपाइँ | (%मा) |
|---|---|
| धनुषा | ३५ |
| महोत्तरी | ३० |
| सर्लाही | ३५ |
| पर्सा | ४२ |
| बारा | ४० |
| रौतहट | ३२ |
| सप्तरी | ५० |
| सिरहा | ४२ |

प्रदेशमा जिल्लागत विवरणअनुसार धनुषामा ३५, महोत्तरीमा ३०, सर्लाहीमा ३५, पर्सामा ४२, बारामा ४०, रौतहटमा ३२, सप्तरीमा ५० र सिरहामा ४२ प्रतिशत रोपाइँ भएको छ । मधेशमा चार लाख पाँच हजार हेक्टरमा धान खेती हुन्छ, जबकि हालसम्म एकलाख ५८ हजार हेक्टरमा मात्र रोपाइँ भएको छ ।

पर्सामा ५४ हजार ७३२ हेक्टर क्षेत्रफल खेतीयोग्य जग्गामध्ये ४७ हजार १३० हेक्टर क्षेत्रफलमा धान रोपाइँ हुने गरेको छ । त्यस्तै सप्तरीमा कूल ८१ हजार ६६८ हेक्टर खेतीयोग्य जग्गामध्ये ६८ हजार हेक्टर क्षेत्रफलमा, सिरहामा कूल ७३ हजार ९१४ हेक्टर खेतीयोग्य जग्गामध्ये ५४ हजार हेक्टरमा धान रोपाइँ हुने गरेको छ ।

त्यस्तै महोत्तरी जिल्लामा ६७ हजार ३५२ हेक्टर क्षेत्रफल खेतीयोग्य जग्गामध्ये ४६ हजार ५०० हेक्टरमा, बारामा ६२ हजार ८२३ हेक्टर क्षेत्रफल खेतीयोग्य जग्गा रहेकामा ४६ हजार २० हेक्टरमा, रौतहटको ५३ हजार ५२० हेक्टर क्षेत्रफल खेतीयोग्य जग्गा रहेकामा ३८ हजार १०० हेक्टरमा धानखेती हुने गरेको मन्त्रालयले जनाएको छ ।

यस्तै धनुषामा ७६ हजार ५३१ हेक्टर क्षेत्रफल खेतीयोग्य जग्गामध्ये ५९ हजार हेक्टरमा र सर्लाहीको ८४ हजार ६७८ हेक्टर क्षेत्रफल खेतीयोग्य जग्गामध्ये ४६ हजार ७०० हेक्टरमा धान रोपाइँ हुन्छ । तर यस वर्ष ढिलो गरी धानको बेर्ना तयार भएको, ढिलाइ गरी धान रोपाइँ गर्ने प्रवृत्ति र समयमा वर्षा हुनुको कारण अन्नको भण्डार मानिएको मधेश प्रदेशमा अपेक्षाकृत धान रोपाइँ हुन नसकेको हो ।

यसरी कम रोपाइँ हुनुको मुख्य कारण मल र सिँचाइको अभाव नै रहेको छ । मधेश प्रदेशको कृषि मन्त्रालयका प्रवक्ता ललनकुमार सिंहले पनि धान रोपाइँ नहुनुको मुख्य कारण सिँचाइ नै रहेको बताए ।

सिँचाइको सुविधा भएकाहरूले मात्र पछिल्लो समय रोपाइँ गरिरहेको नत्र आकाशे पानीको भरमा खेती गर्ने किसानले करिब १० दिन यता धान रोप्न पाएका छैनन् । वर्षा नहुँदा सिँचाइ सुविधा नभएका क्षेत्रमा रोपेको धान पनि सुक्न थालेको छ । मधेशका साउनको दोस्रो हप्तासम्म धान रोपाइँ गर्न सकिन्छ ।

आकाशे पानीको भरमा खेती गर्दै आएका किसानका लागि यो ठूलो चुनौती बनेको छ । साउन १५ गतेसम्म रोपाइँ भएन भने त्यसपछि रोपेको धानको उत्पादन पनि राम्रो हुँदैन र त्यसले समग्र उत्पादनमा असर पार्छ । गत वर्ष असोजमा भएको बेमौसमी वर्षाका कारण धानमा निकै क्षति पुगेको थियो । त्यसले ८ प्रतिशतले धान उत्पादनमा कमी ल्याएको थियो ।

यसपटक समयमा पानी पर्न सुरू भएको कारण समयमा नै रोपाइँ सम्पन्न हुने र उत्पादन पनि राम्रै हुने अनुमान सरकारले गरेको थियो तर पानीको अवस्था हेर्दा लक्ष्यलाई भेट्न सकिदैन कि भन्ने चिन्ता बढेको कृषि विभागका महानिर्देशक डा.रेवतीरमण पौडेलले बताए ।

मनसुन चाँडै आए पनि अहिले पानी निकै कम पर्न थालेकाले रोपाइँ पनि कम भएको उनको भनाइ छ ।

सिँचाइ विभागका अनुसार नेपालमा कुल खेतीयोग्य जमिनमध्ये ४० प्रतिशतमा मात्र सिँचाइ सुविधा पुगेको छ । ६० प्रतिशत खेती

बाँकी अन्तिम पृष्ठमा

## जयनगर-बिजलपुरा रेल विस्तार हुँदै



जनकपुरधाम । भारतको जयनगरदेखि जनकपुरधाम-कुर्थासम्म सञ्चालन भइरहेको राष्ट्रिय गौरवको आयोजनामध्येको रेल सेवाले आफ्नो थप सेवा विस्तार गर्न लागेको छ । यही साउन ३० गतेदेखि जयनगरदेखि विजलपुरासम्म थप सेवा विस्तार गरिने भएको हो । नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक नीरञ्जन झाले जयनगर-जनकपुर कुर्थासम्म सञ्चालन भइरहेको रेल सेवा अब विजलपुरासम्म थप सेवा विस्तारको तयारीमा लागेको जानकारी दिए । उनले भने, 'कुर्थादेखि १७.५ किलोमिटर रेल सञ्चालनका लागि लिक (पटरी) हल्ट, स्टेशनलगायतका भौतिक पूर्वाधार संरचना तयार भइसकेको छ, १५ अगस्तका दिन सेवा प्रारम्भ गर्नेबारे नेपाल र भारतका उच्चपदस्थ पदाधिकारीबीच कुराकानी हुँदैछ ।' यद्यपि थप सेवा उद्घाटनको मिति भने टुङ्गो नलागेको उनले बताए । उनले यसअघि कुर्थादेखि बिजलपुरासम्म रेलको भौतिक पूर्वाधारका संरचना नेपाल सरकारको रेल्वे कम्पनीलाई हस्तान्तरण गरिनुपर्ने भएकाले त्यो प्रक्रिया पनि अगाडि बढिसकेको बताए । महाप्रबन्धक झाले भारतीय इर्कन कम्पनीले करिब रू तीन करोड लागतमा बिजलपुरा खण्डको रेल मार्गको भौतिक पूर्वाधार संरचना निर्माण गरेको जानकारी दिए । यस मार्गमा रेल सेवा सुरू भएपछि बिजलपुरादेखि बर्दिवाससम्म १८ किलोमिटर रेलको भौतिक पूर्वाधार संरचनाको काम सुरू हुने उनले जानकारी दिए ।

सन् २०१० मा भारत सरकारको आर्थिक सहयोगमा रेल सञ्जाल विस्तार गर्न भारत सरकारसँग सम्झौता भएको थियो । भौतिक पूर्वाधार तथा रेल्वे लिक निर्माणको ठेक्का पाएको भारतीय इर्कन इन्टरनेसनल कम्पनीले निर्माण थालेको थियो । जयनगरदेखि बर्दिवाससम्म ७० किलोमिटर छ ।

## कुन बाटोमा बाबुराम ? महेन्द्र वा राजकिशोरलाई पार्टी अध्यक्ष बनाउने तयारी

काठमाडौं । जनता समाजवादी पार्टी (जसपा) का सङ्घीय परिषद् अध्यक्ष डा. बाबुराम भट्टराईले नयाँ पार्टी गठन गर्ने तयारीमा छन् । काठमाडौंको जडीबुटीमा बसेको बाबुराम पक्षको बैठकले नयाँ पार्टी बनाउने निर्णय गरे पछि उनी नया पार्टी बनाउने तयारीमा लागेका हुन ।

बैठकपछि भट्टराई र उनीनिकट नेताहरू नयाँ पार्टी खोल्ने निष्कर्षमा पुगेका छन् । जसपाको ३४ सदस्यीय कार्यकारिणी समितिमा भट्टराईको पक्षमा हिसिला यमी, महेन्द्र यादव, रमेश यादव, डम्मर खतिवडा, गङ्गानारायण श्रेष्ठ, प्रशान्त सिंह, दुर्गा स्वाब, भक्तबहादुर शाह छन् ।

यता अध्यक्ष उपेन्द्र यादव पक्षको कार्यकारिणी बैठकले भट्टराईसहितका नेताहरूको जिम्मेवारी खोस्दै कारबाही गरेको छ । वीरगञ्जमा भएको अध्यक्ष यादव पक्षको कार्यकारिणी बैठकले उनीहरूमाथि कारबाही गरेको हो । पार्टीबाट हटाइए पनि भट्टराईको सांसद पद नजाने भएको छ । यादव पक्षले पार्टीका सम्पूर्ण जिम्मवारीवाट पदमुक्त गरे पनि भट्टराई लगायतको सांसद पद भने जोगिएको छ ।



'बाबुरामजीलाई पार्टीको जिम्मेवारीबाट मुक्त गरिए पनि सांसद पदबाट भने मुक्त गरिएको छैन, अहिले त्यो दिशामा पार्टी जाँदैन' अध्यक्ष यादवले भने, आत्माआलोचना गरेर फर्केमा उहाँ लगायतलाई पार्टीको जिम्मेवारीमा पुनःस्थापित गरिनेछ ।' उनका अनुसार काठमाडौंको जडिबुटीमा भएको भेलालाई भने पार्टीले मान्यता दिएको छैन ।

काठमाडौंमा अलग्गै केन्द्रीय समिति बैठक बोलाएको भन्दै वीरगञ्जमा बसेको यादव पक्षको केन्द्रीय समिति बैठकले भट्टराईसहितका नेताहरूलाई पार्टीको सम्पूर्ण जिम्मेवारीवाट मुक्त गरेको थियो ।

तर, यादव पक्षले पार्टीको जिम्मेवारीबाट मुक्त गरेपछि भट्टराईले भने पार्टी पुर्नगठनको दिशामा जाने सार्वजनिक गरिसकेका छन् ।

**नेताहरू अलमलमा**

भट्टराईले नयाँ पार्टी गठन गर्ने तयारीमा रहेकै बेला सो पार्टीको तेस्रो धार भने अलमलमा देखिएको छ । जसपामा आन्तरिक विवाद उत्कर्षमा पुगेर यादव र भट्टराईले अलगअलग बैठक आयोजना गर्दा तेस्रो धार तटस्थ रहेको थियो ।

दुवै पक्षले आफ्नो पक्षमा बहुमत पुर्‍याउन नेता तथा कार्यकर्ता तानातान गरेका थिए । अन्ततः अध्यक्ष यादवको पक्षमा बहुमत पुग्यो । ४९९ सदस्यीय केन्द्रीय समितिमा यादवको पक्षमा ३०७ जनाले हस्ताक्षर गरेका थिए । यादव पक्षका २० जना कार्यकारिणी समितिका सदस्य उपस्थित थिए भने अध्यक्ष भट्टराईको पक्षमा बाबुराम भट्टराई, हिसिला यमी, महेन्द्र राय यादव, गंगानारायण श्रेष्ठ, डम्बर खतिवडा, प्रशान्त सिंह र रमेश यादव गरी सात जनामात्र थिए ।

पाँच जना कार्यकारिणी सदस्यहरू हेमराज राई, भक्तबहादुर शाह, रामनरेश राय यादव, दुर्गा सोव, राजकिशोर यादव र अमृता अग्रहरी तटस्थ बसे । उनीहरूले पार्टी विभाजन नहोस्, बरू जसपामै रहेर संघर्ष गरौं भन्दै दुवै पक्षलाई बैठक स्थगित गरी संवादबाट विवाद टुङ्ग्याउन आग्रह गरेका थिए । तर दुवै पक्षले बैठक स्थगित गर्न मानेनन् ।

तटस्थ बसेकामध्ये दुर्गा सोवलाई जसपाले कारवाही गरेको छ । जसपामा तेस्रो धारको रूपमा देखिएका उनीहरूले कुन पक्षमा जाने भनेर अहिलेसम्म निर्णय गरेका छैनन् ।

**महेन्द्र या राजकिशोर अध्यक्ष !**

भट्टराई नयाँ पार्टी गठनको गृहकार्यमा छन् । भट्टराईले पार्टीको अध्यक्ष बन्न अनिच्छा व्यक्त गरेसँगै कसलाई अध्यक्ष बनाउने भन्नेमा अन्योल

बाँकी अन्तिम पृष्ठमा

## पटेलद्वारा जनेउ धारण गरी भए 'संतोषानंदजी महाराज'



काठमाडौं । अखिल भारतीय सन्त समिति नेपाल राष्ट्रिय समितिको राष्ट्रिय अध्यक्षमा हिन्दू परिषद्का अध्यक्ष सन्तोष पटेल चयन भएका छन् । भारतको हरियाणामा अखिल भारतीय सन्त समितिको सम्मेलनबाट पटेलको नाम अनुमोदन भएको उनले बताएका छन् ।

समितिको अध्यक्षमा चयन भएपछि उनले प्रतिक्रिया दिँदै भनेका छन्, 'धर्म रक्षा हेतु आजदेखि अझ जिम्मेवारी थपिएको छ ।' अखिल भारतीय सन्त समितिको सम्मेलनबाट नाम अनुमोदन एवम् गुरूजनबाट नामको नामकरण भई जनेव धारणसहित संतोषानंद जी महाराज कायम भएको छ ।

संतोषानंद जीले भनेका छन्, 'गुरूजनको चरणमा साक्षात दण्डवत प्रणाम गर्दछु । संत समितिका अध्यक्ष परम् पूजनीय अविचल दास जी महाराज, राष्ट्रिय महामंत्री परम् पूजनीय जितेंद्रनन्द सरस्वती महाराज, बिहार प्रान्तको अध्यक्ष परम् पूज्नीय स्वामी आत्मा प्रकाशानंद जी महाराज ज्यू प्रति हार्दिक आभार एवं कृतज्ञता ज्ञापन गर्दछु ।'

गुरूजनबाट प्रमाण-पत्र प्रदान हुदा उक्त अवसरमा हिन्दू परिषद नेपालका केन्द्रीय सदस्य अधिवक्ता बिनोद कुर्मी र हिन्दूवादी अगुवा दिनेश साह तेलीको समेत उपस्थिति रहेको थियो ।

## ३ मुख्यमन्त्री पाउँदा पनि जुरेन नाम

विराटनगर । सात प्रदेश मध्ये ६ प्रदेशले नामको विषय टुंगो लगाइसकेको छ । तर तीन वटा मुख्यमन्त्री पाइसक्दा पनि प्रदेश १ मा भने अझै नामको विषयले सदनमा प्रवेश पाएको छैन । देश संघीयतामा गएर पहिलोपटक प्रदेशसभाको निर्वाचन भएपछि प्रदेश १ सरकार गठन भएसँगै तीनजना मुख्यमन्त्री पाएको प्रदेश १ ले अझै नाम कहिले पाउने हो भन्ने पत्तो छैन । पहिलो पटक एमालेबाट मुख्यमन्त्री बनेका शेरधन राई नेतृत्वको सरकारले २०७६ वैशाख २३ मा राजधानी तोक्यो तर नाममा भने तत्कालीन मुख्यमन्त्री राई छलफलै नगरी बिदा भए । राईपछि पुनः एमालेबाट भीमप्रसाद आचार्य मुख्यमन्त्री बने । मुख्यमन्त्री पदमा आचार्य ६७ दिनसम्म रहे । त्यो अवधिमा नामको विषयमा छलफल हुन सकेन ।

पार्टीभित्रको आन्तरिक किचलोका कारण एमाले टुक्रिएर बनेको पार्टी नेकपा एकीकृत समाजवादीबाट मुख्यमन्त्री बनेका राजेन्द्र राईले प्रदेशको नामकरणको विषय बहसमा ल्याए पनि प्रस्ताव लिएर सदनसम्म पुग्न सकेका छैनन् । तैपनि उनले विभिन्न कार्यक्रममा भने प्रदेश १ को नाम किरात प्रदेश राख्ने बताउँदै आइरहेका छन् । प्रदेशको नामको बिषय टुंगो लगाउन ६ महिनाअघि तत्कालीन सामाजिक विकास मन्त्री जयराम यादवको नेतृत्वमा प्रदेश सरकारले प्रदेशको नामको समन्वय र सहजीकरण समिति बनाएको थियो । तर, सो समितिले एक-दुईवटा छलफल गरे पनि कुनै निश्कर्ष निकाल्न सकेन । गठबन्धनबाट सामाजिक विकास मन्त्री रहेका जयराम अहिले स्वास्थ्य मन्त्री छन्। नामबारे समिति अझै ठोस निश्कर्षमा पुगि नसकेको यादव बताउँछन् । यसबारे आफूले गठबन्धन दल र प्रतिपक्षी एमालेसँग पनि छलफल गरेको उनले बताए । तर, अहिले नै नाम टुंगोमा पुर्‍याउने गरी निश्कर्ष नआएको यादव बताँउछन् ।

कार्यकाल सकिन लाग्दा प्रदेश सभामा रहेका प्रदेश सभा सदस्यहरू पुनः प्रदेशमा सांसद उठ्ने तयारीमा छन् तर उनीहरू चुनावका बेला मतदातासँग के जवाफ लिएर जाने भन्ने समस्यामा छन् । अहिले प्रदेश सभा सदस्यहरूलाई नाम समेत राख्न नसकेको आरोप छ । यही आरोप चिरेर अब निर्वाचनका बेला मतदाता सामु के भनेर जाने? भन्ने समस्यामा प्रदेश सभा सदस्य र दलहरू छन् । यही प्रश्न र समस्याको घेराबन्दीमा परेपछि एमालेले केही दिनअघि पूर्व आन्तरिक मामिला मन्त्री हिक्मत कार्कीको संयोजकत्वमा नामङ्करणका बिषयमा छलफल थाल्न ५ सदस्यीय समिति बनाएको छ । समितिमा पूर्व सामाजिक विकास मन्त्री जीवन घिमिरे, पूर्व सामाजिक विकास मन्त्री उषाकला राई, पूर्व मन्त्री जगदिश कुसियैत र प्रदेश सांसद अर्जुन राई छन् । एमालेभित्र अहिले तीनवटा मत छन् । पहिलो- नामको विषय टुंगो लगाएर एमालेले जस लिने । दोस्रो-आफू सरकारमा नभएका बेला विपक्षीलाई जस नदिने । र तेस्रो- पर्ख र हेरको अवस्थामा रहने ।

पार्टीभित्रै तीनखाले मत रहे पनि नामको विषयमा पहल थाल्ने भनेर एमाले नेता हिक्मत कार्की र जीवन घिमिरेले संसदीय दलको बैठकमा छलफल चलाए । उनीहरूले अहिले नै प्रदेशको नाम नराखे जनतासामु मत माग्न जान नसकिने बैठकमा बताएका थिए । संसदीय दलको बैठकमा कार्की र घिमिरेले नामको विषय टुंगो लगाएर जाने र यसको जस एमालेलाई आउने बताएपछि पार्टीभित्रैबाट समिति बनेको हो । सत्ता पक्ष नेपाली कांग्रेस पनि प्रदेशको नामांकरण गरेर जानुपर्ने पक्षमा छ । नेपाली कांग्रेस संसदीय दलका नेता राजिव कोइरालाले एमालेले ढिलै भए पनि सकारात्मक पहल थालेको बताए । मुख्यमन्त्रीको हिसाबले मुख्यमन्त्री राजेन्द्र राई र उनको पार्टी एकीकृत समाजवादीले प्रदेशको नाम राख्न पहल नगरेको कोइरालाले बताए । नेकपा नेतृत्वमा दुई तिहाई बहुमत हुँदा प्रदेश १ को नाम जातीय पहिचानका आधारमा राख्ने कि भूगोलका आधारमा भन्ने प्रमुख विवाद थियो । यही विवादका कारण तत्कालीन मुख्यमन्त्री शेरधन राईले नामको बिषयलाई प्राथमिकतामा राखेनन् । उनी मुख्यमन्त्री भइञ्जेल एकपटक मात्रै एमाले संसदीय दलको वैठकमा नामको बिषयमा छलफल भयो । एमाले अध्यक्ष तथा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको जातीय पहिचानका आधारमा प्रदेशको नाम राख्न नहुने निर्देशन थियो । तर, शेरधनको भने कुनै-कुनै हिसाबले प्रदेशको नाममा जातीय पहिचान जोड्ने इच्छा थियो ।

नेकपाभित्रका प्रदेश सभा सदस्यहरू दुई ध्रुवमा विभाजित थिए । माओवादीका प्रदेश सभा सदस्यले कुनै पनि हालतमा जातीय पहिचानसहितको नाम राख्नुपर्ने दबाव दिँदै आएका थिए । नेकपाभित्रै सहमति नजुट्दा नामको बिषय अगाडि नबढेको एमाले प्रदेश सांसदहरू बताँउछन् । सुरूको अवस्थामा प्रदेश सभामा जातीय पहिचानका विषयमा पनि विवाद थियो । नेकपाभित्रकै सांसदहरू किरात र लिम्बुवान प्रदेशको पक्ष-विपक्षमा थिए । कोचिला, मधेश, थारूहट राख्नुपर्ने

बाँकी अन्तिम पृष्ठमा

## सम्पादकीय

# भ्रष्ट मुख्यमन्त्री कार्यालय

प्रदेशमा सुशासन कायम गर्ने प्रमुख निकाय भनेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय नै हो। प्रदेशलाई निर्देश र संचालन गर्ने मुख्य दायित्व पनि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयकै हो। तर, मधेश प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय नै भ्रष्टाचारको केन्द्र बन्न पुगेको छ। मधेश प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले स्वच्छता अभियान र कोभिड अस्पताल निर्माण तथा सञ्चालनसहितका विभिन्न योजनाको नाममा आवश्यक खर्च र भ्रष्टाचार भएको खुलेको छ।

प्रदेशका भएको पछिल्लो भ्रष्टाचारको विषयमा मधेशवाणीले गत अंकमा विस्तृत समाचार सम्प्रेषण गरेको छ। महालेखापरीक्षकको कार्यालयलाई उद्धृत गरी मधेशवाणीले समाचार प्रकाशन गरेको हो। महालेखा परीक्षकको मधेश प्रदेशको चौथो वार्षिक प्रतिवेदनअनुसार मुख्यमन्त्री कार्यालयबाट स्वच्छता अभियान कार्यक्रम अन्तर्गत पोखरी सौन्दर्यकरण, जानकी मन्दिरमा मार्बल बिछ्याउने, कोभिड अस्पताल निर्माण तथा सञ्चालन र कर्मचारीहरूमा गरिएको खर्चमा भ्रष्टाचार भएको हो।

यी बाहेक मुख्यमन्त्री कार्यालयबाट कर्मचारीमा अनावश्यक रूपमा ९८ लाख ९४ हजार रकम पारिश्रमिकवापत खर्च गरिएको छ।

महालेखापरीक्षकको कार्यालयले कर्मचारीहरूको कार्य विभाजन र कार्यसम्पादन गरेको पुष्टि हुने कुनै आधार नदेखिएको, कर्मचारीलाई दिएको कामको जिम्मेवारी, कार्यालयमा उपस्थिति, सम्पादन गरेको कामको विवरण उपलब्धी सहितको प्रमाण पेस गरेर खर्चको औचित्य पुष्टि हुनुपर्ने आफ्नो प्रतिवेदनमा उल्लेख गरेको छ।

उपरोक्त घटनाक्रमले मुख्यमन्त्री कार्यालय भ्रष्टाचारको अखडा बनेको प्रमाणित हुन्छ।

> जनताप्रति उत्तरदायी भएको नेतृत्व इमान्दार भएपछि भ्रष्टाचार आफै हराउँछ। बलियो नेतृत्व भएपछि भ्रष्टाचार पनि डराउँछ। जसको हातमा सत्ता हुन्छ, देशको नेतृत्व गरेका हुन्छन् उ राज्यप्रति इमान्दार हुनुपर्छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय भ्रष्टाचारको अखडा मात्रै होइन कार्यकर्ता पाल्ने निकायको रूपमा समेत विकसित भएको छ। जनलोकपाल आयोग, प्रशिक्षण केन्द्र र विश्वविद्यालय लगायत विभिन्न आयोग तथा निकाय अनावश्यक रूपमा गठन गरी त्यसमा आफ्ना कार्यकर्ता भर्ती गरेर राज्यको ढुकुटीको दुरूपयोग भइरहेको छ।

राजनीति पेसा बन्दा त्यसबाट निश्चित पनि अर्थोपार्जनको अपेक्षा गरिन्छ। यस्तो अवस्थामा राजनीतिको अवरणमा भ्रष्टाचारको सम्भावनालाई अस्वीकार गर्न सकिँदैन। रोजगारको अभावमा व्यक्तिले जीवन निर्वाह गर्न अनियमितता र भ्रष्टाचार गर्न सक्छ। यस आधारमा हेर्ने हो भने हाम्रा राजनीतिकर्मीको अवस्था पनि यस्तै छ। अधिकांश राजनीतिकर्मी बेरोजगाार छन् तर उनीहरूको जीवनशैली भव्य छ। यस्तो अवस्थामा त्यस्ताले जनताको विश्वास गुमाउने स्थिति विकसित भइरहेको छ। स्रोत खुलाउन नसकेको सम्पत्तिको हकमा निर्धक्क भएर भन्न सकिन्छ- तिनले अनियमित तरिकाले नै अर्थात् भ्रष्टाचार गरेरै धन आर्जन गरेका हुन् तर तिनमध्ये अधिकांश कारबाहीको घेरामा आउने कुरा त परै जाओस् अनुसन्धानको दायरामा समेत आएका छैनन्।

मधेशलगायत नेपालमा कहीँ पनि भ्रष्टाचारका घट्नामा छानबिन गर्ने र कारबाही गर्ने न कानुनकै अभाव छ न त निकायकै तर यस्ता घट्नाको न छानबिन नै हुने गरेको छ न त कुनै कारबाही नै। केही घट्नामा छानबिन नै नभएको भने होइनन् तर ती अपवाद मात्र हुन्। भ्रष्टाचार नियन्त्रण कुनै एक व्यक्ति वा निकायको प्रयासबाट मात्र सम्भव छैन। भ्रष्टाचार नियन्त्रणका लागि राष्ट्रिय अभियान नै थाल्नु आवश्यक भइसकेको छ।

जनताप्रति उत्तरदायी भएको नेतृत्व इमान्दार भएपछि भ्रष्टाचार आफै हराउँछ। बलियो नेतृत्व भएपछि भ्रष्टाचार पनि डराउँछ। जसको हातमा सत्ता हुन्छ, देशको नेतृत्व गरेका हुन्छन् उ राज्यप्रति इमान्दार हुनुपर्छ। नेता इमान्दार भएपछि सबै कुरा ठिक हुन्छ, नेता बेइमान भएपछि सबै कुरा बिग्रिन्छ। त्यसको पछिल्लो उदाहारण भारतलाई लिन सकिन्छ। सन् २०१४ मा नरेन्द्र मोदी नेतृत्वको सरकार आउनुअघि भारतमा भ्रष्टाचारको अवस्था कस्तो थियो अहिले कस्तो भएको छ, त्यसैबाट अनुमान लगाउन सकिन्छ कि नेतृत्व इमान्दार र बलियो भएपछि भ्रष्टाचारलाई रोक्न सकिन्छ। भारतमा पहिला भ्रष्टाचारका कुरा कति सुनिन्थ्यो। फलानो घोटाला त फलानो घोटाला तर अहिले त्यसमा निकै कमी आएका छन्। यी सब बलियो र इमान्दार नेतृत्वका कारणले मात्र भएको हो। मधेशमा पनि त्यसैको आवश्यकता छ। नेतृत्व आफै स्वच्छ र निःस्वार्थी भएपछि अरू आफै ठिक हुन्छ, जुनकुरा मधेशमा देखिएको छैन।

# राजनीतिको फोहोर व्यवस्थापन कहिले हुने ?

**विचार - विश्लेषण** भाग-१४३



उपेन्द्र झा

> देशको अहिलेको राजनीतिक अवस्था हेरर आजीवन लोकतन्त्रको माला जप्ने पुजारीहरूको आस्थाको धरातल डगमगाएको अवस्था छ। के यही लोकतन्त्रको लागि हामीले जीवन अर्पण गरेको हो ? देश र जनताका लागि लोकतन्त्र होइन भने यस्तो लोकतन्त्रमा हामी बस्दैनौं भन्ने लोकतन्त्रका पुजारीहरू भन्न थालेका छन्। देशको यस्तो परिस्थितिमा पार्टीहरू सच्चिने साहस देखाउन सक्दछ ?

देशको समुन्नत विकास गर्ने राजनीतिको ध्येय हुन्छ। देश र जनताको समृद्धि उसको अहम् जिम्मेवारी हुन्छ। यी लक्ष्यहरू पूरा गर्न राजनीतिले अभ्यासमार्फत एकसे एक कुशल राजनीतिज्ञ पैदा गरेको हुन्छ। विश्व राजनीतिमा एकसे एक कुशल राजनेता देखा परे जसले आफ्नो देशलाई समृद्ध बनाएर विश्व राजनीतिलाई पनि नेतृत्व प्रदान गरे। देश र जनताको समृद्धि जस्ता महान लक्ष्य पूरा गर्न साहसिला, आँटिला, जोश जाँगर भएका परोपकारी र दृढ संकल्पित व्यक्तित्व हुनु पर्दछ अनि मात्र यी पावन कार्य सम्पन्न हुन सक्दछ।

नेपालको राजनीतिले शुरूदेखि नै पूर्ण भूगोललाई समेट्न सकेन। राजनीति एउटा वर्ग, क्षेत्रमा सीमित रहेकोले नै राणाकालीन शासन प्रणालीलाई जहानियाँ शासन प्रणाली भनिएको हो। नेपालको राजनीतिलाई १०४ वर्षसम्म राणाहरूले राजतन्त्रलाई निस्तेज पारि आफ्नै वर्गका लागि उपभोग गरेको आश्चर्यचकित पार्ने उदाहरण हुन्। नेपाली जनतामा राजनीति चेतनाको कति अभाव थियो कि राणाहरूको क्रूर शासनलाई १०४ वर्षसम्म झेल्यो।

शाहवंशको हातमा राज्यसत्ता आएपछि राजनीतिले कार्यक्षेत्रको दायरा अलि फराकिलो बनाएपनि आखिर यो वर्गीय घेराभन्दा बाहिर जान सकेन। शाहवंशीय लोकप्रियता ३० वर्ष मै धाराशायी भयो। छिमेकी मुलुक भारतमा भएको परिवर्तनबाट प्रभावित नेपाली जनताले राणा शासनलाई फाले। शाहवंशले जनतामा राजनीतिक चेतनाको बढ्दो प्रभावलाई नजर अन्दाज गरि वर्गीय प्रभावमा सीमित रहेका कारण ३० वर्ष मै शासन ढल्यो।

राणाका जहानियाँ शासन, शाहवंशीय शासनले भूगोललाई समेट्न सकेन भनेर जनपक्षीय लोकतन्त्र स्थापना हेतु ठूलो आन्दोलन भयो र लोकतान्त्रिक पद्धतिको स्थापना भयो। अहिले संघीय लोकतान्त्रिक गणतन्त्रको पद्धति नेपाली राजनीतिको मूल उद्देश्य बनेको छ। लोकतन्त्र पुनरस्थापनाको ३२ वर्ष भयो, देश जहाँको त्यहीं छ। जनसंख्या बृद्धिको अनुपातमा देशको उत्पादकत्व गतिशील हुन सकेन। देश ऋणी बन्दै गयो। जनपक्षीय प्रणालीले पनि जनताको अपेक्षा पूरा गर्न सकेन। यो ठूलो चिन्ताको विषय हो।

वर्गमा सीमित रह्ने राजनीतिक परम्परा जन उत्तरदायी सरकारमा पनि देखियो। लोकतान्त्रिक पद्धतिमा पनि राजनीतिले भूगोललाई समेट्न सकेन। वर्गीय घेरालाई राजनीतिले यहाँ पनि तोड्न सकेन। नेपाली काँग्रेसको सरकारमा काँग्रेस, एमालेको सरकारमा एमाले र माओवादीको सरकारमा माओवादी बनेर पार्टीको हितमा काम गर्ने राजनीतिको चरित्र देखियो। पार्टीभन्दा माथि उठेर यिनले भूगोललाई समेट्ने काम गरेन।

देश र जनतालाई पूर्ववर्ती शासन पद्धतिले केही गर्न सकेन भनेर लोकतान्त्रिक विधीको शासन संसारमा लोकप्रिय बनेका छन्। यसबाट नै देश र जनताको कल्याण हुने दावा गर्ने पार्टीवालहरूले ३२ वर्षको गतिहीनताबारे केही जवाफ दिन चाहँदैन। राज्यसत्ता प्राप्त गर्ने बेलाको जनताप्रतिको प्रतिबद्धता सत्तासीन भएपछि याद नरह्ने यो कस्तो बिडम्बना हो।

नेपाल गरिब मुलुक भएकोले यहाँ धन कमाउने अवसर पनि छैन। धन कमाउन राजनीति सरल बाटो भएकोले अधिकाँश यसमा समेटिएका छन्। कोही मूल राजनीतिलाई नेतृत्व गर्ने, कोही उसका मित्र, चाकडीवाज,गुलाम बनेर धनार्जन गर्ने उद्देश्यले देशभरि संगठित भएर बसेका छन्। धनकुवेर बन्ने लालचमा नेतृत्व गर्ने मूल व्यक्तिलाई लोभको पासोमा बाँधेर पाकेटमा राख्ने ठूला ठूला माफियाहरू यही अभ्यासमा जन्मेका हुन्। पार्टी चलाउन, राजनीतिमा शीर्षस्थान हासिल गर्न धन कै आवश्यकता रहेकोले दुबैको स्वार्थ मिलेर भविष्यका लागि अमिट सम्बन्ध बनेको हुन्छ। सम्बन्धको यस घेरामा बसि रह्ने बाध्यात्मक परिस्थिति सिर्जना भएका कारण राजनेताहरू यस सुखद बन्धनलाई चुँडालेर बाहिर आउन चाहँदैन।

छल, कपट, जाल, फरेव, धोखा जस्ता कलयुगी गुणको माध्यमबाट देवत्व प्राप्त गर्ने राजनेताहरूको मनसाय प्रायः एक समान छ। आफू गलत नरहेको, अनैतिक नरहेको, क्षमतावान नरहेको आदि देखाउने, आफूले गरेको गल्तीलाई अरूमाथि दोषारोपण गर्ने, यस्ता यस्ता प्रवृतिबाट लैस राजनेताहरू यो देशका भाग्य निर्माता हुन्। यिनमा अलिकति पनि आत्मालोचना गर्ने क्षमता छैन। देशमा व्याप्त आर्थिक विकटताप्रति किञ्चित परवाह छैन।

राजनीति नकारात्मक दिशा अख्तियार गरेकाले कुनै क्षेत्रले सकारात्मक परिणाम देखाई रहको छैन। कसैमा पनि आफ्नो पदीय जिम्मेवारीबोध छैन। अथवा भनूँ ऊ कर्त्तव्य पूरा गर्न चाहँदैन। व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका आफ्नो कार्यसम्पादन कार्यमा सफल देखिदैन। जनताको चाहना पूरा गर्ने कसैको इच्छा देखिदैन। न्यायाधीशहरूको अनैतिक व्यवहारले सिङ्गो न्यायक्षेत्रको विश्वास संकटमा गएको छ। उच्च अदालतबाट जीत हासिल गर्ने भनेर धनलोभमा जित्ने मुद्दा पनि जिल्ला अदालतमा हराई दिने न्यायाधीशको पैसा कमाउने एकोहोरो नियतले अदालत कसरी न्याय गर्न सक्दछ। माथिदेखि तलसम्म सबैले जनतानलाई लुट्ने संयन्त्रको निर्माण गरेका छन्।

जनता अवसरविहीन, राज्यसुविधाविहीन, कर र महँगीको मारमा पिल्सिएको, अराजक राज्य व्यवस्थामा बस्नु परेको, आर्थिक, राजनीतिक, सामाजिक, न्यायायिक अराजकतामा भोग्नु पर्ने उत्पीडन जनताको सरकारलाई अनुभूत भई रहेको छैन। देशको प्रगति नै जनताको प्रगति हो। देशको प्रगतिप्रति कुनै चर्चा नसुनिनु र मंसीर वा फाल्गुनमा हुने चुनावको अहिलेदेखि हल्ला फिंजाउनु कस्तो मानसिकता हो ? अहिले खेती समयमा मलखादको आपूर्ति गराउन असक्षम रहेको सरकार चुनावको अर्बौं खर्चको जोहो गर्ने चिन्ता छ।

राजनीति फोहोरी खेल होइन। यसले सामाजिक रूपान्तरणमा अहम् भूमिका खेल्दछ। स्वच्छ आचरणवालाको नेतृत्वमा यो जनप्रिय हुन्छ। तस्कर, माफियाको नेतृत्वमा यो जनविरोधी हुन्छ। देशको अहिलेको राजनीतिक अवस्था हेरेर आजीवन लोकतन्त्रको माला जप्ने पुजारीहरूको आस्थाको धरातल डगमगाएको अवस्था छ। के यही लोकतन्त्रको लागि हामीले जीवन अर्पण गरेको हो ? देश र जनताका लागि लोकतन्त्र होइन भने यस्तो लोकतन्त्रमा हामी बस्दैनौं भन्ने लोकतन्त्रका पुजारीहरू भन्न थालेका छन्। देशको यस्तो परिस्थितिमा पार्टीहरू सच्चिने साहस देखाउन सक्दछ ? देशको दुर्दशाप्रति गम्भीर र ईमानदार बन्न सक्दछ ? के देश बनाउने अठोट लिन सक्छ ?

janukjha24@gmail.com

# मधेश प्रदेशको पूर्वपश्चिम लोकमार्गमा सीसीटीभीबाट निगरानी



जनकपुरधाम। पूर्वपश्चिम लोकमार्गका साथै बीपी लोकमार्गमा सीसीटीभीबाट निगरानी गर्न थालिएको छ।

पथलैयास्थित मधेश प्रदेश ट्राफिक कार्यालयले सडकमा गुड्ने सवारी साधनलाई सीसीटिभीमार्फत निगरानी गर्न थालिएको हो। पूर्व-पश्चिम र लोकमार्गमा गुड्ने सवारी साधनको तीव्रतामा निगरानी गर्न सीसीटिभी प्रयोगमा ल्याइएको उक्त कार्यालयका प्रमुख एवं प्रहरी उपरीक्षक नान्तीराज गुरूङले जानकारी दिए। उनका अनुसार सडकमा तीव्र गतिमा गुडेको सवारी साधनलाई निगरानी गर्न समस्या देखिएपछि सीसीटीभीको फुटेज प्रयोग गरी कारबाही सुरू गरिएको हो।

मधेश प्रदेशको पाँच स्थानमा सीसीटीभी जडान गरिएको र सवारी साधनको गति सोहीअनुसार मापन गरिएको प्रहरी उपरीक्षक गुरूङले बताए। सवारी दुर्घटना न्यूनीकरण अभियानअन्तर्गत उक्त कार्यालय जिल्ला ट्राफिक प्रहरी कार्यालयको बारा, महोत्तरी, सिरहा र सप्तरीमा गरी पाँच स्थानमा सीसीटीभी विथ रडारगनसमेत जडान गरिएको छ। सीसीटीभीको जडानले दुर्घटना गरेर भाग्ने सवारी साधनको पहिचान खुल्न सजिलो हुनाका साथै तीव्र गतिमा सञ्चालित सवारी साधनलाई कारबाहीको दायरामा ल्याउन सहज भएको सप्तरी जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी निरीक्षक कमलजङ्ग थापाले बताए।

प्रायः जङ्गल क्षेत्रमा पर्ने हाइवे सडकखण्डमा सवारी साधनले दुर्घटना गरी भाग्नेलाई कारबाही गर्न र कुनै समस्यामा पर्नेलाई सिसीटिभीमार्फत निगरानी गर्न सजिलो भएको बारा जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी निरीक्षक सुदर्शन थापाले जानकारी दिए। चालु आर्थिक वर्षको फागुनदेखि सवारी तथा यातायात व्यवस्था नियमावली २०५४ को परिच्छेद-३ को नियम १८ उपनियम ५ मा व्यवस्था भएभन्दा बढी गतिका सवारी साधनलाई सवारी तथा यातायात व्यवस्था ऐन २०४९ बमोजिम कारबाही सुरू गरिएको र सीसीटीभीको फुटेजमार्फत त्यस्ता सवारी साधनलाई कारबाही गर्न झन सहज भएको सिरहा जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी निरीक्षक टुकेन्द्र श्रेष्ठले बताए।

राडारगन र सीसीटीभीको माध्यमले बढी गतिका सञ्चालित यात्रुबाहक सवारी साधन, मोटरसाइकल र मालबाहक सवारी साधनलाई कारबाही गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय महोत्तरीका प्रमुख प्रहरी निरीक्षक उदयसिंह सिजापतिले उल्लेख गर्नुभयो। उनका अनुसार तीव्र गतिले सडकमा गुडेको सवारी साधनलाई सीसीटीभी फुटेजमार्फत कारबाही गर्न सहज हुनाका साथै राजस्व पनि वृद्धि भएको छ।

# नागरिकताका नाममा सिक्किमीकरणको हौवा फैलाइएको छ

सिक्किमीकरण भनेको भारतका मानिसहरू सिक्किममा बसेर भारतमा मिसाएको होइन। सिक्किमका आदिवासी रैथानेहरूले संसदबाट निर्णय गरेर भारतमा बिलय गराएका हुन्। त्यसकारणले सिक्किमीकरण भनेर हौवा फैलाइएको छ। त्यसकारणले भावनात्मक कुरा गरेर केही चुतर मान्छेहरूले आमनागरिकमा आक्रोश फैलाइदिने काम गरेका छन्। त्यस्तो सिक्किमीकरणको कुनै सम्भावना छैन।



## सुरेन्द्र महतो
**वरिष्ठ अधिवक्ता**
**सर्वोच्च अदालत**

**० प्रतिनिधिसभामा प्रस्तुत नागरिकता संशोधन विधेयकलाई कसरी हेर्नुभएको छ ?**

– सरकारले नेपाल नागरिकता ऐन, २०६३ लाई पहिलो संशोधन गर्न प्रस्तुत गरेको विधेयक संविधानको भावनानुकूल छ। संविधानमा अहिले जन्मसिद्ध नागरिकता प्राप्तिको व्यवस्था खारेजी गरिएको छ। नेपालमा जन्मेकै कारणले अब कुनै व्यक्ति नागरिकता प्राप्त गर्ने दाबी गर्न सक्दैन। त्यो कुरालाई ऐनमा अंगीकार गरेको अवस्था छ। अहिलेको विधेयकमा नयाँ कुरा केही छैन। नेपालको संविधान २०७२ मा भएका संवैधानिक व्यवस्थाहरूलाई नै कानूनमा लिपिबद्ध गर्ने काम मात्र भएको छ।

**० केपी शर्मा ओली नेतृत्वको सरकारले २०७५ सालमा दर्ता गराएको नागरिकता ऐनलाई फिर्ता लिएर यो सरकारले नयाँ विधेयक ल्यायो। यी दुवैमा के-कति भिन्नता छ ?**

– २०७५ सालको नागरिकता विधेयक र अहिलेकोमा तात्विक भिन्नता छैन। कुनै खासै भिन्नता छैन। सामान्य भिन्नताको रूपमा हेर्ने हो भने २०७५ को ऐनमा विदेशी महिला नेपालमा विवाह गरेर आएपछि त्यो देशको नागरिकता परित्याग गरेको निस्सा पेस गर्नुपर्ने थियो। त्यसले अलिकति अप्ठ्यारो पारेको थियो।

**० भनेपछि नयाँ विधेयक किन ल्याउनुपऱ्यो त ?**

– २०७५ सालमा विधेयक दर्ता भएपछि त्यो धेरै गिजोलियो। त्यो विवादितरूपमा गिजोलिसकेको विधेयक थियो। त्यसकारण सरकारले ताजा विधेयक ल्यायो। यो विधेयक पूर्ण सदनमै प्रस्तुत गरेको अवस्था छ।

**० यो नागरिकता विधेयकले नागरिकता समस्या समाधान हुन्छ ?**

– समस्या समाधान हुनुपर्छ भन्ने हामी अनुमान गरौं। सबै समस्याको समाधान एकै चोटि हुने कुरा त आउँदैन। अहिले देखिएका समस्याको मोटामोटी समाधान हुने देखिन्छ। जुन कुराहरूलाई नेपालको संविधानले नै सम्बोधन गरेको छैन, ती कुराहरू ऐनमा आउने विषय हुँदैन। तर संविधानले सम्बोधन गरेका सम्पूर्ण कुराहरू जुन कानूनमा छैन भन्ने नाममा जिल्ला प्रशासनका हाकिमहरूले मान्छेलाई दुःख दिने काम गरेका थिए, त्यसको अन्त्य हुन्छ। संविधानलाई लागू गराउने पक्षमा यो विधेयक छ।

**० संसदबाट पारित भएको वा सरकारको निर्णयहरूलाई सर्वोच्च अदालतले रोक लगाउने गरेको नजिरहरू छन्, यदि यो विधेयक पारित भयो भने अदालतले रोक लगाउने अवस्था छ ?**

– बेला-बेलामा त्यो कुरो देखिन्छ। यसअघि पनि जन्मसिद्ध नागरिकका सन्तानले वंशजको आधारमा नागरिकता प्राप्त गर्ने विधेयक ओली सरकारले ल्याएको थियो, त्यसलाई सर्वोच्च अदालतले 'स्टे अर्डर' गरेर रोकिदियो। जबकि त्यो संविधानमा प्रष्ट व्यवस्था छ। संविधानकै कुरालाई कपी पेस्ट गरेर ल्याएको सर्वोच्चले रोक लगाइदियो। त्यसैले सर्वोच्चले के गर्छ त्यो हेर्दै जाऔं, त्यो पछिको कुरा हो। तर, मेरो अध्ययनानुसार सर्वोच्चले यसमा हस्तक्षेप गर्नुपर्ने कुनै आधारहरू छैनन्।

**० यो विधेयकमा सत्तारूढ र प्रतिपक्षीलगायत दलका सांसदहरूले संशोधन प्रस्ताव हालेको छ, सजिलै पारित हुन्छ त ?**

– सरकारले पारित गराउँछु भनेरै यो विधेयक प्रस्तुत गरेको हो। सरकारले पारित नगराउने नियत भएको भए उसले नयाँ विधेयक प्रस्तुत गर्नुपर्ने आवश्यकता नै पर्दैनथ्यो। जहाँसम्म संशोधन प्रस्तावको कुरा छ, त्यो स्वाभाविक हो। सरकारले विधेयक प्रस्तुत गरेपछि पार्टीहरूको पनि त्यो अधिकार हुन्छ। तर, सरकार र त्यसभित्रका दलहरूले पारित गराउने प्रतिबद्धता गरेपछि ती दलहरूले ह्वीप जारी गरेपछि त्यसको अवलम्बन गर्नुपर्ने हुन्छ। यो विधेयकमा संविधान प्रतिकूल कुनै कुरा छैन। संविधानकै प्रावधानलाई ऐनमा व्यवस्थित गरेको हुनाले यो विधेयक पारित हुन्छ। यदि सरकारको नियत सफा छ भने निर्वाचनको मिति तोक्नु अगावै यो विधेयक पारित गराउनुपर्छ।

**० प्रतिपक्षी एमालेका सांसदहरूले विदेशी महिला नेपालमा बिहे गरेर आइसकेपछि उसले नागरिकता प्राप्त गर्न सात वर्ष कुर्नुपर्ने अडान राखेका छन्, यसलाई कसरी हेर्नुहुन्छ ?**

– विदेशी महिला नेपाली पुरूषसँग विवाह गरेर नेपालमा आएपछि नेपालको नागरिकता प्राप्त गर्न सात वर्षसम्म कुर्नुपर्ने विषय नै सबभन्दा बढी गिजोलिएको हो। त्यो विवादबाट यो सरकार अलग हुन चाह्यो। सामाजिक मूल्य र मान्यताअनुसार जे चलिआएको छ, त्यसलाई निरन्तरता प्रदान गर्ने गरी यो विधेयक ल्याएको हो। सात वर्ष कुर्नुपर्ने जुन कुरा हो त्यो सामाजिक मूल्यमान्यताको विपरीत छ। किनभने विश्वभरि नै नारी र पुरूषको विवाह भएपछि नारी आफ्नो घर त्याग गरेर सदाका लागि श्रीमानको घरमा जान्छिन्। उनको कुल, गोत्र, पारिवारिक संस्कार र सम्पूर्ण कुरो परिवर्तित भएर श्रीमानको संस्कृतिमा हराएर जान्छ। महिलाको डोली उठ्छ माइतीको घरबाट र अन्तिम यात्रा श्रीमानको घरबाट उठ्छ। यो विषयभरिको सामाजिक मूल्यमान्यता हो।

**० तर कतिपयले एक हातले सिन्दूर र अर्को हातले नागरिकता दिने भन्ने खालका व्यंग्य गरेका छन् नि ?**

– यो वास्तविकता हो। सिन्दूर हाल्ना साथै नागरिकता प्रदान हुन्छ नै।

**० यो कुरा मधेशमा मात्रै लागू हुन्छ त ?**

– यो लागू त नेपालभरि नै हुन्छ। तर मधेशका मान्छेहरूको भारतमा अलि बढी विहेबारी हुने गरेको छ। मधेशका जिल्लाहरूसँग जोडिएका भारतको सीमा अथवा राज्य मात्रै फरक छ। सामाजिक मूल्यमान्यता, संस्कार, रहनसहन, धर्म, संस्कृति एउटै छ नि। त्यसकारणले नेपाल र भारत बन्नुभन्दा अगाडिदेखि नै उनीहरूको बीचमा वैवाहिक सम्बन्ध कायम भइआएको छ। केही पहाडी मूलका मान्छेहरूमा संकीर्णता नभएको होइन। मधेशीहरूलाई अलि फरक दर्जामा राख्न सकियो भने पहाडी राष्ट्रवादलाई बढावा दिई राख्न सकिन्छ भन्ने मानसिकता छ। अहिले हेर्दा सीमा वारीपारी विवाहको मात्रा घटिरहेको छ। नेपाली चेलीहरू पनि त भारत वा अन्य देशमा विवाह गरेर जान्छन्।

**० अंगीकृतहरूलाई राजनीतिक अधिकारबाट पूर्णरूपमा वञ्चित गरिनुपर्ने कुराहरू पनि आइरहेको छ नि ?**

– अहिले त नेपालको संविधानले नै संवैधानिक प्रमुखहरू जस्तै, राष्ट्रपति, प्रधानमन्त्री, सभामुख, प्रधानन्यायाधीश, प्रधानसेनापति, उपराष्ट्रपति, उपसभामुख, मुख्यमन्त्री, प्रदेशसभाका सभामुख इत्यादि पदहरूमा अंगीकृत नागरिकहरूलाई रोक लगाएकै छ नि। तर, पूर्णरूपमा राजनीतिक अधिकारबाट वञ्चित गराउनु भनेको नागरिकता प्रमाणपत्र अर्थात् कागजको खोस्टो दिएर पशु बनाउनु हो। किनभने जो मानिससँग नागरिकता प्रमाणपत्र छैन भने उ पशुतुल्य हुन्छ। पशु र मानिसमा फरक के छ भने मानिससँग राजनीतिक अधिकार छ। त्यो अधिकार कटौती गर्ने हो भने पशुमा रूपान्तरण गर्ने हो नि।

**० तर, अंगीकृतलाई राजनीतिक अधिकार दियो भने रैथानेहरूको अधिकार खोसिन्छ भन्ने खालका कुराहरू आउँछन् ?**

– अंगीकृतलाई राजनीतिक अधिकार दिइयो भने रैथानेको अधिकार कसरी खोसिन्छ ? उ यहाँका नागरिक भइसकेपछि उसको जिम्मेवारी, दायित्व हुन्छ। जब मुख्य-मुख्य ठाउँमा जान सक्दैन भने अरू ठाउँ भनेको सहयोगी भूमिकामा हुन्छन्। त्यसकारणले शंका गरिहाल्नु पर्दैन। अहिलेसम्म नेपालमा अंगीकृत नागरिकताको कारणले यहाँ के चाहिँ अचाक्ली भएको छ र ?

**० तर नेपाल सिक्किमीकरण हुन्छ भन्ने तर्क कतिपयले गर्छन् नि ?**

– सिक्किमीकरण भनेको अर्को देशलाई आफ्नो देशमा मिलाउनु हो। सिक्किमीकरण भनेको भारतका मानिसहरू सिक्किममा बसेर भारतमा मिसाएको होइन। सिक्किमका आदिवासी रैथानेहरूले संसदबाट निर्णय गरेर भारतमा बिलय गराएका हुन्। त्यसकारणले सिक्किमीकरण भनेर हौवा फैलाइएको छ। त्यसकारणले भावनात्मक कुरा गरेर केही चुतर मान्छेहरूले आमनागरिकमा आक्रोश फैलाइदिने काम गरेका छन्। त्यस्तो सिक्किमीकरणको कुनै सम्भावना छैन।

**० सिक्किमका नवआगन्तुक वा अंगीकृतले सिक्किमलाई भारतमा मिसाएको होइन ?**

– निश्चितरूपमा सिक्किम भारतमा विलयको निर्णय नवआगन्तुकहरूले गरेकै होइन। त्यहाँका रैथाने आदिवासी जनताले नै भारतमा विलय हुने निर्णय गरेका हुन्। यसमा कुनै विवाद छैन, यो स्थापित तथ्य कुरा हो। नेपालको सन्दर्भमा हेर्ने हो भने यहाँका मधेशीहरू आदिवासी मूल निवासी हुन्। बरू अरू-अरू विदेशबाट आएका छन्। सुगौली सन्धीपछि त विभाजित भयो मधेश। मधेशका केही भूभाग हिन्दूस्तानमा गए। तात्कालिक शासकहरूले नै सुगौली सन्धिपश्चात् मधेशका केही भूभाग छोडिदिए। पहाडका पनि केही भाग हिन्दूस्तानलाई जिम्मा लगाइदिए। त्यसकारण मधेशीहरू यहाँको मूल निवासी हुन्, धर्तीपुत्र हुन्। केही व्यक्तिहरू जसको स्वयम् पुर्खाहरू विदेशबाट आएका छन्, उनीहरू यहाँका मूल निवासीमाथि आक्रमण गरेर आफू जोगिन खोजेका हुन्।

# बाबुराममा विचलनसम्बन्धी रोग छ, स्थिरता छैन

बाबुराममा स्थिरता देखिएन। माओवादी पनि परित्याग गर्नुभयो। नयाँ शक्ति खोल्नुभयो। जनता समाजवादी पार्टीमा आउनुभयो। यहाँ पनि बाधा उत्पन्न गर्न थाल्नुभयो। कि त उहाँका नजिक रहेका साथीहरूले जहिले पनि विचलित गरिरहेको हुनुपर्छ। त्यही विचलनको कारण होला, उहाँ छुट्टिएर जानुभयो।



## मनिष सुमन
**केन्द्रीय कार्यकारिणी सदस्य**
**जनता समाजवादी पार्टी नेपाल**

**० जसपा नेपाल विभाजित भएकै होइन ?**

– होइन, यसलाई विभाजन भन्न मिल्दैन। दुई/चार जना व्यक्तिहरू पार्टी छाडेर जाँदै हुनुहुन्छ। बहिर्गमनमा पर्नुभएको छ। पार्टीबाट केही साथी बाहिरिनुलाई फुट वा विभाजन भनिँदैन। विभाजनको परिभाषा मैले पढेँसम्म केही प्रतिशत साथी लिएर गएका, केही सम्पति लिएर अलग भएकालाई मात्र विभाजन भन्न सकिन्छ। तर, उहाँहरूले कुनै कार्यकर्ता लिएर जानुभएको छैन। त्यसैले यसलाई हामीले केही साथीहरूको बहिगर्मन भनेका छौं। विभाजन होइन यो।

**० तर, डा. बाबुराम भट्टराई पक्षीय नेताहरूले यसलाई विभाजन नै भन्दै आएका छन् नि ?**

– त्यो त उहाँहरूको स्वतन्त्रता हो। उहाँहरूले आफ्नो वाक स्वतन्त्रताको अधिकार प्रयोग गर्नुभएको छ। उहाँहरूको नजरमा यो विभाजन होला। आरोप लगाउने पहिलादेखिकै चलन छ। बीचमा बाबुरामजी र उपेन्द्रजी एकदमै सौहाद्रपूर्ण तरिकाले भेट भएको थियो। मलाई लाग्दथ्यो यो नेपालको सबैभन्दा सुन्दर अल्याइ हुनेछ। अलग हुने साथीले सहमतिकै आधारमा अलग हुँदैछन्। सहमतिमै अलग हुने कुरो भए पनि पछि उहाँले उपेन्द्र यादवमाथि आरोप प्रत्यारोप लगाउन थाल्नुभयो। आरोप लगाउनेहरूलाई वाक स्वतन्त्रता छ।

**० वीरगञ्जमा भएको केन्द्रीय कार्यकारिणी समितिको बैठकमा आफूहरूलाई नबोलाइएको भट्टराई पक्षको आरोप छ नि ?**

– उहाँहरूले अलग हुने गतिविधि सुरू गरिसक्नुभएको थियो। खासगरी उहाँहरूले देशभरिका केन्द्रीय सदस्यहरूसँग हस्ताक्षर गराउन थाल्नुभयो। त्यो हस्ताक्षरको उद्देश्य के थियो, त्यो हस्ताक्षर गर्ने साथीलाई पनि थाहा थिएन। तर, एउटा कागजमा हस्ताक्षर गराउँदै डिँड्नुभएको थियो। त्यसकारण उनीहरूलाई बोलाउने अनिवार्यता देखिएन। खासगरी असार ११ र १३ गते दुई दिन बैठक भएको थियो। ११ गते सबैलाई जानकारी गराइएको थियो। धेरै साथीले व्यस्तता देखाएर आउनुभएन। रामसहाय यादवले सबैलाई फोन गर्नुभएको थियो। तर, उहाँहरू आउनु भएन। त्यसपछि १३ गते नआउने साथीलाई किन बोलाइरहने भनेर हामीले नबोलाएकै हो। यसरी छुट्टिने निधो गरिसकेकालाई बोलाउने अनिवार्य नै देखिँदैन।

**० भट्टराई र यादवबीच तिक्तता किन बढ्यो ?**

– बाबुराम भट्टराई नेपालकै राजनीतिमा सबैभन्दा विद्वान मानिस हुनुहुन्छ। एकदमै विद्वान हुनुहुन्छ। हामीले केही दिन संगत गर्न पायौं। हामी त गौवान्वित महसुस गऱ्यौं। तर, पछि हेर्दै जाँदा उहाँमा विचलनसम्बन्धी रोग रहेछ। स्थिरता देखिएन। माओवादी पनि परित्याग गर्नुभयो। नयाँ शक्ति खोल्नुभयो। जनता समाजवादी पार्टीमा आउनुभयो। यहाँ पनि बाधा उत्पन्न गर्न थाल्नुभयो। कि त उहाँका नजिक रहेका साथीहरूले जहिले पनि विचलित गरिरहेको हुनुपर्छ। त्यही विचलनको कारण होला, उहाँ छुट्टिएर जानुभयो। उहाँ विद्वान मान्छे, नेपालको राजनीतिमा केही गर्न सक्ने मान्छे, एउटा सोच र आधार भएको मान्छेसँग छुट्टिनु पर्दा आम जनतालाई त दुःख नै भएको छ।

**० तपाईंहरूले वैकल्पिक शक्ति निर्माण गर्ने भन्दै आउनुभएको थियो। तर, पटक-पटक टुटफुटको क्रम चलि नै रहेको छ नि ?**

– उपेन्द्रजीको पक्षबाट कुनै तिक्तता भएको छैन। सबैलाई काम गर्ने वातावरण थियो। तपाईंहरूलाई पार्टीमा अवसर आउँदा लिने, फलानो साथीलाई प्रदेश प्रमुख बनाउनुपऱ्यो, फलानोलाई राजदूत बनाउनुपऱ्यो भन्दा अवसर पनि दिइएकै हो। अर्को कुरा पार्टीमा निर्णयबिना केही हुँदैन। सानोभन्दा सानो निर्णय पनि वृहत् छलफल पछि हुने गरेको छ। निर्णय प्रक्रियामा सबै साथी सहभागी नै हुनुहुन्थ्यो। जहाँसम्म बाबुरामजीसँगको तिक्तताको कुरा छ, उहाँ पार्टीमा आउँदा तत् क्षण नेतृत्व समावेशी हुनुपऱ्यो भन्नुभएको थियो। आजको उहाँको ठाउँमा एक जना जनजाति आदिवासी नेता अशोक राई संघीय परिषद् अध्यक्ष हुनुहुन्छ। सबैको नीति विचार वैकल्पिक शक्तिकै थियो। अब उहाँको के चित्त दुखाइ भयो, त्यो उहाँले नै भन्नुहुन्छ।

**० महेन्द्रराय यादव पनि उतै लाग्नुभयो नि ?**

– महेन्द्रजी बुझि नसक्नु मान्छे हो। महेन्द्रजी कहीँ स्थिर रहन सक्दैनन्। ६ जना अध्यक्ष रहेको राजपा थियो। पछि जसपा भयो। राजपा बन्न नदिनुमा सबभन्दा ठूलो हात महेन्द्रजीकै थियो। कुनै कुरामा पनि सहमति नहुने। उहाँले आफ्नो विचार नबनाउने अनि अरूले विचार राख्दा सहमत नहुने मान्छे हुनुहुन्छ। उहाँमा पनि विचलन छ। महेन्द्रजी पहिलादेखि नै हामीसँगै हुनुहुन्थ्यो। उहाँले मन्त्री माग्नुभएको थियो। मन्त्री पनि बनाइयो। अवसर पनि दिइयो। तर, उहाँ किन दुःख मनाउ गरेर बस्नुभएको थियो। त्यो, बुझिनसक्नु छ।

**० मन्त्रीबाट फिर्ता बोलाइएपछि रूष्ट बनेका हुन् कि ?**

– मन्त्री परिवर्तनको निर्णय पार्टीको एक जनाले गरेको पनि होइन। समितिले निर्णय गरेको हो। अनि संघीय मन्त्री बनेको ६ महिनापछि पदमुक्त गर्ने भएर सहमति नै भएको थियो। ६ महिनाको ठाउँमा नौ महिना भयो। अरूले पार्टीको निर्णय भनेर सहयोग गरेका थिए। तर, महेन्द्रजीको दुःख मनाउ गलत हो।

**० नेतृ रेणु यादवले पनि राजीनामा दिनुभएको छ। यसलाई कुन रूपमा लिनुभएको छ ?**

– यो रेणुजीको क्षणिक आक्रोश हो। यो आक्रोश लामो छैन। यो आफैं मेटिएर जान्छ। उहाँ तत्काल आक्रोशित देखिनुभएको हो। त्यो आक्रोशलाई हामीले ध्यान दिएका छैनौं। उहाँको राजीनामाबारे पार्टीमा कुनै छलफल पनि भएको छैन। पार्टीले यसलाई गम्भीरतापूर्वक पनि लिएको छैन।

**० उहाँ फेरि फर्किनुहुन्छ ?**

– उहाँ पार्टीमै हुनुहुन्छ। उहाँले पदीय जिम्मेवारीबाट मुक्त भएको मात्र भन्नुभएको छ। उहाँ पार्टीको नेतृ हो। अहिले आक्रोशित हुनुहुन्छ।

**० वीरगञ्जमा भएको केन्द्रीय विस्तारित बैठकबाट हटाइएकाहरूलाई पार्टीमा फर्किने ढोका बन्द भएको हो ?**

– हामीले उहाँलाई जिम्मेवारीबाट मुक्त गरेका थियौं। तर, पछि बाबुरामजीले विज्ञप्ति निकालेर हामीले पार्टी नै अर्को बनाउने भन्नुभयो। त्यही भएर उहाँहरू हाम्रो पार्टीमा हुनुहुन्न भन्ने कुरा हामीले ठम्यायौं। अब उहाँहरूले के गर्नुहुन्छ। त्यो उहाँहरूको कुरा हो। कसैले गल्ती स्वीकार गरेर पार्टीमा आउन चाहे भने ढोका खुल्ला छ।

**० वीरगञ्ज बैठकले के के निर्णय गऱ्यो ?**

– पहिलो कुरा स्थानीय चुनावको समीक्षा भयो। आधिकारिता उम्मेदवारविरूद्ध गतिविधि गर्नेहरूलाई कारबाही गर्ने निर्देशन दिइएको छ। त्यस्तै, स्थानीय तहको चुनावको समीक्षाका लागि समिति बनाउने निर्णय गरेका छौं। योबाट पाठ सिकेर आगामी प्रदेश र प्रतिनिधिसभा निर्वाचनलाई व्यवस्थित तुल्याउन संसदीय बोर्ड गठन गर्ने निर्णय गरेका छौं। त्यस्तै, निर्वाचन तयारी समिति गठन गर्ने निर्णय भएको छ।

**० महाधिवेशन आ विधान अधिवेशनको विषयमा के के निर्णय भयो ?**

– विधान अधिवेशनको निर्णय भएको छ। आगामी निर्वाचन पश्चात् विधान अधिवेशन गरिनेछ। विधान अधिवेशनपछि पार्टी अधिवेशन हुने छ।

**० स्थानीय तहमा जसपाले ल्याएको परिणाम अपेक्षाकृत हो ?**

– त्यसको समीक्षात्मक प्रतिवेदन सार्वजनिक भइसकेको छ। यस विषयमा हामीले निर्मम तरिकाले समीक्षा गरेका छौं। समग्रमा यो चुनावमा हामीले पिठ्यू थपथपाउने किसिमको त रहेन। तर, असन्तोष र असन्तुष्टि गर्ने ठाउँ पनि रहेन। ठिकै रह्यो। स्थानीय चुनावमा मतको संख्या पहिलेको भन्दा बढेको छ। हिमाल पहाडमा पनि हामीले बिउ रोप्न पायौं।

# जलेश्वर र मटिहानीबाट १४० बर्ष अगाडि नेपाल(काठमाण्डौ) पुगेको चिठ्ठि

## जलेश्वरबाट सुवेदार पंत तथा मटिहानीबाट महंथ ललित दासको पत्र



राकेश प्रसाद चौधरी

मकवानपुर सेन राज्यबाट जलेश्वर, मटिहानीलगायतको क्षेत्रलाई गोर्खाकरण गरेपछि शाहवंशीय राजाले मटिहानी क्षेत्रमा रहेको बैष्णव (विष्णु भगवानलाई मान्ने) सम्प्रदायको मठलाई प्राथमिकतामा राखे । पृथ्वीनारायण शाहको शासनकाल अगावै यस मठमा मकवानपुर सेनवंशी राजा मणिक सेनले पुजापाठ गर्नुका साथै दान दिएको समेत इतिहास छ ।


शाहवंशीय राजाले शैव(शिवलाई मान्ने) सम्प्रदायलाई समेत निराश हुन दिएनन् । जलेश्वर महादेव मन्दिरलाई तत्कालिन समयमा काठमाण्डौको पशुपतिभन्दा बढी महत्व दिइनु र यहाँको महादेवको पुजाभएपछि मात्र देशभरका शिवालयमा पुजापाठ हुने परम्परा थियो । समय परिवर्तनसँगै यो क्षेत्र गोर्खाकरणबाट नेपालीकरण भएपछि परम्पराहरू काठमाण्डौ केन्द्रित हुन थाल्यो ।

नेपालमा हुलाक टिकटको प्रचलनबारे अध्ययन गर्नेको लागि १४० बर्ष अगाडि जलेश्वर र मटिहानी स्थानबाट नेपाल ( काठमाण्डौ) सम्म चिठ्ठि पुग्नु समान्य लाग्नु स्वभाविक हो । सन् १८८२ मा जलेश्वरबाट मुलुकी खाना तथा मटिहानी स्थानबाट नारायणहिटी दरवारमा पठाइएको पत्रमा प्रयोग भएको हुलाक टिकटको विषय मधेशवासीको लागि नौलो हुनसक्छ ।

मधेश क्षेत्रमा पर्ने विदेह राज्यको इतिहास हजारौं बर्ष पूरानो छ । यस क्षेत्रमा हुने धार्मिक गतिविधि पनि निकै पूराना छन् । नदीहरूसँग जोडिएका मानव सभ्यता पूराना छन् । मटिहानस्थित तस्मैया बाबा तथा जलेश्वरस्थित जगदीशनाथको समाधिस्थल सयौं बर्ष पूरानो छ । यी दुबै ठाउँको मठमा तत्कालिन समयमा महंथीय परम्परा कायम थियो । मटिहानीमा अझै यो परम्परा रहेपनि जलेश्वरमा समाप्त भइसकेको छ ।

सन् १८८१ को अप्रिल महिनाबाट शुरू भएको हुलाक टिकटको प्रयोग जलेश्वरका सुवेदार धोज पन्तले सन् १८८२ को मे महिनामा गरेका थिए । उनले हुलाक टिकट टाँसगरि नेपालको मुलुकी खानामा पत्र पठाएको देखिन्छ । त्यस्तै अगस्त महिनामा मटिहानी मठका महंथ ललित दासले हुलाक टिकट टाँसेर दरवारमा अर्जीपत्र पठाएका थिए । दासले तत्कालिन प्रधानमन्त्री रणोद्दिप सिंह कुँवरलाई श्री श्री श्री महाराज रणोद्दिप सिंह राणा बहादुरसँगै प्रधानमन्त्री कमान्डर इन चिफसहितको सम्बोधन गर्दै नारायणहिटी दरवारमा मटिहानीस्थानबाट अर्जीपत्र पठाएका थिए ।

अर्जीपत्रमा एक आना मूल्य पर्ने हुलाक टिकट प्रयोग भएको थियो । हुलाक टिकटको माथि श्री गोरखा र तल सरकार लेखिने गरिन्थ्यो । नेपालको हुलाक टिकटहरू संकलन तथा अध्ययन गर्ने वोल्फगैंग सी. हेलरिगलले टिकटमा छाप लागेको यस्ता पत्र संकलन गरेर एउटा पुस्तक समेत निकालेका छन् ।




तत्कालिन समयमा सरकरी कर असुली गर्न र प्रशासनिक कार्य संचालन गर्न तराईका जिल्लामा सुवेदार खटाइएको हुन्थ्यो । गुरू पुरोहित खजांची वामदेव पंडितसँग सुवेदारहरू नियमित पत्राचारमा बस्नुपर्दथ्यो । सन् १८८२ मा जलेश्वर क्षेत्रसँग सम्बन्धित आर्थिक गतिविधिका लागि सुवेदारले यो पत्र मुलुकी खानामा पठाएको अनुमान गर्न सकिन्छ । त्यस्तै मटिहानी स्थानबाट महंथ ललित दासले पठाएको अर्जीपत्रमा आर्थिक, मठको ब्यबस्थापन एवं सीमापारी रहेको अंग्रेज शासकसँग सहकार्य गरिरहेको दरभंगा राज्यको गतिविधि लेखेको हुनसक्ने अनुमान गर्न सकिन्छ । यी पत्रहरूको अध्ययन बिना यही विषयवस्तु थिए भन्ने कुरा अनुमान मात्र हुनसक्छ । यसका लागि थप अध्ययन आवश्यक छ ।

सन् १८४६ मा जंगबहादुर कुँवरले शुरू गरेको राणाशासनको दोस्रो प्रधानमन्त्री एवं श्री ३ महाराजका रूपमा उनका भाई रणोद्दिप सिंह कुँवरले सन् १८७७ देखि १८८५ सम्म शासन सम्हालेका थिए । उनकै पालामा हुलाक टिकट प्रकाशन भएको थियो ।

मटिहानी स्थानका महंथ ललित दासलाई मठले पाँचौं महंथको रूपमा मान्यता दिएको छ । जंगबहादुर राणाकै शासनकालको अन्त्यमा सन् १८७६ मा तत्कालिन महंथ रामरक्ष्या दासले लालमोहरसँग मान महंथको पदवी प्राप्त गरेका थिए । उनका शिष्य ललित दासले केही बर्षपछि तत्कालिन प्रधानमन्त्री रणोद्दिप सिंहलाई पठाएको अर्जीपत्रमा मानमहंथ नलेखिनुले केही समस्या आएको सहजै अनुमान गर्न सकिन्छ । त्यही विषय पनि अर्जीपत्रमा समेटिएको हुनसक्छ ।

मटिहानीस्थानबाट केही मिटर टाढा तत्कालिन अंग्रेजसँग सहकार्य गरिरहेको



दरभंगा राज्यको शासन थियो । महोत्तरीका सुवेदार पंत र मटिहानी स्थानका महंथ ललित दास कार्यभार सम्हालिरहेको बखत सीमापारी दरभंगा महाराज लक्ष्मेश्वर सिंह बहादुरको शासन चलिरहेको थियो । उनको शासनकाल सन् १८६० देखि १८९८ सम्म मानिन्छ । उनी शासनभार सम्हाल्दा दुईबर्षको मात्र रहेकाले सन् १८७९ सम्म अंग्रेजले वार्ड अफ कोर्ट कानुन अन्तर्गत मनमौजी गरेका थिए ।

सन् १७१८ ( १७७५ साल) बाट संस्कृतमा पठ्नपाठन शुरू भएको यो पाठशाला संचालनका लागि मकवानी सेन राजाका साथै दरभंगा राज्यका तत्कालिन राजा रधु(राधव) सिंहको समेत भूमिका रहेको थियो । मटिहानी संस्कृत पाठशाला स्थापनाकालका काजगातहरू नष्ट भइसकेको र इतिहासको दस्तावेजिकरण नगरिएका कारण सत्य तथ्य उजागर हुन सकेको छैन ।

पृथ्वीनारायण शाहले मकवानी सेन राज्यलाई आफ्नो अधिनमा लिएदेखि नै जलेश्वरमा सैनिक गतिविधि बढाएका थिए । मकवानी सेनकालको पाँच प्रान्तमध्ये महोत्तरी पनि एउटा थियो । जसको केन्द्र जलेश्वर थियो । जलेश्वरमा सेनाका लागि रासन बाहिरबाट ल्याउनुपर्ने समस्या समाधान गर्न सन् १८६४ मा बजार( गोला) स्थापना गरिएको थियो । महाराजाको पदवी पाइसकेका र सैनिकको कमान्ड सम्हाल्ने गरेका रणोद्दिप सिंह कुँवरले यज्ञनीधि पौडेललाई जलेश्वरमा सेनाका लागि रासन उपलब्ध हुने बजार( गोला) स्थापना गर्न खटाइएको विषय मार्च १९८५ मा प्रकाशित रेग्मी रिसर्च सिरिज बर्ष १७ अंक ३ मा समेटिएको छ । अझैसम्म मधेशमा रासन(धान, गहुँलगायतका खाधान्न) बिक्री हुने स्थानलाई गोला भन्ने चलन कायमै छ ।

आजभन्दा १५८ बर्ष अगाडि नै गुलजार भइसकेको जलेश्वरमा १४० बर्ष अगाडि हुलाक कार्यालय हुनुलाई आश्चर्यको विषय मान्न सकिन्न । हुनत: तत्कालिन प्रधानमन्त्री रणोद्दिप सिंहको शासनकाल सन् १८७८ मा नेपाल हुलाक घर स्थापना गराएका थिए । सन् १८८१ मा पहिलोपटक हुलाक टिकट छापिएर प्रयोगमा ल्याएको थियो । त्यहीबेलादेखि महोत्तरीमा हुलाक टिकटको प्रयोग हुन थालेको भएपछि सन् १८८२ मा प्रयोग भएको प्रमाण मात्र उपलब्ध छ ।

## मधेश अपडेट

### "गुरूयोजना बनाएर अगाडि बढ्नुपर्छ"

इमरान खान, कपिलवस्तु । भौतिक पूर्वाधार तथा यातायातमन्त्री मोहम्मद ईश्तियाक राईले कपिलवस्तु नगरपालिकाको पूर्वाधार विकासका लागि नगरको गुरूयोजना बनाएर अगाडि बढ्नुपर्ने बताएका छन् । कपिलवस्तु नगरपालिकाले नवनियुक्त मन्त्री राईलाई आयोजना गरेको स्वागत तथा सम्मान कार्यक्रममा बोल्दै उनले सो कुरा बताएका हुन् । विगतमा आफू शहरी विकासमन्त्री हुँदासमेत कपिलवस्तु नगरपालिका क्षेत्रमा विभिन्न विकासका योजना दिएको स्मरण गर्दै अब पनि यस नगरको विकासका लागि योजनाहरू दिन तत्पर रहने उनले बताए । चालु आवको बजेट आएपछि आफू मन्त्री भएको भए पनि केही कार्यक्रमका अबण्डा रकमहरू कार्यान्वयनमा सहयोग गर्न सक्ने, केही विदेशी दातृ निकायको सहयोगको सहरी रोडका साना योजनाहरू कार्यान्वयनमा ल्याउन सक्ने अवस्था रहेकाले सो अनुसार सहयोग गर्ने मन्त्री राईले बताए ।

### सम्बन्ध विच्छेदका मुद्दा बढ्दै

विराटनगर । मोरङमा चालु आर्थिक वर्षमा दर्ता भएका मुद्दामध्ये सम्बन्ध विच्छेदको सबैभन्दा धेरै १ हजार ७९४ वटा छन् । जसमध्ये १ हजार ३२६ वटा मुद्दा फर्छ्यौट भइसकेको छ भने ४६८ मुद्दाको फैसला हुन बाँकी छन् । जिल्ला अदालतमा चालु आर्थिक वर्षमा अहिलेसम्मकै सबैभन्दा धेरै मुद्दा दर्ता भएका छन् । चालु आर्थिक वर्षमा ८ हजार ६४१ वटा मुद्दा दर्ता भएको अदालतको स्रेस्तादार टिकेन्द्र विरजंग राणाले जानकारी दिए । 'यो सङ्ख्या अहिलेसम्मै सबैभन्दा धेरै हो' उनले भने, 'दर्ता भएकामध्ये सबैभन्दा धेरै सम्बन्ध विच्छेदका मुद्दा छन् ।' अदालतले यो वर्ष ४ हजार १५८ वटा नयाँ मुद्दा दर्ता हुने अनुमान गरेको थियो । तर, ५ हजार १०१ मुद्दा दर्ता भएका छन् भने अघिल्लो वर्षबाट जिम्मेवारी सरेर आएका ३ हजार ५४० मुद्दा छन् । अदालतले चालु आर्थिक वर्षमा लक्ष्यभन्दा ३७९ कम मुद्दा फैसला गरेको छ । ५ हजार ६१९ वटा मुद्दा फर्छ्यौट गर्ने लक्ष्य लिएको अदालतले असार ३० गतेसम्म ५ हजार २४० वटा मुद्दा फर्छ्यौट भएको स्रेस्तादार राणाले जानकारी दिए । अदालतमा अघिल्लो आर्थिक वर्ष २०७७/७८ मा ६ हजार ४२५ वटा मुद्दा थियो । यस्तै आर्थिक २०६७/७७ मा ५ हजार ४१ वटा मुद्दा दर्ता भएको अदालतको अभिलेखमा देखिन्छ ।

### रूपन्देहीमा कोरोना संक्रमण बढ्दै

रूपन्देही । रूपन्देहीमा शून्य अवस्थामा झरेको कोरोना संक्रमण पछिल्लो समय निरन्तर बढिरहेको छ । असारको तेस्रो साताबाट यहाँ संक्रमण दर निरन्तर बढिरहेको छ । जिल्लामा हाल २४ जना सक्रिय संक्रमित छन् । सोमबार भैरहवास्थित पक्लिहवा कृषि क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूमा कोभिडको लक्षण देखिएपछि गरिएको एन्टिजेन परिक्षणमा ११ जनामा संक्रमण पुष्टि भएको छ । यस्तै, सिद्धार्थनगर नगरपालिकाको स्वास्थ्य शाखा निमित्त प्रमुख गीता पोखरेललाई पनि संक्रमण भएको छ, उनको परिवारमा चेकजाँच गर्दा थप तीन जनामा संक्रमण पुष्टि भएको छ । बेलहियास्थित हेल्थ डेस्कमा गरिएको परीक्षणमा पनि नौ जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालय रूपन्देहीका कोभिड फोकल पर्सन तथा भेक्टर कन्ट्रोल निरीक्षक केदारनाथ शाहले जानकारी दिए । सीमामा देखिएका संक्रमित सबै भारतीय नै हुन् । सक्रिय संक्रमितहरू तिलोत्तमा, सिद्धार्थनगर र बुटवलका रहे पनि सबै होम आइसोलेसनमा छन् । शाहका अनुसार रूपन्देहीमा हाल सम्म २ लाख १३ हजार ७ सय ६२ जनामा गरिएको परीक्षणबाट ३८ हजार ३ सय ५१ जनामा संक्रमण पुष्टि भएको छ । संक्रमितमध्ये नौ सय ५४ जनाको मृत्यु भएको स्वास्थ्य कार्यालयका भेक्टर कन्ट्रोल निरीक्षक शाहले जानकारी दिए ।

### बाँकेमा ४६ प्रतिशत मात्रै रोपाइँ

बाँके । बाँकेमा असार सकिए पनि ४६ प्रतिशत मात्रै रोपाइँ भएको छ । लामो समयदेखि पानी नपर्दा रोपेको धान पनि सुक्न थालेको छ । कुलो, बोरिङ र सिक्टा नहरको पानी आउने ठाउँका किसानले धान रोपाइँ गरेका छन् । बाँकेमा ठूलो भूभागमा आकाशे पानीको घरमा खेती गरिन्छ । कृषि ज्ञान केन्द्र, बाँकेका प्रमुख सागर ढकालले साउनको ५ गतेसम्म मुस्किलले ४६ प्रतिशत रोपाइ भएको बताए । 'धेरै किसानले रोप्न पाएका छैनन् । पानी नपरेकाले यो वर्ष खडेरी लाग्ने सम्भावना बढ्यो,' ढकालले भने, 'असारमा राखेको बिउ बुढो भइसकेको छ । अब पानी पर्दा रोपाइँ त हुन्छ । उत्पादन घट्छ ।' बाँकेमा ३६ हजार ५ सय हेक्टरमा धान खेती हुन्छ । राम्ररी पानी परेको बेलामा पनि यहाँको प्रतिकठ्ठा उत्पादन डेढ क्वीन्टल हाराहारीमा छ । यो वर्ष समयमा पानी नै नपरेकाले धान उत्पादन घट्ने निश्चितजस्तै भएको ढकालले बताए । बाँकेमा असार १५ गते राम्ररी पानी परेको थियो । त्यसपछि अलिअलि पानी परे पनि रोपाइँ नै हुने गरी पानी परेको छैन । बल्लतल्ल रोपाइँ भएको धान सुकेको छ । खेतमा धाँजा फाटेको छ । गौरवको आयोजना सिक्टाको काम लम्बिँदै जाँदा बाँकेका किसानको दु:ख पाइरहेका छन् ।

### आपतकालीन कार्यसञ्चालन केन्द्र सुरू

कैलाली । सुदूरपश्चिमको एकमात्र उपमहानरपालिका धनगढी उप-महानगरपालिकामा स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रको सुरूवात भएको छ । केन्द्रको उद्घाटन धनगढी उप-महानगरपालिकाका नगर प्रमुख गोपाल हमाल र युरोपेली संघका राजदूत नोना डिप्रेले संयुक्तरूपमा गरेका थिए । नेपालका लागि युरोपेली संघका राजदूत नोना डिप्रेले भूकम्पीय जोखिम र बढ्दो सहरीकरणका कारण हुने गरेको आगलागीका घटनाका साथै बाढीजन्य विपद् व्यवस्थापन र न्यूनीकरणमा उक्त केन्द्रले महत्त्वपूर्ण भूमिका खेल्ने कुरामा विश्वास लिएकी छिन् । विपद् पूर्वतयारी, प्रतिकार्य तथा विपदपश्चातको व्यवस्थापनमा पनि यो केन्द्रले प्रमुख भुमिका खेल्ने उनको भनाइ थियो । विपदमा रहेका मानिसहरूको जीवनयापन सहजता ल्याई विपद्हरूको अझ राम्रोसँग सामना गर्ने क्षमता वृद्धि गरी नेपाली समुदायको उत्थानशील क्षमतालाई सुदृढ बनाउन युरोपेली संघ प्रतिवद्ध रहेको बताइन् । सोही कार्यक्रममा युएनडिपीले कार्यान्वयन गरिरहेको सहरी विपद् तथा भूकम्पीय पूर्वतयारी परियोजनाले सो केन्द्रलाई ड्रोन प्रदान गरेको छ । युएनडिपीका सहायक आवासीय प्रतिनिधी विजय सिंहले उक्त ड्रोन नगर प्रमुखलाई हस्तान्तरण गरेका थिए । सो ड्रोनलाई नगर प्रमुख हमालले आफैं परीक्षण गरी उडाएका थिए ।

### दुई स्थानीय तहले ल्याएनन् बजेट

रौतहट । रौतहटका दुईवटा स्थानीय तहले अझै बजेट ल्याउन सकेका छैनन् । जिल्लाका फतुवा विजयपुर नगरपालिका र दुर्गा भगवती गाउँपालिकाले अझै बजेट सार्वजनिक गर्न नसकेका हुन् । फतुवा विजयपुरका नगर प्रमुखलाई भ्रष्टाचार मुद्दा दायर भएपछि नगर सभा प्रभावित भएको हो । राजस्व हिनामिना गरेको आरोपमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले नगरप्रमुख गोपाल राय यादवसहित २१ जनाविरूद्ध विशेष अदालतमा मुद्दा दर्ता गरेका थियो । उनी अहिले निलम्बनमा छन् । उपप्रमुख अमवेया खातुनलाई कार्यवाहक जिम्मेवारी दिइएको छ । अब चाँडै नगर सभा हुने निमित्त प्रमुख प्रशासकीय अधिकृत शम्भुप्रसाद यादवले बताए । उपप्रमुखलाई कार्यवाहकको जिम्मेवारी दिएपछि नगरसभाको तयारी थालिएको उनले बताए । नदीजन्य वस्तुबाट प्राप्त राजस्व हिनामिनामा संलग्न भएको आरोपमा अख्तियारले नगरप्रमुख यादवसहित तत्कालीन उपप्रमुख कान्ति देवीसहित वडा नं-५ का वडाअध्यक्ष शेख एजाज अहमद, वडा नं-८ का तत्कालीन वडाअध्यक्ष तथा हाल कार्यपालिका सदस्य उमाशंकर साह कलवार, वडा नं-११ का वडाअध्यक्ष ज्ञानेन्द्र चौधरीविरूद्ध भ्रष्टाचार मुद्दा दायर गरेको थियो ।

### बाँके साक्षर जिल्ला

बाँके । बाँकेलाई साक्षर जिल्ला घोषणा गरिएको छ । युवा तथा खेलकुद मन्त्री महेश्वर गहतराज (अथक) ले बाँकेलाई साक्षर जिल्ला घोषणा गरेका हुन् । साक्षर घोषणा भएकाहरू मध्ये देशभरमा बाँके ६१औ जिल्लामा पर्दछ भने लुम्बिनी प्रदेशमा ११ औँ नम्बरमा पर्दछ । साक्षर जिल्ला घोषणा गर्दै मन्त्री अथकले जिल्लाको साक्षरता प्रतिशत ९६.५६ रहेको बताए । बाँकेलाई साक्षर जिल्लाका रूपमा घोषणा गर्न पाउँदा धेरै खुसी लागेको भन्दै मन्त्री गहतराजले जिल्लालाई पूर्ण साक्षर बनाउन सबै लाग्नुपर्ने बताउनुभयो । बाँकेका ८ वटै पालीकालाई साक्षर घोषणा गरिएसँगै जिल्लालाई साक्षर घोषणा गरिएको हो । शिक्षा विकास तथा समन्वय इकाई बाँकेका प्रमुख रामसुरेश यादवका अनुसार कोहलपुर नगरपालिका ९६.४२ प्रतिशतसहित जिल्लाको पहिलो साक्षर पालिका घोषणा भएको थियो । २०७६ सालमै साक्षर घोषणा भएको कोहलपुरले पुरस्कार स्वरूप ५० लाख रूपैयाँ प्राप्त गरेको थियो । त्यसैगरी खजुराले ९६.९९ प्रतिशत, जानकीले ९८.६७ प्रतिशत, राप्तीसोनारीले ९५.११ प्रतिशत, नरैनापुरले ९६.१९, बैजनाथले ९७.५ प्रतिशत, नेपालगञ्जले ९८.३९ प्रतिशत र डुडुवाले ९६.२५ प्रतिशत प्राप्त गर्दै साक्षर पालिका घोषणा भएका थिए । विभिन्न १२ वटा सूचकका आधारमा बाँकेका ८ वटा पालिकालाई साक्षर घोषणा गरिएको थियो ।

### गर्मीका कारण धमाधम विद्यलाय बन्द

पर्सा । अत्यधिक गर्मीका कारण तराईका विभिन्न जिल्लाका सामुदायिक विद्यालयमा पठनपाठन बन्द हुन थालेको छ । सोही क्रममा पर्साका विभिन्न पालिकाका सामुदायिक विद्यालय बन्द गर्ने क्रम बढेको छ । वीरगञ्ज महानगरपालिका सहित पर्साका पाँच पालिकाले विद्यालयमा गर्मी बिदा दिएका छन् । वीरगञ्ज महानगरभित्रका सबै विद्यालयमा आगामी साउन १ देखि साउन २० गतेसम्म पठनपाठन बन्द भएको छ । शैक्षिक क्यालेन्डरमा साउन ८ गतेदेखि वर्षे बिदा भए पनि संशोधन गरेर पठनपाठनका लागि बिदा दिइएको महानगरपालिकाको शिक्षा शाखाले जनाएको छ । यसैगरी पर्साको कालिकामाई गाउँपालिकाले सामुदायिक विद्यालयमा गर्मी बिदा दिएको छ । गाउँपालिका शिक्षा शाखाका अनुसार गाउँपालिकाअन्तर्गतका सम्पूर्ण सामुदायिक विद्यालयमा साउन १ देखि साउन २९ गतेसम्मका लागि बिदा दिइएको हो । पोखरिया नगरपालिकाले पनि विद्यालयमा गर्मी बिदा दिएको छ । पोखरिया नगरपालिकाले गर्मी बढेपछि









राष्ट्रिय साप्ताहिक मधेशवाणी ५

# नेपालको नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक

आर्थिक टिप्पणी

नेपालको संविधानले निर्दिष्ट गरे अनुरूप संघीय कानून बमोजिम व्यवस्था गर्नुपर्ने नागरिकता सम्बन्धी विषयमा व्यवस्था गर्नका लागि नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक तर्जुमा गर्नु परेको र तर्जुमा गरिएको विधेयकको व्यवस्थाबाट थप आर्थिक व्ययभार पर्ने अवस्था नरहेको ।

बालकृष्ण खाण
गृहमन्त्री

उद्देश्य र कारण

नेपालको संविधानको भाग २ अर्न्तगत धारा १० देखी धारा १५ सम्म नागरिकता सम्बन्धी व्यवस्था गरिएकोमा उक्त धाराहरूमा व्यवस्था गरिएदेखि बाहेक नागरिकता सम्बन्धी अन्य विषयका हकमा संघीय कानून बमोजिम हुने व्यहोरा उल्लेख छ । संविधानको धारा १० मा कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित नगरिने सुनिश्चितता प्रदान गरिएको छ । संविधानले निर्दिष्ट गरे बमोजिम नागरिकता सम्बन्धी विषयमा व्यवस्था गर्नका लागि नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक यस सम्मानीत प्रतिनिधि सभा समक्ष पेश गरेको छु ।

बालकृष्ण खाण
गृहमन्त्री

नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावना : नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, सङ्घीय संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "नेपाल नागरिकता (पहिलो संशोधन) ऐन, २०७९" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ मा संशोधन : नेपाल नागरिकता ऐन, २०६३ ( यसपछि "मूल ऐन" भनिएको) को दफा ३ को, (१) उपदफा (३) को सट्टा देहायको उपदफा ( ३) राखिएको छ:

"(३) नेपालभित्र फेला परेको पितृत्व र मातृत्वको ठेगान नभएको प्रत्येक नाबालक निजको बाबु वा आमाको पत्ता नलागेसम्म वंशजको नाताले नेपालको नागरिक मानिनेछ ।"

(२) उपदफा (३) पछि देहायका उपदफा (४), (५), (६) र (७) थपिएका छन् :

"(४) संवत् २०७२ साल असोज ३ गते भन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निजको उमेर सोह्र वर्ष पूरा भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ।

(५) नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ।

(६) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकबाट नेपालमा जन्मिएको व्यक्तिले नेपाली नागरिकता लिँदाका बखत निजको आमा र बाबु दुवै नेपाली नागरिक रहेछन् भने नेपालमा जन्मिएको त्यस्तो व्यक्तिले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ ।

(७) उपदफा (५) बमोजिम नागरिकता प्राप्त गरेको कुनै व्यक्तिको बाबु विदेशी रहेको ठहरेमा त्यस्तो व्यक्तिले वंशजको आधारमा लिएको नागरिकता कायम रहने छैन र निजले बाबुको नागरिकताको आधारमा विदेशी मुलुकको नागरिकता प्राप्त नगरेको भनी तोकिए बमोजिम स्वघोषणा गरी वंशजको आधारमा प्राप्त गरेको नागरिकताको प्रमाणपत्र बुझाएमा अङ्गिकृत नागरिकता प्राप्त गर्नेछ

३. मल ऐनमा दफा ७क.थप: मूल ऐनको दफा ७ पछि देहायको दफा ७क. थपिएको छ:"

७क. गैर आवासीय नेपाली नागरिकता प्राप्त गर्न सक्ने: (१) विदेशी मुलुकको नागरिकता प्राप्त गरी दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठनको सदस्य राष्ट्र बाहेकका देशमा बसोबास गरेको र साविकमा वंशजको वा जन्मको आधारमा निज वा निजको बाबु वा आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेको व्यक्तिले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको उपभोग गर्न पाउने गरी गैर आवासीय नेपाली नागरिकता प्राप्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गैर आवासीय नेपाली नागरिकता लिन चाहने व्यक्तिले देहायका कागजात संलग्न राखी मन्त्रालय समक्ष तोकिए बमोजिम निवेदन दिनु पर्नेछ:

(क) निवेदन दिने व्यक्ति वा निजको बाबु वा आमा, बाजे वा बज्यै साविकमा नेपालको नागरिक रहेको प्रमाण,

(ख) सम्बन्धित व्यक्तिले साबिकमा नेपालको नागरिकता लिएको भए सो नागरिकता त्याग गरेको प्रमाण,

(ग) विदेशी मुलुकको नागरिकता भएको प्रमाण,

(घ) दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठनका सदस्य राष्ट्र बाहेकको देशमा बसोबास गरेको प्रमाण,

(ङ) नेपालको संविधान र कानूनको परिपालना गर्ने प्रतिबद्धतापत्र ।

(३) साविकमा नेपालको नागरिकता लिई नागरिकताको प्रमाणपत्र फिर्ता नबुझाएको व्यक्तिले गैर आवासीय नेपाली नागरिकताको लागि उपदफा (२) बमोजिम निवेदन दिँदा निजले पहिले लिएको नेपाली नागरिकताको प्रमाणपत्र समेत पेश गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम निवेदन प्राप्त भए पछि मन्त्रालयले आवश्यक सबुद प्रमाण बुझी निजलाई तोकिए बमोजिम गैर आवासीय नेपाली नागरिकता दिनेछ ।

(५) उपदफा (४) बमोजिम गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्ने व्यक्तिलाई तोकिए बमोजिम शपथ गराउनु पर्नेछ ।

(६) यस दफा बमोजिम गैर आवासीय नेपाली नागरिकता प्राप्त गरेको व्यक्तिले झुट्टो विवरण दिई त्यस्तो नागरिकता प्राप्त गरेमा वा निजले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता तथा राष्ट्र हित विपरीत कार्य गरेको ठहरेमा नेपाल सरकारले त्यस्तो व्यक्तिले प्राप्त गरेको गैर आवासीय नेपाली नागरिकता रद्द गर्नेछ ।" ।

४. मल ऐनको दफा ८ मा संशोधन : मूल ऐनको दफा ८ को,

(१) उपदफा (१) को खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छ:

"(क१) नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिको हकमा निजको बाबुको पहिचान हुन नसकेको व्यहोराको निज र निजको आमाले गरेको तोकिए बमोजिमको स्वघोषणा,

तर निवेदन दिँदाका बखत त्यस्तो व्यक्तिको आमाको मृत्यु भइसकेको वा होस ठेगानमा नरहेको अवस्थामा सोको प्रमाणसहित निवेदकले गरेको स्वघोषणा संलग्न गर्नु पर्नेछ।"

(२) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ:

"(१क) उपदफा (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३ को उपदफा (४) र (६) बमोजिम नागरिकताको प्रमाणपत्र लिन निवेदन दिँदा बाबु र आमा दुवैको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नु पर्नेछ ।"

५. मूल ऐनको दफा २१ मा संशोधन : मूल ऐनको दफा २१ को उपदफा (३) पछि देहायका उपदफा (३क), (३ख) र (३ग) थपिएका छन् :

"(३क) कसैले दफा ३ को उपदफा (७) बमोजिम गरेको स्वघोषणा झुट्टो ठहरेमा त्यस्तो झुट्टो स्वघोषणा गर्ने व्यक्तिलाई छ महिनादेखि एक वर्षसम्म कैद वा पचास हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ। झुट्टो स्वघोषणा गरी नागरिकता प्राप्त गरे बापत यस उपदफा बमोजिम सजाय भएमा त्यसरी प्राप्त गरेको नागरिकता स्वत: रद्द हुनेछ ।

(३ख) कसैले झुट्टा विवरण दिई दफा ७क. बमोजिम गैर आवासीय नेपाली नागरिकता लिएमा तीन महिना देखि एक वर्षसम्म कैद वा पच्चीस हजार रूपैयाँदेखि पचास हजार रूपैयाँसम्म जरिवाना हुनेछ । झुट्टो विवरण दिई गैर आवासीय नेपाली नागरिकता प्राप्त गरे बापत यस उपदफा बमोजिम सजाय भएमा त्यसरी प्राप्त गरेको गैर आवासीय नेपाली नागरिकता स्वत: रद्द हुनेछ ।

(३ग) कसैले दफा ८ को उपदफा (१) को खण्ड (क१) बमोजिम गरेको स्वघोषणा झुट्टो ठहरेमा त्यस्तो झुट्टो स्वघोषणा गर्ने व्यक्तिलाई एक वर्षदेखि तीन वर्षसम्म कैद वा एक लाख रूपैयाँदेखि तीन लाख रूपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ। झुट्टो स्वघोषणा गरी नागरिकता प्राप्त गरे बापत यस उपदफा बमोजिम सजाय भएमा त्यसरी प्राप्त गरेको नागरिकता स्वत: रद्द हुनेछ ।"

**नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयकको**

**व्याख्यात्मक टिप्पणी**

| सि.नं. | दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|
| १ | ३. (७) उपदफा (५) बमोजिम नागरिकता प्राप्त गरेको कुनै व्यक्तिको बाबु विदेशी रहेको ठहरेमा त्यस्तो व्यक्तिले वंशजको आधारमा लिएको नागरिकता कायम रहने छैन र निजले बाबुको नागरिकताको आधारमा विदेशी मुलुकको नागरिकता प्राप्त नगरेको भनी तोकिए बमोजिम स्वघोषणा गरी वंशजको आधारमा प्राप्त गरेको नागरिकताको प्रमाणपत्र बुझाएमा अङ्गिकृत नागरिकता प्राप्त गर्नेछ ।" | वंशजको नाताले नेपाली नागरिकता प्राप्ति | स्वघोषणाको ढाँचा नियमावलीमा तोकनु पर्ने भएकोले। |
| २ | "७क. गैर आवासीय नेपाली नागरिकता प्राप्त गर्न सक्ने: (१) विदेशी मुलुकको नागरिकता प्राप्त गरी दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठनको सदस्य राष्ट्र बाहेकका देशमा बसोवास गरेको र साविकमा वंशजको वा जन्मको आधारमा निज वा निजको बाबु वा आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेको व्यक्तिले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको उपभोग गर्न पाउने गरी गैर आवासीय नेपाली नागरिकता प्राप्त गर्न सक्नेछ ।<br>(२) उपदफा (१) बमोजिम गैर आवासीय नेपाली नागरिकता लिन चाहने व्यक्तिले देहायका कागजात संलग्न राखी मन्त्रालय समक्ष तोकिए बमोजिम निवेदन दिनु पर्नेछ:-<br>(क) निवेदन दिने व्यक्ति वा निजको बाबु वा आमा, बाजे वा बज्यै साविकमा नेपालको नागरिक रहेको प्रमाण,<br>(ख) सम्बन्धित व्यक्तिले साविकमा नेपालको नागरिकता लिएको भए सो नागरिकता त्याग गरेको प्रमाण,<br>(ग) विदेशी मुलुकको नागरिकता भएको प्रमाण,<br>(घ) दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठनका सदस्य राष्ट्र बाहेकको देशमा बसोबास गरेको प्रमाण,<br>(ङ) नेपालको संविधान र कानूनको परिपालना गर्ने प्रतिबद्धतापत्र ।<br>(३) साविकमा नेपालको नागरिकता लिई नागरिकताको प्रमाणपत्र फिर्ता नबुझाएको व्यक्तिले गैर आवासीय नेपाली नागरिकताको लागि उपदफा (२) बमोजिम निवेदन दिँदा निजले पहिले लिएको नेपाली नागरिकताको प्रमाणपत्र समेत पेश गर्नु पर्नेछ ।<br>(४) उपदफा (२) बमोजिम निवेदन प्राप्त भए पछि मन्त्रालयले आवश्यक सबुद प्रमाण बुझी निजलाई तोकिए बमोजिम गैर आवासीय नेपाली नागरिकता दिनेछ ।<br>(५) उपदफा (४) बमोजिम गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्ने व्यक्तिलाई तोकिए बमोजिम शपथ गराउनु पर्नेछ ।<br>(६) यस दफा बमोजिम गैर आवासीय नेपाली नागरिकता प्राप्त गरेको व्यक्तिले झुट्टो विवरण दिई त्यस्तो नागरिकता प्राप्त गरेमा वा निजले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता तथा राष्ट्र हित विपरीत कार्य गरेको ठहरेमा नेपाल सरकारले त्यस्तो व्यक्तिले प्राप्त गरेको गैर आवासीय नेपाली नागरिकता रद्द गर्नेछ ।" | गैर आवासीय नेपाली नागरिकता प्राप्त गर्न सक्ने: | गैर आवासीय नेपाली नागरिकता लिन नियमावलिमा प्रक्रिया उल्लेख गर्नुपर्ने भएकोले।<br>गैर आवासीय नेपाली नागरिकताको ढाचा नियमावली तोकनुपर्ने भएकोले।<br>गैर आवासीय नेपाली नागरिकता प्राप्त गर्ने व्यक्तिले शपथ गर्नुपर्ने भएबाट शपथको ढाँचा नियमालिमा तोक्नुपर्ने भएकोले। |
| ३ | ८. "(क१) नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिको हकमा निजको बाबुको पहिचान हुन नसकेको व्यहोराको निज र निजको आमाले गरेको तोकिए बमोजिमको स्वघोषणा,<br>तर निवेदन दिँदाका बखत त्यस्तो व्यक्तिको आमाको मृत्यु भइसकेको वा होस ठेगानमा नरहेको अवस्थामा सोको प्रमाणसहित निवेदकले गरेको स्वघोषणा संलग्न गर्नु पर्नेछ।" | नागरिकताको प्रमाणपत्र प्राप्तिको लागि निवेदन दिनु पर्ने | स्वघोषणाको ढाँचा नियमावलिमा तोक्नुपर्ने भएकोले । |

**नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक**

**तिनमहले**

| क.सं. | ऐन दफा | ऐनको साबिक व्यवस्था | मूल ऐनमा संशोधन प्रस्ताव | संशोधन पेश गर्नु पर्नाको कारण |
|---|---|---|---|---|
| १. | ३ | (३) नेपाल सरहदभित्र फेला परेको पितृत्व मातृत्वको ठेगान नभएको प्रत्येक नाबालक निजको बाबु वा आमाको पत्ता नलागेसम्म वंशजको नाताले नेपालको नागरिक मानिनेछ। | ६. नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ मा संशोधन : नेपाल नागरिकता ऐन, २०६३ (यसपछि "मूल ऐन" भनिएको) को दफा ३ को,-<br>(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ:-<br>"(३) नेपालभित्र फेला परेको पितृत्व र मातृत्वको ठेगान नभएको प्रत्येक नाबालक निजको बाबु वा आमाको पत्ता नलागेसम्म वंशजको नाताले नेपालको नागरिक मानिनेछ ।"<br>(२) उपदफा (३) पछि देहायका उपदफा (४), (५), (६) र (७) थपिएका छन् :-<br>"(४) संवत् २०७२ साल असोज ३ गते भन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निजको उमेर सोह्र वर्ष पूरा भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ।<br>(५) नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ।<br>(६) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकबाट नेपालमा जन्मिएको व्यक्तिले नेपाली नागरिकता लिँदाका बखत निजको आमा र बाबु दुवै नेपाली नागरिक रहेछन् भने नेपालमा जन्मिएको त्यस्तो व्यक्तिले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ ।<br>(७) उपदफा (५) बमोजिम नागरिकता प्राप्त गरेको कुनै व्यक्तिको बाबु विदेशी रहेको ठहरेमा त्यस्तो व्यक्तिले वंशजको आधारमा लिएको नागरिकता कायम रहने छैन र निजले बाबुको नागरिकताको आधारमा विदेशी मुलुकको नागरिकता प्राप्त नगरेको भनी तोकिए बमोजिम स्वघोषणा गरी वंशजको आधारमा प्राप्त गरेको नागरिकताको प्रमाणपत्र बुझाएमा अङ्गिकृत नागरिकता प्राप्त गर्नेछ ।" | संवैधानिक व्यवस्था कायम गर्न। |
| २. | ७ | क्षेत्र गाभिंदाको नागरिकता : नेपालभित्र गाभिने गरी कुनै क्षेत्र प्राप्त भएमा त्यस क्षेत्रभित्रको व्यक्ति यस ऐनको अधीनमा रही नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिम सोही सूचनामा तोकेको मिति देखि नेपालको नागरिक मानिनेछ। | मूल ऐनमा दफा ७क.थप: मूल ऐनको दफा ७ पछि देहायको दफा ७क. थपिएको छ:-<br>"७क. गैर आवासीय नेपाली नागरिकता प्राप्त गर्न सक्ने: (१) विदेशी मुलुकको नागरिकता प्राप्त गरी दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठनको सदस्य राष्ट्र बाहेकका देशमा बसोबास गरेको र साबिकमा वंशजको वा जन्मको आधारमा निज वा निजको बाबु वा आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेको व्यक्तिले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको उपभोग गर्न पाउने गरी गैर आवासीय नेपाली नागरिकता प्राप्त गर्न सक्नेछ ।<br>(२) उपदफा (१) बमोजिम गैर आवासीय नेपाली नागरिकता लिन चाहने व्यक्तिले देहायका कागजात संलग्न राखी मन्त्रालय समक्ष तोकिए बमोजिम निवेदन दिनु पर्नेछ:-<br>(क) निवेदन दिने व्यक्ति वा निजको बाबु वा आमा, बाजे वा बज्यै साबिकमा नेपालको नागरिक रहेको प्रमाण,<br>(ख) सम्बन्धित व्यक्तिले साबिकमा नेपालको नागरिकता लिएको भए सो नागरिकता त्याग गरेको प्रमाण,<br>(ग) विदेशी मुलुकको नागरिकता भएको प्रमाण,<br>(घ) दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठनका सदस्य राष्ट्र बाहेकको देशमा बसोबास गरेको प्रमाण,<br>(ङ) नेपालको संविधान र कानूनको परिपालना गर्ने प्रतिबद्धतापत्र ।<br>(३) साबिकमा नेपालको नागरिकता लिई नागरिकताको प्रमाणपत्र फिर्ता नबुझाएको व्यक्तिले गैर आवासीय नेपाली नागरिकताको लागि उपदफा (२) बमोजिम निवेदन दिँदा निजले पहिले लिएको नेपाली नागरिकताको प्रमाणपत्र समेत पेश गर्नु पर्नेछ ।<br>(४) उपदफा (२) बमोजिम निवेदन प्राप्त भए पछि मन्त्रालयले आवश्यक सबुद प्रमाण बुझी निजलाई तोकिए बमोजिम गैर आवासीय नेपाली नागरिकता दिनेछ ।<br>(५) उपदफा (४) बमोजिम गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्ने व्यक्तिलाई तोकिए बमोजिम शपथ गराउनु पर्नेछ ।<br>(६) यस दफा बमोजिम गैर आवासीय नेपाली नागरिकता प्राप्त गरेको व्यक्तिले झुट्टो विवरण दिई त्यस्तो नागरिकता प्राप्त गरेमा वा निजले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता तथा राष्ट्र हित विपरीत कार्य गरेको ठहरेमा नेपाल सरकारले त्यस्तो व्यक्तिले प्राप्त गरेको गैर आवासीय नेपाली नागरिकता रद्द गर्नेछ ।" | संवैधानिक व्यवस्था कायम गर्न। |
| ३. | ८ | नभएको | १. मूल ऐनको दफा ८ मा संशोधन : मूल ऐनको दफा ८ को,-<br>(१) उपदफा (१) को खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छ:-<br>"(क१) नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिको हकमा निजको बाबुको पहिचान हुन नसकेको व्यहोराको निज र निजको आमाले गरेको तोकिए बमोजिमको स्वघोषणा,<br>तर निवेदन दिँदाका बखत त्यस्तो व्यक्तिको आमाको मृत्यु भइसकेको वा होस ठेगानमा नरहेको अवस्थामा सोको प्रमाणसहित निवेदकले गरेको स्वघोषणा संलग्न गर्नु पर्नेछ।"<br>(२) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ:-<br>"(१क) उपदफा (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३ को उपदफा (४) र (६) बमोजिम नागरिकताको प्रमाणपत्र लिन निवेदन दिँदा बाबु र आमा दुवैको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नु पर्नेछ ।" | संवैधानिक व्यवस्था कायम गर्न। |
| ४. | २१ | नभएको | मूल ऐनको दफा २१ मा संशोधन : मूल ऐनको दफा २१ को उपदफा (३) पछि देहायका उपदफा (३क), (३ख) र (३ग) थपिएका छन् :-<br>"(३क) कसैले दफा ३ को उपदफा (७) बमोजिम गरेको स्वघोषणा झुट्टो ठहरेमा त्यस्तो झुट्टो स्वघोषणा गर्ने व्यक्तिलाई छ महिनादेखि एक वर्षसम्म कैद वा पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ। झुट्टो स्वघोषणा गरी नागरिकता प्राप्त गरे बापत यस उपदफा बमोजिम सजाय भएमा त्यसरी प्राप्त गरेको नागरिकता स्वत: रद्द हुनेछ ।<br>(३ख) कसैले झुट्टा विवरण दिई दफा ७क. बमोजिम गैर आवासीय नेपाली नागरिकता लिएमा तीन महिना देखि एक वर्षसम्म कैद वा पच्चीस हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ । झुट्टो विवरण दिई गैर आवासीय नेपाली नागरिकता प्राप्त गरे बापत यस उपदफा बमोजिम सजाय भएमा त्यसरी प्राप्त गरेको गैर आवासीय नेपाली नागरिकता स्वत: रद्द हुनेछ ।<br>(३ग) कसैले दफा ८ को उपदफा (१) को खण्ड (क१) बमोजिम गरेको स्वघोषणा झुट्टो ठहरेमा त्यस्तो झुट्टो स्वघोषणा गर्ने व्यक्तिलाई एक वर्षदेखि तीन वर्षसम्म कैद वा एक लाख रुपैयाँदेखि तीन लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ। झुट्टो स्वघोषणा गरी नागरिकता प्राप्त गरे बापत यस उपदफा बमोजिम सजाय भएमा त्यसरी प्राप्त गरेको नागरिकता स्वत: रद्द हुनेछ ।" | संवैधानिक व्यवस्था कायम गर्न। |

## संक्षिप्त समाचार

### मधेश प्रदेशमा विधेयक प्रमाणीकरण

जनकपुरधाम । मधेश प्रदेशको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक,२०७९ प्रमाणीकरण भएको छ । मधेश प्रदेशका प्रदेश प्रमुख हरिशंकर मिश्रले सो विधेयक प्रमाणीकरण गरेका हुन् । उक्त विधेयक प्रदेश सभाको असार २६ गते बसेको बैठकले विधेयक पारित गरी प्रमाणीकरणको लागि प्रदेश प्रमुखको कार्यालयमा पठाइएको थियो ।

### जसपाबाट सामूहिक राजीनामा

वीरगन्ज । पर्सा जिल्लाका ६९ नेता कार्यकर्ताहरूले जनता समाजवादी पार्टी नेपालबाट सामूहिक राजीनामा दिएका छन् । शनिबार वीरगञ्जमा पत्रकार सम्मेलन गर्दै पार्टी नेतृत्वप्रति विभिन्न आरोप लगाउँदै जसपाका दुई जना केन्द्रीय सदस्य, मधेश प्रदेश सदस्य, जिल्ला सचिव, क्षेत्रीय अध्यक्ष, पालिका संयोजक लगायतले सामूहिक राजीनामाको घोषणा गरेका हुन् । पार्टीमा स्वच्छाचारिता बढेको, एकलौटी ढंगबाट संचालन भएको, नीति, नियम र नेतृत्व प्रष्ट नभएको र पार्टीको संगठनात्मक संरचना अनुसार चल्नुपर्नेमा व्यक्ति, ठेकेदार र भ्रष्टाचारी हावी भएको, जनताको हितमा नभई सीमित आसेपासे, नातेदार र द्रव्यदारहरू चंगुलमा पार्टी डुब्दै गएको आरोप लगाउँदै उनीहरूले पार्टी परित्यागको घोषणा गरेका छन् ।

### नगरपालिकाद्वारा विद्यार्थीहरूलाई झोला वितरण

महोत्तरी । महोत्तरी जिल्लाको मटिहानीस्थित श्री राम माध्यमिक विद्यालयको कक्षा ९ र १० मा प्राविधिक शिक्षा अध्ययन गरिरहेका विद्यार्थीहरूलाई झोला वितरण गरिएको छ । मटिहानी नगरपालिकाको सहयोगमा सो विद्यालयको कक्षा ९ र १० मा प्राविधिक शिक्षा अन्तर्गत कम्प्युटर लिई अध्ययन गरिरहेका ८० जना छात्र-छात्राहरूलाई एक कार्यक्रमबीच मटिहानी नगरपालिका प्रमुख हरिप्रसाद मण्डलले झोला वितरण गरेका हुन् । कार्यक्रममा बोल्दै मेयर मण्डलले झोला वितरणले विधार्थीहरूलाई अध्ययनमा सहयोग पुग्ने धारणा राखेका थिए । कार्यक्रममा मटिहानी नगरपालिका वडा नं ८ र ६ का वडा अध्यक्षहरू रितेश साह, कलीम अन्सारी, विद्यालयका पूर्व प्र.अ. गणेश प्रसाद साह, चन्देश्वर साह, विद्यालय व्यवस्थापन समितिका सदस्यहरू अरूण नाहर, विद्यालयका प्र.अ. अजय पाण्डेय श्रीश कुमार मिश्र, विश्वनाथ यादव र राजेश्वर मण्डल लगायतका सहभागिता रहेको थियो ।

### वरिष्ठ ईन्जिनियरहरू सम्मानित

जनकपुरधाम । ६० औं इन्जिनियर दिवसको अवसर पारेर नेपाल इन्जिनियर्स एशोसिएशनले वरिष्ठ इन्जिनियरलाई सम्मान गरेको छ । नेपाल इन्जिनियर्स एशोसिएशन मधेश प्रदेश समितिद्वारा जनकपुरधाममा मंगलबार आयोजित शुभकामना तथा सम्मान कार्यक्रममा वरिष्ठ इन्जिनिर चन्देश्वर रौनियार, प्रकाशचन्द्र साह, गिरिधारी साह, कृष्णचन्द्र साह, नन्दकिशोर यादव, रामरतन यादवलाई जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साह, नेपाल इन्जिनियर्स एशोसिएशन मधेश प्रदेशका अध्यक्ष गौरी पण्डितले दोसल्ला ओढाएर सम्मान गरे । त्यस्तै सवारी दुर्घटनामा परी निधन भएका इन्जिनियर सतिश गोइतको परिवारलाई सम्मान गर्दै आर्थिक सहयोगसमेत प्रदान गरिएको छ । नेपाल इन्जिनियर्स एशोसिएशन मधेश प्रदेशका निवर्तमान कार्यसमितिका पदाधिकारी तथा सदस्यलाईसमेत सम्मान गरेको जनाइएको छ ।

### २ खर्ब ३ अर्ब २ करोडभन्दा बढी राजस्व संकलन

वीरगन्ज । देशकै प्रमुख भन्सार नाकाको रूपमा स्थापित एकीकृत भन्सार जाँच चौकी आइसिपी वीरगञ्ज भन्सार कार्यालयले आर्थिक वर्ष २०७८/७९ मा लक्ष्यभन्दा बढी राजस्व असुली गरेको छ । अर्थ मन्त्रालय भन्सार विभागले एकीकृत भन्सार जाँच चौकी आइसिपीलाई २ खर्ब ३ अर्ब २ करोड ५० लाख ३७ हजार राजस्व असुलीको लक्ष्य तोकेको थियो । तर वीरगन्ज भन्सारले एक वर्षमा २ खर्ब ४ अर्ब १२ करोड ३ लाख ५९ हजार अर्थात् लक्ष्य भन्दा १ अर्ब १० करोड बढी राजस्व असुली गरेको हो । आयात निर्यात वीरगञ्ज नाकाबाट बढ्दै जानु र इन्धन, सवारी साधनको आयात समेत बढिरहेका कारण वीरगञ्ज भन्सार कार्यालयले लक्ष्य भन्दा बढी राजस्व असुल गर्न सफल भएको छ ।

### आगलागीबाट चार जनाको घर जलेर नष्ट

रौतहट । गौर नगरपालिका-४ टिकुलिया बस्ने मलक सिंह चनौ लगायत ४ जनाको फुसको घरमा बिद्युत सर्ट भई आगलागी भएको छ । सोमबार दिउँसो आगलागी हुँदा मलक सिंह चनौ लगायत चार जनाको घर र घरमा रहेको सरसामान जलेर करिब ८ लाख ८० हजार रूपैयाँ बराबरको धनमाल नष्ट भएको प्रहरीले जनाएको छ । प्रहरी, स्थानीय बासिन्दा तथा दमकलको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### रूपन्देहीमा करेन्ट लागेर एकको मृत्यु

रूपन्देही । सिद्धार्थनगर नगरपालिका-३ खजहना बस्ने ५० वर्षीय हरि हरीजनको करेन्ट लागेर मंगलबार बिहान मृत्यु भएको छ । सिद्धार्थनगर नगरपालिका-३ डण्डापुल नजिकको सिद्धार्थ हेम्पपाईप फ्याक्ट्रीभित्र मिस्त्री काम गर्ने क्रममा करेन्ट लागेको थियो । करेन्ट लागेर अशक्त भएका उनको भीम अस्पतालमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

### २ क्विन्टल गाँजा बरामद

रौतहट । रौतहटस्थित सशस्त्र प्रहरीको टोलीले २ क्विन्टल लागुऔषध गाँजासहित एक भारतीय नम्बर पलेटको स्कर्पियो बरामद गरेको छ । सशस्त्र प्रहरी बेस क्याम्प फतुवाबाट इन्स्पेक्टर विनय श्रेष्ठको कमान्डमा गएको टोलीले राजपुर नगरपालिका कुडिया चौकमा गाडी सहित २ क्विन्टल लागुऔषध गाँजा बरामद गरेको हो । आँपको बगैंचामा लुकाई पार्किङ गरि राखिएको डिएल ४ सि एनबी ६२२९ नम्बरको स्कोर्पियोमा गाँजाको १३ वटा पोका सहितलाई टोलीले नियन्त्रणमा लिएको सशस्त्र प्रहरी मधेश प्रदेश प्रमुख डीआईजी गणेश ठाडा मगरले बताए । प्रति पोका १४ केजी ८ सय ग्रामको दरले कुल १ सय ९२ केजी ४०० सय ग्राम गाँजा सहित एक स्कर्पियो बरामद भएको डीआईजी मगरले जानकारी दिएका छन् ।

### खैरो हेरोइनसहित युवक पक्राउ

कैलाली । बर्दगोरिया गाउँपालिका-२ बौनिया गाउँबाट १ ग्राम २ सय मिलिग्राम अवैध लागूऔषध खैरो हेरोईन जस्तो देखिने पदार्थ सहित लम्कीचुहा नगरपालिका-१० बस्ने २५ वर्षीय बशन्त डगौरालाई सोमबार साँझ ईलाका प्रहरी कार्यालय सडकपुरको प्रहरीले पक्राउ गरेको छ ।

### चरेससहित तीन जना समातिए

पर्सा । वीरगंज महानगरपालिका-१ छप्कैयाबाट करिब १ किलोग्राम अवैध लागूऔषध चरेश जस्तो देखिने पदार्थ सहित सोही महानगरपालिका-१ छप्कैया बस्ने ६५ वर्षीया सुनैना साह लगायत ३ जनालाई गएराति प्रहरीले पक्राउ गरेको छ । सिमा प्रहरी चौकी छप्कैया र जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरीले सुनैना साहको घरको ट्वाईलेटको ट्याङ्कीमा लुकाई राखेको अवस्थामा उक्त पदार्थ फेला पारी उनीहरूलाई पक्राउ गरेको हो ।

### किसानलाई अनुदान वितरण

रूपन्देही । लुम्बिनी प्रदेशको कृषि मन्त्रालयले अनुदान वितरण सुरू गरेको छ । प्रतिफलमा आधारित प्रदेशको कृषि मन्त्रालयले अनुदान वितरण सुरू गरेको हो । तर अनुदान कार्यक्रममा सहभागी हुन उत्पादन २० प्रतिशत बढाउनुपर्ने नियम छ । अस्वाभाविक वृद्धि दर राखेकाले कार्यक्रममा धेरै किसान भने सहभागी हुन सकेनन् । उत्पादन २० प्रतिशत बढाउनुपर्ने नियमले धेरै किसान भने सहभागी हुन नपाएको गुनासो देखिएको छ । बढ्दो महँगीका कारण हालको उत्पादनमा २० प्रतिशत नियम राख्नुले साना किसान यसबाट प्रत्यक्ष लाभ लिन नसकेको बताइएको छ । २० प्रतिशत उत्पादन बढाउने नियमका बाबजुद रूपन्देहीमा १३ वटा दुग्ध उत्पादन सहकारीले ९० लाख बढी रूपैयाँ प्रतिफलमा आधारित अनुदान पाएका छन् ।

# जीजीजीआइमा नेपालको सहभागितामूलक सदस्यता

काठमाडौं । नेपाल ग्लोबल ग्रीन ग्रोथ इन्स्टिच्युट (जीजीजीआइ) को ४४औं सदस्य राष्ट्र बनेको छ । बुधबार सङ्घीय संसदबाट वन तथा वातावरण मन्त्री प्रदीप यादवले ग्लोबल ग्रीन ग्रोथ इन्स्टिच्युट (जीजीजीआइ) को सदस्य बन्ने विषयमा प्रस्तुत गरेको प्रस्वात बहुतमतका साथ अनुमोदन भएसँगै नेपाल जीजीजीआइको सहभागितामूलक सदस्य बनेको हो ।

मन्त्रिपरिषद्को २०७७ भदौं १ गतेको बैठकले नेपालले जीजीजीआइको सदस्यता प्राप्त गर्नका लागि नेपाल सन्धि ऐन बमोजिम सङ्घीय संसद्मा पेश गर्न वन तथा वातावरण मन्त्रालयलाई स्वीकृति दिएको थियो ।

मन्त्रिपरिषद्को निर्णय अनुसार मन्त्री यादवले प्रतिनिधिसभाको साधारण बहुमतबाट स्वीकृति प्रदान गर्नका लागि बुधबार प्रस्ताव संसदमा पेश गरेका थिए । संसदमा मन्त्री यादवले जीजीजीआइको विषयमा उठेका प्रश्नहरूको उत्तर दिँदै यसको समाजिक-आर्थिक वृद्धिको लागि हरित विकासको रणनीति मार्फत जैविक विविधता संरक्षण, जलवायू परिवर्तन अनुकूलन र न्यूनीकरणका कार्यक्रम कार्यान्वयन गर्नका साथै वातावरण र विकास बीच सन्तुलन र दिगो विकासका लक्ष्य प्राप्तिमा टेवा पुग्ने बताएका थिए ।

त्यसका साथै न्यून हरितग्यास उत्सर्जनका बाबजुद जलवायु परिवर्तनबाट अति जोखिममा परेको राष्ट्रका सन्दर्भमा नेपाल सरकारले अङ्गिकार गरेका दिगो विकास, वातावरण



वन तथा वातावरणमन्त्री प्रदीप यादव

संरक्षण, गरिवी न्यूनीकरण र समृद्ध नेपाल-सुखी नेपालीको अवधारणालाई मूर्त रूप दिनका लागि विश्वमा छरिएर रहेका जलवायु लगायतका अन्तराष्ट्रिय वित्त, आधुनिक प्रविधि र असल अभ्यासहरूलाई नेपालमा ल्याउनका लागि जीजीजीआइलाई प्रयोग गर्न सकिने मन्त्री यादवले जानकारी दिए ।

नेपाल जीजीजीआइको सहभागितामूलक राष्ट्र भएको कारण यसको सदस्यता तथा कार्यक्रम सञ्चालन गर्नका निमित्त सरकारले कुनैपनि प्रकारको आर्थिक सहयोग गर्न नपर्नु पर्ने यादवले जानकारी दिएका हुन् ।

जीजीजीआइ अनुमोदन भएसँगै नेपालमा हुँदा जलवायु कुटनीति अन्तर्गत अन्तराष्ट्रिय वार्ता प्रक्रिया र जलवायु परिवर्तन सम्वन्धी पेरिस सम्झौतामा उल्लेखित कार्यहरू गर्न प्राविधिक सहयोग प्राप्त हुने मन्त्री यादवले विश्वास व्यक्त गरे । उनले नेपालले जलवायू परिवर्तन सम्वन्धी संयुक्त राष्ट्र संघीय संरचना महासन्धीमा पेश गरेको पहिलो र दोस्रो राष्ट्रिय निर्धारित योगदान एनडीसी कार्यान्वयनमा समेत सहयोग पुग्ने बताउनुभयो । त्यस्तै हरित विकासका लागि लगानि अभिवृद्धि गर्न राष्ट्रिय वित्तिय साधनहरूको सवलीकरण एवम् अन्तर्राष्ट्रिय लगानी आकर्षित गर्न मद्दत पुग्ने यादवको भनाई छ ।

जीजीजीआइको सदस्य बनेसँगै नेपालले विभिन्न अन्तर्राष्ट्रिय वित्तिय कोषहरूवाट लगानी वृद्धि गर्नका लागि माध्यमको रूपमा प्रयोग गर्न सक्ने उनले बताए । मन्त्री यादवका अनुसार नेपाल जीजीजीआइको सहभागितामूलक सदस्य भएको कारण स्थापना सम्झौताको पक्ष भएपनि कुनै आर्थिक योगदान गर्नु गर्नुपर्ने छैन ।

**के हो जीजीजीआइ ?**

ग्लोबल ग्रीन ग्रोथ इन्स्टिच्युट सन् २०१२ मा सम्पन्न रियो प्लस ट्वान्टी सम्मेलन पश्चात स्थापना भई कार्यरत रहेको एक अन्तरसरकारी निकाय हो । यसको सचिवालय दक्षिण कोरियाको राजधानी सिउलमा छ । जीजीजीआइ संस्थाको हालसम्म ४३ राष्ट्र सदस्य थिए भने आजदेखि नेपाल ४४ औं सदस्य राष्ट्र बनेको हो । दक्षिण एसियामा पाकिस्तान र श्रीलंका सदस्य रहेका छन् भने भारत पनि सदस्य बन्ने प्रकिया छ । जीजीजीआइ संस्थाको विधान अनुसार यस संस्थामा दुई प्रकारका सदस्येताहरू छन्; योगदानमुलक र सहभागितामूलक । नेपाल यसको सहभागितामूलक बनेको छ ।

जीजीजीआइले हाल नेपाललाई विद्युतीय यातायात, पेरिस सम्झौता अन्तर्गत कार्बन व्यापार, जलवायु स्मार्ट कृषि, हरित हाइड्रोजन, अमोनिया र युरिया परियोजना, बाँस उद्यम विकास र फोहोर व्यवस्थापनमा सहयोग गर्दै आएको छ । सदस्य राष्ट्र बनेसँगै नेपालले हाल पाइरहेको सहयोगमा वृद्धि हुने जीजीजीआइको काठमाडौं कार्यालयले जनाएको छ ।

# चीनले कब्जा गरेको भूमि फिर्ताको माग गर्दै मन्त्रीलाई ज्ञापन

काठमाडौं । चीनले कब्जा गरेको भूमि फिर्ताको माग गर्दै राष्ट्रिय एकता अभियानले भूमि व्यवस्थामन्त्री शशि श्रेष्ठलाई ज्ञापन पत्र बुझाएको छ ।

अभियानका केन्द्रीय अध्यक्ष विनय यादवसहितको टोलीले मंगलबार सिंहदरबारस्थित भूमि व्यवस्था, सहकारी तथा गरिबी मन्त्रालयमा मन्त्री श्रेष्ठलाई ज्ञापनपत्र बुझाएको हो ।

हालै गोरखाको चुमनुब्री गाउँपालिका-१ को रूइला नाकामा चीन सरकारले दुई देशीय समन्वय नगरी तारबार लगाएको समाचारहरूप्रति राष्ट्रिय एकता अभियानले मन्त्री श्रेष्ठलाई ध्यानाकर्षणसमेत गराएको छ ।

'अन्तर्राष्ट्रिय कानून र मूल्यमान्यताको उल्लंघन गर्दै नेपाल-चीन सीमाको रूइलालगायतका विभिन्न क्षेत्रमा भैइरहेको अतिक्रमण दुई देशबीचको मित्रताको अपमान मात्र नभई सम्पूर्ण नेपालको सार्वभौमसतामाथि नै ठाडो चुनौती हो ।' अध्यक्ष यादवले ज्ञापनपत्रमा भनेका छन्, 'चीनद्वारा नेपालको भौगोलिक अखण्डतामाथि पटक पटक हुने प्रहारको जति निन्दा गरे कम हुन्छ ।'



हालको सरकार गठन भएको सुरूआती अवस्थामा नै नेपाल-चीन सीमामा हुने अतिक्रमणहरूविरूद्ध चालिएको कदमहरू प्रशंसनीय रहेको यादवले भनेका छन् ।

सरकारको सुरूआती कदमहरूले राष्ट्रवादी जनता उत्साहित भएपनि सरकारलेगरेका कुटनैतिक प्रयासहरूको वावजुद पनि सीमा अतिक्रमण जारी हुनु दुखद रहेको अभियानको ज्ञापनपत्रमा उल्लेख छ ।

सरकारबाट सिमा रक्षाका लागि गरिएको प्रयासहरूवाट अपेक्षित परिणाम हासिल हुनसक्दा नेपाली जनता पुनः दुखित र अधैर्य भएको अभियानले ज्ञापनपत्रमा भनेको छ । ज्ञापनपत्रमा भनिएको छ, 'हामी यस सरकारबाट सीमा अतिक्रमणबारे निर्णायक र कठोर कदम चालिने अपेक्षा राख्दै सरकारका हरेक कदमहरूमा अभियानको पूर्ण समर्थन र सहयोग रहने प्रतिबद्धता जनाउन यो ज्ञापनपत्र बुझाइएको अवगत गराउन चाहन्छौं ।'




- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
मधेश प्रदेश, धनुषा, नेपाल
इमेल : malcprovince2@gmail.com

# चिनियाँ अतिक्रमणविरूद्ध हामी आवाज उठाइरहन्छौं



सुनिता साह
राष्ट्रिय उपाध्यक्ष
राष्ट्रिय एकता अभियान

संघीय हिन्दू गणतन्त्र र मदरसा विधेयक खारेजीका लागि राष्ट्रिय एकता अभियान आफ्नो कार्यक्रमहरू अगाडि बढाउँदै आएको छ । विश्वमा हिन्दू राष्ट्र भनेर एक मात्र नेपाल राष्ट्रको पहिचान थियो । हाम्रो पहिचान नै अहिले गुमेको अवस्था छ । पुनः हाम्रो पहिचान हिन्दू राष्ट्र कायम होस् । बारम्बार चीनले नेपालको सीमा मिच्दै गइरहेको छ । नेपाली भूमिदेखि लिएर विश्वको सर्वोच्च शिखर सगरमाथासमेतमा चीनले अतिक्रमण गरिरहेको छ । यी विषयहरूमा हामीले हाम्रो सरकारलाई ध्यानाकर्षण गराएपनि कुनै चाँसो नदेखाएको हामीले पाएका छौं । चिनियाँ अतिक्रमणको विरूद्धमा हामी लगातार विरोध प्रदर्शन, आन्दोलनका कार्यक्रमहरू गर्दै आएका छौं । छिमेकी सबैको हुनुपर्छ र हुन्छ नै । तर छिमेकी कस्तो हुनुपऱ्यो ? छिमेकी भनेको त एकअर्कालाई सहयोग गर्ने, दुःख सुखमा साथ दिने हुन्छन् । तर चीन हाम्रो यस्तो छिमेकी छ कि जहिले नेपाली सीमा मिच्ने, सगरमाथामा अनाधिकृत क्रियाकलाप गर्ने र नेपाललाई असहयोग गर्ने काम गर्दै आएको छ । नेपालप्रति चीनको गिद्धे आँखा रहँदै आएको छ । चिनियाँ अतिक्रमणविरूद्ध जुनसुकै पार्टीको सरकार आएपनि बोल्न सकेको अवस्था छैन । यो बडो विडम्बनाको कुरा हो ।

हामीले चिनियाँ अतिक्रमणको विरूद्धमा आवाज उठाउँदा कतिपयले हामीमाथि विभिन्न किसिमका आरोपहरू लगाउने गरेका छन् । चीनको अतिक्रमणबारे नेपालमा बोल्नेहरू कमै छन् । हामीले आफ्नो भूमि रक्षाका लागि आवाज उठाएका हौं । कुनै देशविरूद्ध कार्य गरेको होइनौं । हामीले चीनको विरूद्धमा बोल्यौं भने हामीलाई भारतबाट परिचालित भन्ने आरोपहरू समेत लाग्नेको छ । तर, हामी आफ्नो नेपाल आमा र जन्मभूमिका लागि बोलिरहेका छौं र बोलिरहने

हामीले चिनियाँ अतिक्रमण, धर्मनिपरपेक्षता, भ्रष्टाचार, विकृति विसंगविरूद्ध जतिसुकै आवाज उठाए पनि सरोकारवाला निकाय वा सरकारले सुनिरहेको अवस्था छैन । हामीले प्रधानमन्त्री, मन्त्री लगायत प्रशासनिक निकायहरूमा बारम्बार ध्यानाकर्षण गराउँदा पनि यदि सरकारले सुनिरहेको अवस्था छैन भने अब कडा कदम चाल्नुको विकल्प देखिँदैन ।

छौं । हामी आफ्नो जन्मभूमिको लागि हामी नबोले कसले बोलिदिने हो ? हामी आफ्नो भावी पुस्ताका लागि के सन्देश दिइरहेका छौं त ? हाम्रो नेपालको सीमा, विश्वको सर्वोच्च शिखर सगरमाथा जोगाउने जिम्मा हाम्रो हो । हामीले आफ्नो जिम्मेवारी बोध गरेर आफ्नो देशको सीमा र धर्मको रक्षाका लागि अगाडि आएका हौं ।

नेपालमा धर्मनिरपेक्षताको आडमा इसाई र इस्लामिक संगठनहरू सक्रिय भएका छन् । उनीहरूले विभिन्न बहानामा सिधा सोझा आम नेपालीहरूलाई विभिन्न प्रलोभनमा पारी धर्म परिवर्तन गराउन थालेका छन् । जब हाम्रो धर्म, संस्कृति र इतिहास नै मेटिन्छ भने हाम्रो राष्ट्रको अस्तित्व पनि जोगिदैन । हामीले यस्ता विकृति, विसंगतिका विरूद्ध चरणबद्धरूपमा कार्यक्रम गर्दै आएका छौं । नेपालमा विभिन्न आतंक मच्चाउने इस्लामिक संगठनहरू सक्रिय रहेको हामीले पाएका छौं ।

सरकारले गर्नुपर्ने काम हाम्रो राष्ट्रिय एकता अभियानले गरिरहेको छ । यसमा खासगरी प्रमुख प्रतिपक्षी राजनीतिक दलहरूको मुख्य भूमिका हुनुपर्ने थियो । तर हामीले प्रतिपक्षीको भूमिकामा देखा परेका छौं । हामीले चिनियाँ अतिक्रमण विरूद्ध बोल्न बाध्य भएका छौं । हाम्रो मूल एजेण्डा धर्मको रक्षा र नेपाललाई पुनः हिन्दू राष्ट्र हुनुपर्ने हो । संघीय हिन्दू गणतन्त्र नेपालका लागि हामी संघर्ष गरिरहने छौं ।

हामीले चिनियाँ अतिक्रमण, धर्मनिपरपेक्षता, भ्रष्टाचार, विकृति विसंगविरूद्ध जतिसुकै आवाज उठाए पनि सरोकारवाला निकाय वा सरकारले सुनिरहेको अवस्था छैन । हामीले प्रधानमन्त्री, मन्त्री लगायत प्रशासनिक निकायहरूमा बारम्बार ध्यानाकर्षण गराउँदा पनि यदि सरकारले सुनिरहेको अवस्था छैन भने अब कडा कदम चाल्नुको विकल्प देखिँदैन । यसका लागि हामी तयारी गरिरहेका छौं ।

हामी सडकमा आवाज उठाउँदे आएका हौं । अब आफ्नो कुरा लागू गराउन वा प्रभावकारी ढंगले प्रस्तुत गर्नका लागि अर्को पनि विकल्प देखिरहेका छौं । हामी आफ्नो आवाजलाई नीतिगतरूपमा सरकार समक्ष पुऱ्याउन नीति निर्माण हुने ठाउँमा आफ्नो पहुँच पुऱ्याउन आवश्यक छ । त्यो भने प्रदेश वा संघीय सदन हो । जनताले हामीलाई जनप्रतिनिधिको रूपमा आउन पनि सल्लाह र सुझाव दिइरहेको अवस्था छ ।

आगामी हुने चुनावमा हाम्रो अभियानका तर्फबाट पनि उम्मेद्वारहरू आउन सक्छन् । आमनागरिकले हामीलाई भनिरहेका छन् कि हाम्रो अभियानले उठाइरहेका कुराहरू राष्ट्र र जनताको हितमा छन्, अब हामी संसदमा यी आवाजहरू पुऱ्याउनु आवश्यक छ । किनभने अहिलेका सांसदहरूले देश र जनताभन्दा पनि आफ्नो व्यक्तिगत स्वार्थमा लागेका छन् । चीनले नेपाली भूमिमा तारवार लगाउँदा सदनमा कसैले पनि उठाएको हामीले पाएनौं । चीनले हाम्रो भूमि मिच्दैछ, सगरमाथा कब्जा गरिरहेको छ । यसका विरूद्ध ठोसरूपमा आफ्नो आवाजलाई संसदमाथि उठाउनुपर्ने देखिन्छ । हामी आफ्नो आवाजलाई संसदबाट उठाउनुपर्ने हुन्छ भन्ने हाम्रो पनि धारणा छ । यसका लागि हामी तयारी गरिरहेका छौं ।

*(कुराकानीमा आधारित)*

विश्व परिवेश

# चीनले वित्तीय संकटमा श्रीलंकालाई बेवास्ता गर्दै

काठमाडौं । श्रीलंकाले बेल्ट रोड इनिसिएटिभ ( बीआरआई) अन्तर्गत पूर्वाधार निर्माणका लागि अनियन्त्रित र जोखिमपूर्ण विदेशी ऋणको बारेमा अर्थशास्त्री र विश्वव्यापी नेताहरूको चेतावनी सुनेको भए चलिरहेको आर्थिक संकटलाई टार्न सक्थ्यो । अहिले श्रीलंकाले बढ्दो वैदेशिक ऋण र विदेशी सञ्चिति घटेको कारणले अभूतपूर्व आर्थिक संकटको सामना गरिरहेको छ ।

देशलाई दिवालिया बनाएको आर्थिक चुनौतीलाई कसरी पार गर्ने भन्नेमा सरकार पूर्णतया अनभिज्ञ हुँदा जनता खाना, औषधि, इन्धन पाउन संघर्षरत छन् । बेइजिङले आफ्नो हात फिर्ता लिएको छ, आर्थिक रूपमा अपांग श्रीलंका अब चिनियाँ ऋण तिर्न नसक्दा आफ्नो सार्वभौमसत्ताको एक हिस्सा गुमाउने निरन्तर खतरामा पर्नेछ ।

सन् १९४८ मा बेलायतबाट स्वतन्त्र भएपछि श्रीलंकाको लागि यो सबैभन्दा नराम्रो आर्थिक संकट हो । साथै, यो विगत दुई दशकमा आफ्नो विदेशी ऋण चुक्ता गर्ने पहिलो एसियाली देश बनेको छ । खाद्यान्न र औषधि बाहेक, श्रीलंकामा प्राकृतिक ग्यास र कच्चा तेलको अभाव छ, जसले देशभरि ठूलो विद्युत कटौती गरेको छ । चाखलाग्दो कुरा के छ भने, चिनियाँ बीआरआई अन्तर्गत श्रीलंकामा केही विद्युत उत्पादन परियोजनाहरू वाचा गरिएको थियो । तर, यी आयोजनाहरू कहिल्यै अघि बढेका छैनन् । त्यही बीआरआई अहिले श्रीलंकाली जनताको पीडाको प्रमुख कारण बनेको छ । चीन श्रीलंकाको सबैभन्दा ठूलो द्विपक्षीय ऋणदाता बनेको छ र हालको ऋण ६.५ बिलियन अमेरिकी डलर छ । कोभिड-१९ को महामारी र रूस-युक्रेन युद्धका कारण उत्पन्न समस्याबीच आर्थिक अवस्था बिग्रन थालेपछि श्रीलंकाले चीनलाई ऋणको पुनर्संरचना गर्न आग्रह गरेको छ । यद्यपि, बेइजिङले यसलाई अस्वीकार गर्‍यो र ऋण पुनर्संरचनाले भविष्यमा द्विपक्षीय ऋणमा प्रभाव गर्न सक्ने भनेको छ ।

अब श्रीलंकाले आफ्नो जनसंख्यालाई खुवाउन समेत कोषको व्यवस्था गर्न संघर्ष गरिरहेको छ । भारत, अमेरिका र अन्तर्राष्ट्रिय मुद्रा कोष ( आईएमएफ) र विश्व बैंक जस्ता वित्तीय संस्थाहरू श्रीलंकाको अवस्था दिनप्रतिदिन बिग्रँदै गएको बेला बेल आउट गर्ने प्रयासमा छन् । यद्यपि चीनले श्रीलंकालाई सहयोगको लागि आह्वान गरे पनि सहयोग गर्नबाट टाढा रहन रोजेको छ । युरोपियन फाउन्डेसन फर साउथ एसियन स्टडीज ( इएफएसएएस) ले देशमा आकर्षक परियोजनाहरूबाट पर्याप्त लाभान्वित भए पनि श्रीलंकाको दुर्दशालाई बेवास्ता गरेको बताएको छ । संयोगवश, चीनले विगतमा बलियो द्विपक्षीय सहयोगको हिस्साको रूपमा श्रीलंकालाई सहयोग गर्ने वाचा गरेको थियो । अब भने श्रीलंकाले १.५ बिलियन अमेरिकी डलर स्वैपको अनुरोधलाई समेत अस्वीकार गरेको छ ।

बेइजिङको अडानमा अचानक परिवर्तनले श्रीलंकाली नेताहरूलाई निराश बनाएको छ, जो एक समय चिनियाँ परियोजनाहरू र देशमा लगानीलाई अनुमति दिन आग्रह गरिरहेका थिए । श्रीलंकाका राष्ट्रपति गोटाबाया राजापाक्षेले संकटमा परेको बेला टापु देशलाई बेवास्ता गरेकोमा चीनप्रति आक्रोश व्यक्त गरेका छन् । 'उनीहरू (चीन) यस क्षेत्रमा कम चासो राख्छन् । उनीहरूको चासो यहाँ पहिलेको जस्तो छैन । उनीहरूको चासो सरेको छ,' उनले भने । नयाँ प्रधानमन्त्री रनिल विक्रमासिङ्घेले पनि समयमै सहयोग गरेकोमा भारतको प्रशंसा गर्दै चीनको आलोचना गरेका छन् । 'अहिलेसम्म चिनियाँ लगानी भएको छैन । चीनसँग ऋण तिर्नका लागि मात्रै छलफल भइरहेको छ,' उनले भने । मे २००२२मा विक्रमासिङ्घेले के विश्वास भने चीनले श्रीलंकालाई आर्थिक गडबडीबाट बाहिर जान मद्दत गर्न आर्थिक सहायता प्रदान गर्नेछ । तर, उनको आशा छिट्टै टुट्यो । कार्नेगी एन्डाउमेन्ट फर इन्टरनेशनल पिसका विजिटिङका विद्वान स्कलर दीप पालले यसअघि श्रीलंकालाई चिनियाँ सहायता र बीआरआई कोष सहयोगको अंश नभएर लगानी भएको बताएका थिए । 'उनीहरू (चीन) लगानीमा प्रतिफल सुनिश्चित गर्न चाहन्छन् । जब यसमा प्रश्नचिह्न छ, चीन संलग्नता सीमित गर्दछ र पछि हट्छ', उनले भने ।

यसले श्रीलंकाका लागि गम्भीर जोखिम निम्त्याउन सक्छ किनकि चलिरहेको आर्थिक गडबडीलाई हटाउन वर्षौं लाग्न सक्छ । अब, श्रीलंका असुरक्षित भएको छ र चीनको लागि आफ्नो रणनीतिक रूपमा महत्वपूर्ण परियोजनाहरू गुमाउन सक्छ । ऋण तिर्न नसक्दा चीनले हम्बनटोटा बन्दरगाह यसअघि नै हस्तान्तरण गरिसकेको छ । अब, श्रीलंका नाजुक आर्थिक स्थितिमा छ, मट्टलाराजपक्ष अन्तर्राष्ट्रिय विमानस्थल, कोलम्बो पोर्ट सिटी, र उन्नत राजमार्ग परियोजना जस्ता अन्य महत्वपूर्ण पूर्वाधार परियोजनाहरूका सार्वभौम अधिकारहरू त्याग्न बाध्य हुन सक्छ र सबै बीआरआई अन्तर्गत रहेको छ । मुर्तजा जाफरजी, जो एडभोकाटा इन्स्टिच्युट, श्रीलंकाका अध्यक्ष हुन, ले चिनियाँ ऋणलाई 'ऋणको जाल' भनेका छन् किनभने बीआरआई अन्तर्गत निर्माण गरिएका पूर्वाधार परियोजनाहरू राजस्व उठाउन असफल भएकाले ऋण तिर्न प्रयोग गरिने थियो ।

**सजिलो चिनियाँ ऋण र यसको त्राण**

कोभिड-१९महामारीको सुरूमा श्रीलंकाको विदेशी मुद्रा सञ्चिति ऋणको पहाड घट्न थालेपछि, केही अधिकारीहरूले के तर्क गरे भने यो अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ)बाट बाहिर निस्कनका लागि अनुरोध गर्ने समय हो । तर श्रीलंकाको सबैभन्दा ठूलो एकल ऋणदाता चीनले आकर्षक विकल्प प्रस्ताव गर्‍यो, त्यो के भने अहिलेको लागि (आईएमएफ)को तीतो औषधि छोड्नुहोस् र पुरानो चुक्ता गर्न नयाँ ऋण थप गरिरहनुहोस् । श्रीलंकाका वर्तमान र पूर्व अधिकारीहरूका अनुसार, त्यसका लागि श्रीलंका सहमत भयो र चाँडै नै २०२० र २०२१ मा चिनियाँ बैंकहरूबाट ४३ बिलियन डलरको नयाँ क्रेडिट पठायो ।

श्रीलंकाको सार्वभौम-ऋण संकटले यसको अर्थतन्त्रलाई कमजोर बनाएको छ । श्रीलंकाको अर्थतन्त्रलाई सरकारले ह्यान्डल गर्ने कार्यप्रति जनताको आक्रोश लगातार बढ्दै गएको छ । खाद्य मुद्रास्फीति बढेको छ, जबकि रोलिङ ब्ल्याकआउट र इन्धन र खाना पकाउने ग्यासको लागि लामो लाइनहरू दैनिकी बनेका छन्, विशेष गरी पहिले नै समाप्त गर्न संघर्ष गरिरहेकाहरूका लागि कडा मारमा परेका छन् । यसको विदेशी सञ्चिति शून्यको नजिक पुग्दा, दक्षिण एसियाली राष्ट्र मई महिनामा डिफल्टमा पर्‍यो भने इन्धन र औषधि जस्ता अत्यावश्यक आयातहरू सुरक्षित गर्न संघर्ष गरिरहेको छ । राष्ट्रपति गोटाबाया राजापाक्षे र प्रधानमन्त्री रनिल विक्रमासिङ्घेको सरकारी निवासमा हमला गर्ने र कब्जा गर्ने प्रदर्शनकारीहरूको ठूलो भीडलाई प्रहरीले रोक्न नसकेपछि महिनादेखि चलेको सरकार विरोधी प्रदर्शनले जुलाई ९ मा नाटकीय रूप लियो । जुलाई १३मा राष्ट्रपति गोटाबाया राजापाक्षे सैन्य विमानमा देशबाट भागेका थिए, त्यही दिन उनले राजीनामा दिनु पर्ने थियो ।

ऋण र राजनीतिक नियन्त्रणमा बढ्दो प्रगतिले श्रीलंकाको बन्दरगाहलाई चिनियाँ ऋणमा फसाउने एउटा विशिष्ट मुद्दा बनाउँछ । श्रीलंकाले चीनबाट लिएको ऋण समयमै तिर्न नसकेपछि २०१७ मा हम्बनटोटा बन्दरगाहको व्यवस्थापन गर्न चिनियाँ कम्पनीलाई अनुमति दिन र एकैसाथ ९९ वर्षको भाडामा दिने सहमति भएको थियो । हम्बनटोटा एक अर्ब अमेरिकी डलरको परियोजना थियो, जसका लागि चिनियाँ बन्दरगाह विकासकर्ताहरूलाई काममा लिएर भुक्तानी गरिएको थियो । राजपाक्षे परिवारका कैयौं सदस्यहरूमाथि परियोजनामा भ्रष्टाचार गरेको आरोप लागेको थियो । ५१ अर्ब डलरको वैदेशिक ऋणको दबाबमा श्रीलंकाले अन्तर्राष्ट्रिय मुद्रा कोषसँग सहयोग मागेको छ । यसमा चीनको बीआरआई परियोजनाहरूबाट ११ अर्ब डलर समावेश छ । यसमा श्रीलंकामा बीआरआई परियोजनाहरूमा चिनियाँ ऋणदाताहरूले खर्च गरेको ११ अर्ब डलर समावेश छ । कोलम्बोले पनि जनवरी १० देखि चिनियाँ विदेशमन्त्री वाङ यीले देशको भ्रमण गरेपछि चिनियाँ ऋणको ११ अर्ब डलरको भुक्तानी ढिलाइ गर्न खोज्दै आएको छ ।

तर यो श्रीलंकामा चिनियाँ नियन्त्रणमा रहेको क्षेत्र मात्र होइन । २०११ मा, 'पोर्ट सिटी कोलम्बो' भनिने ठूलो स्तरको विकास परियोजना चिनियाँ लगानीमा सुरू गरिएको थियो । परियोजनामा कोलम्बो बन्दरगाहको छेउछाउको २६९ हेक्टेयर पुनः प्राप्त जग्गा क्षेत्रलाई विशेष आर्थिक क्षेत्रको रूपमा सिर्जना गर्ने योजना समावेश छ । फिर्ता लिइएको करिब ४० प्रतिशत जग्गा चिनियाँ कम्पनीलाई ९९ वर्षका लागि भाडामा दिइएको छ । कसैलाई यो दोस्रो हम्बनटोटा बन्न सक्ने डर छ । एक अर्ब अमेरिकी डलरको चिनियाँ ऋणले यस्तो प्रभाव पारेको कल्पना गरिन्छ र चीनले श्रीलंकालाई वर्षौंमा १२ अर्ब अमेरिकी डलर दिएको कथित छ !

करिब ३५ अर्ब डलरको वैदेशिक ऋणमा श्रीलंका सन् १९९९ मा पाकिस्तान पछि आफ्नो अन्तर्राष्ट्रिय दायित्व पूरा गर्ने एसिया-प्रशान्त क्षेत्रको पहिलो सरकार हो । आईएमएफसँगको वार्ताले सार्वभौम-ऋण समाधान गर्न मद्दत गर्न बेइजिङको इच्छुकर्ताको परीक्षा दिनेछ । विकासोन्मुख विश्वमा संकट सिर्जना गर्न चीनको आफ्नै ऋण नीतिले सहयोग गरेको आलोचकहरूको भनाइ छ ।

ऋणदाता देशहरूको अनौपचारिक संघ, संयुक्त रूपमा कम आय भएका देशहरूमा चीन आफैंले बढी ऋण रहेको देखाउँछ ! राष्ट्रपति सी जिनपिङको बेल्ट एण्ड रोड इनिसिएटिभमार्फत् अहिले धेरै देशहरूले चीनलाई ठूलो मात्रामा ऋण दिनुपर्ने भन्दै आएको छ । चीनले गरिब, कम आय भएका वा आर्थिक रूपमा समस्यामा परेका राष्ट्रहरूलाई वित्तपोषणमा केन्द्रित गर्छ । २०२० सम्म, यसले कम र मध्यम आय भएका देशहरूमा लगभग १७० बिलियन अमेरिकी डलर तिरेको थियो । यो ऋण सडक, रेल, बन्दरगाह र विमानस्थल, खानी र ऊर्जा लगायत बिआरआई र पूर्वाधार परियोजनाहरूसँग जोडिएको छ । एड डाटाका अनुसार, ४० भन्दा बढी आर्थिक रूपमा कमजोर राष्ट्रहरूले आफ्नो जीडिपीको १० प्रतिशत भन्दा बढी चिनियाँ ऋणदाताहरूलाई 'लुकेको ऋण' छ । लाओस, जाम्बिया र किर्गिजस्तान लगायतका केही देशहरूले आफ्नो जीडीपीको २० प्रतिशतभन्दा बढी चीनको ऋणी छन् । अमेरिकाको विलियम एन्ड मेरी विश्वविद्यालयको अन्तर्राष्ट्रिय विकास निकाय एडडाटाले गरेको अनुसन्धानले भने कि त्यहाँ ४० भन्दा बढी निम्न र मध्यम आय देशहरू जसको चिनियाँ ऋणदाताहरूको ऋण जोखिम उनीहरूको वार्षिक आर्थिक उत्पादन (जीडीपी) को आकारको १० प्रतिशत भन्दा बढी छ ।

एट्लान्टिकले एउटा रिपोर्टमा चीनको ऋण-जाल कूटनीतिलाई संक्षिप्त रूपमा व्याख्या गरेको छ। यसले भनेको, 'एक पटक कुनै देश माफियाबाट उधारो लिने अभागी जुवाडेजस्तै चिनियाँ ऋणले दबायो भने, यो बेइजिङको कठपुतली हो र हात गुमाउने खतरामा छ ।' चीन पेरिस क्लबको पूर्ण सदस्य बन्न नसक्ने मुख्य कारण भूराजनीतिक हो । 'यो पेरिस क्लबमा नियम-निर्माता हुनेछ, र यसले नियम-निर्माता बन्न रूचाउँछ', लेक्स रिफेलले लेखेका छन् । उनी स्टिम्सन सेन्टर, वाशिंगटन, डीसीको थिंक ट्याङ्कमा कार्यरत छन् ।

चिनियाँ राज्य मिडियाले तीव्र ऋण-जालको आलोचनामा रिस उठाउँदै आएको छ र भारतीय तथा अन्तर्राष्ट्रिय मिडियाले चीनको छविलाई बदनाम गर्ने र यसको उदयलाई रोक्ने उद्देश्यले राजनीतिक रूपमा प्रेरित विकृति अभियान चलाएको आरोप लगाएको छ । केही चिनियाँ टिप्पणीकारहरूले ऋणको जालको कथाको सामना गर्न आफ्नै सिद्धान्तहरू लिएर आएका थिए, । 'यो श्रीलंकाको गल्ती हो' भन्दै आएका छन् किनभने यसको कमजोर आर्थिक आधार, अपर्याप्त हेमाटोपोएटिक (आत्मनिर्भर) क्षमता, र सरकारको दीर्घकालीन नीतिका काण यस्तो भएको हो भन्दै आएका छन् । अत्यधिक उधारो र अनुचित ऋण संरचना व्यवस्थालाई पनि कारण मानेका छन् । केही चिनियाँ स्तम्भकारहरूले 'चीन ऋण जाल' कथालाई 'अमेरिकी निर्भरता' कथामा रूपान्तरण गरेर दोष संयुक्त राज्य अमेरिकामा सार्न खोजे हो कि भन्ने पनि टिप्पणी गर्छन । तर, आक्रोशपूर्ण भनाइ र शब्दको युद्धको बाबजुद पनि श्रीलंकाको चलिरहेको आर्थिक संकट चीनका लागि अप्ठ्यारो र चिन्ताको प्रमुख कारण बनेको छ ।

२००० देखि २०२० सम्म चीनले श्रीलंकालाई मात्र परियोजना पूर्वाधार ऋणको लगभग ११. ७ बिलियन डलर विस्तार गरेको थियो । यसले हालको सामान्य क्रेडिट लाइनहरूमा थप ४३ बिलियन ऋण थपेको छ । तर यो यस्तो समस्या हो कि यसले सबैलाई सबै पूर्वाधार विकासबाट कुनै फाइदा दिन सकेको छैन । र, ब्याज खर्च बढ्दै जाँदा र सरकारले ठूलो घाटा चलाउन जारी राखेपछि, देशले आफ्नो बढ्दो डलर-निर्धारण उच्च-ब्याज चिनियाँ परियोजना ऋणहरूको तिर्नको लागि अन्तर्राष्ट्रिय सार्वभौम ऋणपत्र जारी गर्नु परेको थियो ।

श्रीलंकाका पूर्व अर्थमन्त्री रवि करूणानायके इजि मनीको पुरानो दिनको बारेमा चिन्तित छन् । 'चिनियाँहरूसँग गहिरो जेबहरू थिए र तिनीहरू कुनै पनि समयमा ऋण दिन इच्छुक थिए', उनले भनेका थिए । यद्यपि चीनले अहिले आफ्नो आईएमएफ कार्यक्रम मार्फत् श्रीलंकालाई सहयोग गर्ने योजना बनाएको छ, तर यसले हङकङ पोस्टको रिपोर्ट अनुसार, ऋण चुक्तामा कुनै पनि सहुलियत दिन अस्वीकार गरेको छ । चीनले कथित रूपमा आफ्नो ठूलो ऋण पुनः अनुसूचित गर्न श्रीलंकाको अपीललाई प्रतिक्रिया दिन अस्वीकार गर्‍यो । र श्रीलंकाका लागि यसका राजदूतले मार्चमा भने कि उनको देश थप ४१ बिलियन ऋण र ४१.५ बिलियन क्रेडिट लाइनलाई विचार गर्न इच्छुक छ । प्रतिवेदनमा के थपिएको भने चीनबाट लाभहीन पूर्वाधार परियोजनाहरूलाई वित्त पोषण गर्नका लागि लापरवाह ऋणको अन्तिम परिणामले श्रीलंकालाई यस अप्ठ्यारो स्थितिमा ल्याउन योगदान पुर्‍याएको थियो । यसले श्रीलंकाको समयमै ऋण तिर्न नसक्ने अवस्थाको फाइदा उठाउन चाहन्छ । बेइजिङले ऋण-देखि-इक्विटी स्वापमा प्रवेश गर्न र श्रीलंकामा जग्गा अधिग्रहण गर्न राम्रो समयको प्रतीक्षा गरिरहेको छ । –एजेन्सी

# श्रीलंका संकट : ठूलो मूल्य चुकाउँदै कोलम्बो

काठमाडौं । टापु राष्ट्र श्रीलंकामा भएको विद्रोहमा परिणत भएपछि राष्ट्रपति गोटाबाया राजापाक्षे राजधानी कोलम्बोबाट अज्ञात गन्तव्यमा भागेका छन् । श्रीलंकाका आम जनताले राष्ट्रपतिको दरबार र प्रधानमन्त्री निवास कब्जा गरे । श्रीलंकाको पछिल्लो अवस्था चीनसँग घमण्डको खतराको ज्वलन्त उदाहरण हो । बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरई)अन्तर्गत चिनियाँ सहयोगको लागि छनोट नगर्न अन्य साना राष्ट्रहरूलाई गम्भीर चेतावनी पनि दिएको छ ।

डेढ दशकअघि श्रीलंका सरकारले लिबरेशन टाइगर्स अफ तमिल इलम (एलटीटीई)सँग जुधिरहेको बेला चीनले श्रीलंकामा प्रवेश गर्न थालेको थियो । ती दिनहरूमा, विद्रोहीहरूसँग हारेको युद्ध लड्दै अमेरिकाले श्रीलंकालाई सिधा सैन्य सहायता बन्द गरेको थियो किनभने श्रीलंका सरकारको मानव अधिकारको रेकर्ड बिग्रिएको थियो र नयाँ दिल्लीले कोलम्बोलाई आपत्तिजनक हतियारहरू बेच्न पनि अस्वीकार गरेको थियो ।

प्रधानमन्त्री महिन्दा राजापाक्षेले हतियार किन्ने क्रममा त्यो शून्यता भर्ने मौका चीनले उठायो । २१ अप्रिल, २००९मा चीनले एलटीटीईलाई मेटाउन र यसका नेता भी. प्रभाकरनलाई पक्रन श्रीलंका सरकारको प्रयासको समर्थनमा खुला रूपमा निस्क्यो । चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता जियाङ वुले बेइजिङमा पत्रकारहरूलाई भनेका थिए, 'श्रीलंका चीनप्रति मित्रवत छ ।' लडाकु विमान, विमान विरोधी बन्दुकहरू र चीनद्वारा आपूर्ति गरिएको हवाई निगरानी राडारहरूसँग सशस्त्र महिन्दा राजपक्षे सरकारले श्रीलंकामा रगतको पानी बगाएको छ । जसले एलटीटीई द्वारा नियन्त्रित क्षेत्रमा हजारौं फसेका नागरिकहरूलाई मारेको छ ।

बेइजिङलाई श्रीलंकातर्फ आकर्षित गरेको हिन्द महासागरमा रहेको टापु राष्ट्रको सुविधाजनक स्थान, व्यस्त समुद्री मार्गहरू नजिक थियो । आफ्नो रणनीतिक स्वार्थहरू पछ्याउँदा, बेइजिङ एकदमै अन्धो हुन सक्छ । त्यसको लगत्तै बेइजिङ र कोलम्बोबीच विभिन्न किसिमका व्यापार सम्झौताहरू हुन थाले । २०१६ मा श्रीलंकामा आयातको सबैभन्दा ठूलो स्रोत बन्न भारतलाई चीनले पछि पारेको थियो । व्यापार चीनको पक्षमा बिग्रियो । चीनमा श्रीलंकाको निर्यातको मूल्य ड्याागन देशबाट आयातको मूल्यको पाँच प्रतिशत मात्र थियो । श्रीलंकामा चीनको बढ्दो प्रभावको फाइदा उठाउँदै बेइजिङले बेल्ट एन्ड रोड इनिसिएटिभअन्तर्गत चिनियाँ ऋणसहितका सबै किसिमका अव्यवहारिक परियोजनाहरू कोलम्बोलाई निल्न लगायो । यसको सबैभन्दा ज्वलन्त उदाहरण विज्ञ प्यानलले अस्वीकार गरे पनि चिनियाँ ऋणमा १.१ अर्ब डलरको लागतमा निर्माण भएको हम्बनटोटा बन्दरगाह हो । अपेक्षित रूपमा, यसले कुनै विदेशी राजस्व उत्पन्न गर्न सकेन । बेइजिङले सन् २०१७ मा चीनको सरकारी स्वामित्वको कम्पनीलाई ९९ वर्षका लागि १ अर्ब १ करोड रूपैयाँमा बन्दरगाह खरिद गरेको थियो । यो नगदले श्रीलंकाले बन्दरगाह निर्माणमा चिनियाँ बैंकहरूको ऋण चुक्ता गर्‍यो । यसले बन्दरगाहको नियन्त्रण र पैसा फिर्ता पनि गर्‍यो । उधारकर्ताहरूले उनीहरूको तीतो अनुभवबाट पत्ता लगाएका छन् कि बीआरआई परियोजनाहरूको लागत धेरै छ तर प्राप्तकर्ता देशहरूको अर्थतन्त्रको लागि धेरै कम छ । चिनियाँ ऋणले जङ्गलमा राजमार्ग, विमानस्थल, सम्मेलन हल बनाए जसले कुनै प्रतिफल दिन सकेन । बेइजिङको समर्थनबाट उत्साहित, चीन समर्थक राजापाक्षे शासनले सन् २००९ मा चीन विरूद्धको युद्ध जितेर अन्तर्राष्ट्रिय निजी बजारलाई टचाप गरेर निर्माण कार्यको सुरूवात गर्‍यो, यसरी कोलम्बोको ऋणको कथा सुरू हुन्छ । यी आयोजना कार्यान्वयन गर्ने चिनियाँ कम्पनीको निर्देशनमा अन्तर्राष्ट्रिय बजारबाट ऋण लिएका थिए । सिलोन इन्स्टिच्युट अफ बिल्डर्सलाई उद्धृत गर्दै जुलाई २०१८ मा टाइम्स अफ इन्डियाको रिपोर्ट अनुसार, चाइना इन्टरनेशनल कन्ट्याक्टर्स एसोसिएसनले श्रीलंकाका ४० प्रतिशत निर्माण परियोजनाहरूमा हिस्सेदारी राखेको थियो, जसलाई आगामी तीन वर्षमा ७० प्रतिशतमा पुर्‍याउने योजना थियो । लङ्काका निर्माण व्यवसायीले विदेशी कम्पनीको स्थानीय साझेदार हुनुपर्ने माग गरेका छन् । लङ्का सरकारले अब निजी क्षेत्रका लगानीकर्ताहरूलाई बन्डमा २५ बिलियन डलरको ऋणी छ, वा कोलम्बोको कुल विदेशी ऋणको लगभग आधा रकम रहेको छ ।

यसको अनुहारमा, जापान र एडीबी पछि श्रीलंकाको ऋणदाताहरूमा चीन तेस्रो स्थानमा छ र ऋणको १० प्रतिशत हिस्सा ओगटेको छ । ग्लोबल टाइम्स अफ चाइनाले आज श्रीलंकाको सामना गरिरहेको संकटको लागि चीन जिम्मेवार नभएको दाबी गर्न यी तथ्याङ्कहरू लिएर शहर गएको छ । अप्रिल २०२१ मा श्रीलंकाको विदेशी ऋणको ४७ प्रतिशत अन्तर्राष्ट्रिय पूँजी बजार ऋण, १३ प्रतिशत एसियाली विकास बैंक, १० प्रतिशत चीन, १० प्रतिशत जापान, ९ प्रतिशत विश्व बैंक, दुई प्रतिशत भारत र ९ प्रतिशत थियो ।

तर यी सुक्ष्म तथ्याङ्कहरूले उनीहरूले प्रकट गरेभन्दा बढी लुकाउँछन् । मार्च २०१८ मा ग्लोबल डेभलपमेन्ट पोलिसी पेपरको केन्द्रको रूपमा, विश्व बैंक जस्ता बहुपक्षीय एजेन्सीहरू र द्विपक्षीय विकास वित्तीय संस्थाहरू जसको सार्वभौम उधारकर्ताहरूलाई ऋणको लागि वित्तीय सर्तहरू सार्वजनिक रूपमा उपलब्ध छन्, चाइना डेभलपमेन्ट बैंक र चाइना एक्स-इम बैंकले खुलासा गर्दैनन् । ऋणको सर्तहरू, यसले चीनलाई कुनै देशले ऋणको वर्तमान मूल्य निर्धारण गर्न असम्भव बनाउँछ । चीनको रणनीतिक स्वार्थ भएका देशहरूमा ऋण पनि ब्याजरहित हुन सक्छ; जबकि कतिपय कर्जा व्यवसायिक दरमा छन् ।

चीनबाट सम्भावित उधारकर्ताहरूका लागि, यो एक सावधानी हो कि बेइजिङलाई कोलम्बोको ऋण श्रीलंकाको वित्तीय संकट समाधान गर्नको लागि खडा छ । चीनले श्रीलंकालाई आफ्नो आर्थिक संकटबाट पार पाउन थप ऋण दिने प्रस्ताव गरेको छ तर श्रीलंकाको ऋण कटौती गर्ने प्रक्रियामा सामेल हुन अस्वीकार गरेको छ । अन्य बीआरई ऋणीहरूले पनि यस्तै राहतको माग गर्नेछन् । यदि चीनले श्रीलंकाको ऋणको पुनर्संरचना गर्नबाट जोगिने प्रयास गर्छ भने, यसले अन्तर्राष्ट्रिय मुद्रा कोषसँगको वार्तालाई जोखिममा पार्नेछ र निजी क्षेत्रका ऋणीहरूलाई उनीहरूको बक्यौता पनि ढिलाइ नगरी तिर्न आग्रह गर्नेछ । यदि बेइजिङले सहयोग गर्न अस्वीकार गर्‍यो् कोलम्बोलाई आफ्नो ऋणबाट पुनः प्राप्ति गर्न गाह्रो हुनेछ ।

ऋणी देशहरू प्रायः बेइजिङबाट चिनियाँ ऋणदाताहरूको बक्यौता पहिले मिलाउन दबाबमा छन्, जुन आईएमएफले स्वीकार गर्दैन । अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ)ले ऋण प्राप्त गर्न जाम्बियामा ४.१५अर्बको ऋणको पुनर्संरचनाको मामलामा, प्रक्रियामा बाधा पुगेको छ । बक्यौता भुक्तानीमा सरकारले चिनियाँ ऋणीलाई पक्षपाती गरेको ऋणपत्रदाताले आरोप लगाएका छन् ।

श्रीलंकाका लागि अहिले अमेरिकामा रहेको मुख्यालय रहेको आईएमएफलाई सहयोगका लागि अपील गर्ने विकल्प भने छैन । आईएमएफले ऋण घटाउन सबै ऋणदाताहरूसँग सम्झौता गर्न उधारकर्तालाई आवश्यक छ । विडम्बनाको कुरा के छ भने, बेइजिङ श्रीलंकालाई १ अर्ब डलरको नयाँ ऋण दिन तयार छ, तर ऋण रकम घटाउँदैन । अप्रिलमा, चीनले आईएमएफसँग वार्ता गर्दा बेइजिङको ऋण प्रस्तावमा हस्तक्षेप गर्ने बताएको थियो । सन् २०२२ को मे महिनाको अन्त्यतिर यस टापु देशको अवस्था नियन्त्रणबाहिर हुँदा, बेइजिङले आईएमएफलाई श्रीलंकाको स्थितिलाई सकारात्मक रूपमा विचार गर्न र चाँडोभन्दा चाँडो सम्झौता गर्न प्रोत्साहन गर्न बेइजिङले सक्रिय भूमिका खेल्नेछ भनी लिप सेवा दिएका थिए ।

श्रीलङ्काका सुरक्षा विज्ञ असांगा अबेयागुनासेकराले 'ऋण जाल' शब्दले श्रीलंकामा चिनियाँ ऋण र लगानीका गैर-वित्तीय पक्षहरूलाई पूर्ण रूपमा समात्न नसक्ने औंल्याएका छन् । श्रीलंकाले आज सामना गरिरहेको संकटलाई व्याख्या गर्न 'रणनीतिक जाल' शब्द बढी उपयुक्त छ । एलटीटीईलाई नष्ट गर्न श्रीलंका सरकारलाई सहयोग गरिसकेपछि, चीनले बिस्तारै टापु राष्ट्रका कुलीन वर्गहरूमा प्रवेश गर्‍यो । संयुक्त राज्य अमेरिकाको मिलेनियम च्यालेन्ज कर्पोरेशन सहयोगलाई श्रीलंकाले गैर-आर्थिक विचारमा अस्वीकार गरेको थियो । चिनियाँ कम्पनीहरूले सबै परियोजनाहरू जित्यो; भारत र जापानजस्ता देशहरूले उनीहरूलाई हराउँदै गए । कोलम्बोले चिनियाँ ऋणको लागि रोज्यो, यद्यपि यी लुकेका शर्तहरू लिएर आएका थिए यी चिनियाँ परियोजनाहरूमा मात्र प्रयोग गर्न सकिन्छ ।

श्रीलंकामा उच्च-तका पूर्वाधार परियोजनाहरूमा चीनको बढ्दो नियन्त्रणको उदाहरण कोलम्बोको १७ किलोमिटर लामो एलिभेटेड राजमार्ग हो । सम्झौताका सर्तहरूले चाइना हार्बर इन्जिनियरिङ कम्पनीलाई १८ वर्षसम्म राजमार्गको स्वामित्व लिन, मुल्य फिर्ता गर्न, नाफा कमाउन र त्यसपछि श्रीलंका सरकारलाई हस्तान्तरण गर्न अनुमति दिन्छ । यसले श्रीलंकामा पहिलो पटक राजमार्गको स्वामित्वमा विदेशी कम्पनी बनाउँछ र टापु राष्ट्र चाँडै चिनियाँ उपनिवेश बन्न सक्ने डरलाई नयाँ बनाएको छ ।

विज्ञहरू भन्छन् कि चीनको ऋण दिने अपारदर्शी सर्तहरूले प्रभाव पार्ने तरिका प्रदान गर्दछ, ऋण लिने देशहरूलाई थप सहुलियतहरू दिन दबाब दिन्छ । जस्तै प्राकृतिक स्रोतहरूमा रूचाइएको पहुँच, भविष्यका सरकारी सम्झौताहरू र कूटनीतिक समर्थन पाएको थियो । सरकारी स्वामित्वको चाइना कम्युनिकेशन कन्स्ट्रक्सन कम्पनीले हाल १.४ बिलियन डलरको लागतमा कोलम्बो पोर्ट सिटी निर्माण गरिरहेको छ । नयाँ अफ-शोर सुविधालाई वित्तीय हबको रूपमा योजना गरिएको छ, तर कानूनका प्रावधानहरूले चीनलाई श्रीलंकाको सार्वभौमसत्ताको मूल्यमा साइटमा व्यापक अधिकार दिन्छ । अफशोर बैंक र त्यहाँ सञ्चालन गर्ने कम्पनीहरूमा सरकारको नियन्त्रण हुँदैन । यसले मनी लान्ड्रिंग र अन्य अवैध कार्यहरूको लागि मार्ग बनाउन सक्छ ।

आर्थिक मन्दी र बेइजिङ समर्थक राजापाक्षे दाजुभाइ महिन्दा र गोटाबायाको पतनको कारण कोलम्बोमा उत्पन्न संकटले श्रीलंकासँगको चीनको सम्बन्धमा ठूलो प्रभाव पार्ने विज्ञहरूले चेतावनी दिएका छन् । पूर्वाधार निर्माणमा ठूलो मात्रामा चिनियाँ लगानीले गम्भीर धक्का बेहोर्नेछ । महिन्दा राजापाक्षे भारतको सुरक्षा चासोलाई बेवास्ता गर्दै टापु राष्ट्रमा ठूलो मात्रामा चिनियाँ लगानीलाई बढावा दिएका लागि चीनमा धेरै मनपर्ने श्रीलंकाली नेता हुन् । त्यसपछि पनि, चीनले राजापाक्षे भाइहरूले मागेको ठूलो मात्रामा मौद्रिक सहायता प्रदान गरेन र उनीहरूले चिनियाँ ऋणको भुक्तानी स्थगित गर्न आग्रह गरे ।

जुन २०२२ मा स्पष्ट रूपमा भ्रमित गोटाबाया राजपक्षेको टिप्पणीले बेइजिङलाई चिन्तित बनाएको थियो । 'मेरो विश्लेषण यो हो कि चीनले रणनीतिक फोकस दक्षिण-पूर्वी एसियामा सारेको छ,' गोटाबायाले भनेका थिए । 'तिनीहरूले फिलिपिन्स, भियतनाम र कम्बोडिया, त्यो क्षेत्र र अफ्रिकामा थप रणनीतिक चासो देख्छन् । यस क्षेत्रमा उनीहरूको चासो कम छ । उनीहरूको चासो यहाँ पहिलेको जस्तो छैन ।

श्रीलंकाका आम जनताले उनीहरूले भोग्नुपरेको संकटको कारणको बढ्दो अनुभूतिसँगै श्रीलंकास्थित चिनियाँ दूतावासले श्रीलंकामा बसोबास गर्ने चिनियाँ नागरिकहरू, प्रायः चिनियाँ कम्पनीहरूले सञ्चालन गर्ने परियोजनाहरूमा कामदारको रूपमा रहेका चिनियाँ नागरिकहरूलाई सचेत गराएको छ । दूतावासले चिनियाँ नागरिकहरूलाई विरोध प्रदर्शनबाट अलग रहन, स्थानीय सुरक्षा स्थितिमा ध्यान दिन र स्थानीय कानून र नियमहरूको पालना गर्न, सतर्क रहन, सुरक्षित रहन, बाहिर ननिस्कन र सञ्चार खुला राख्न आग्रह गरेको छ । स्पष्ट रूपमा, श्रीलंका अब चिनियाँहरूको लागि सुरक्षित आश्रय होइन भन्ने विस्तारै स्पष्ट पनि हुँदै गइरहेको छ । –एजेन्सी

जिल्ला समाचार

## जगदीशपुर ताल पन्छी आरक्ष बन्यो

मणि प्रसाद गैह्रे, कपिलवस्तु । जगदीशपुर काललाई विशेष कार्यक्रमका बीच पन्छी आरक्ष घोषणा गरिएको छ । चरा पर्यटनको विकास र आकर्षण बढाउन काललाई पन्छी आरक्ष घोषणा गरिएको हो । शनिबार जगदीशपुरमा आयोजित सभामा लुम्बिनी प्रदेशका मुख्यमन्त्री कुलप्रसाद के.सी र वन वातावरण तथा भू-संरक्षणमन्त्री सुरेन्द्र बहादुर हमालले काललाई पन्छी आरक्ष अर्थात वर्ड सेन्चुरी घोषणा गरेका हुन् । शिलालेख खनावरण, परेवा उडाएर र वेलुन उडाएर उनीहरूले संयुक्त रूपमा घोषणा गरेका हुन् । लुम्बिनी प्रदेश सरकारले असार ३१ गते मन्त्रिपरिषदको निर्णयबाट जगदीशपर काललाई पन्छी आरक्ष केन्द्र बनाउने निर्णय गरेसँगै शनिबार नै काललाई पन्छी आरक्ष घोषणा गरिएको हो । कार्यक्रममा बोल्दै मुख्यमन्त्री केसीले चरा संरक्षण गरी पर्यापर्यटनको विकास गर्दै स्थानीयलाई आय आर्जन र रोजगारीसँग जोडेर जीविकोपार्जनमा सहयोग पुग्ने पन्छी आरक्ष भएको बताए । अब तालको संरक्षणर विकासको लागि स्थानीय सरोकारवाला मिलेर गर्नुपर्ने बताए । साथै केसीले स्थानीय स्रोत तथा साधनको प्रयोग मौलिक सस्कृति अनुसार यस क्षेत्रको विकास गनुपर्नेमा जोड दिए । त्यस्तै कार्यक्रममा वन वातावरण मन्त्री सुरेन्द्र हमालले लुम्बिनी प्रदेश वन ऐन २०७८ को परिच्छेद ११ को दफा ४५ अनुसार आरक्ष घोषणा गरिएको बताए ।

## सहमतिपछि तिलोत्तमाको बजेट पारित

रूपन्देही । विवादका कारण रोकिएको रूपन्देहीको तिलोत्तमा नगरपालिकाको बजेट पारित भएको छ । असार १० गते नगरसभामा प्रस्तुत बजेट नगरसभाले पारित गरेको हो । नगरसभा बैठकमा आर्थिक वर्ष २०७९/८० को वार्षिक बजेट आर्थिक विधेयक २०७९ र विनियोजन विधेयक २०७९ सर्वसम्मतले पारित भएको हो । कांग्रेस र एमालेको विवादका कारण तिलोत्तमामा बजेट प्रस्तुत भएपनि प्रक्रिया अघि बढेको थिएन । न्यायिक समिति गठनमा विवाद हुँदा नगर सभा बैठक सुचारू हुन सकेको थिएन । गत असार ३१ गते र साउन १ गते बसेको नगरसभा बैठकमा गणपूरक संख्या नपुगेको भन्दै मेयर रामकृष्ण खाँणले बैठक स्थगित गरेका थिए । तर उपप्रमुख जागेश्वरी देवी चौधरीसहित एमालेका जनप्रतिनिधिहरूले आफूहरू बैठकमा उपस्थित भएपनि हाजिर गर्न नदिएर बैठक स्थगित गरेको आरोप लगाउँदै आएका थिए । साउन १ गतेको बैठकमा प्रमुख प्रशासकीय अधिकृतले आफूहरूको हाजिर नगरेको भन्दै एमालेका जनप्रतिनिधि आक्रोशित भएर प्रदर्शन गरेको थिए । उनीहरूले प्रमुख प्रशासकीय अधिकृत जीवन ज्ञवालीलाई हलबाट बाहिर निस्कन नदिँदा प्रहरी परिचालित भएको थियो । प्रहरीले तिलोत्तमा ४ का वडाध्यक्ष हरि क्षेत्रीलाई पौडी पोखरीमा धकेल्दा एमाले थप आक्रोशित भएको थियो ।

## युरेनियमसहित १५ जना पक्राउ

मोरङ । विराटनगर महानगरपालिका-९ स्थित ठुलदाइको होटल र सोही महानगरपालिका-३ दुधफारमबाट युरेनियम जस्तो देखिने पदार्थ सहित १५ जनालाई प्रहरीले पक्राउ गरेको छ । उनीहरूमध्ये होटलबाट ८ जनालाई १ केजी ८७.३ ग्राम सहित आइतबार र दुधफारमबाट ७ जनालाई ९७८.६ ग्राम मंगलबार उक्त पदार्थ सहित प्रहरीले पक्राउ गरेको हो । उक्त होटलबाट पक्राउ पर्नेहरूमा मोरङ धनपालथान गाउँपालिका-७ बस्ने ४१ वर्षीय शिव शंकर पासवान, ४३ वर्षीय प्रदिप पुरी, ४४ वर्षीय लक्ष्मण शर्मा, सोही गाउँपालिका-४ बस्ने ३७ वर्षीय मुकेश कुमार साह, कटहरी गाउँपालिका-२ बस्ने ४० वर्षीय दिलिप कुमार शर्मा, विराटनगर महानगरपलिका-१२ बस्ने ४६ वर्षीय फटिक कुमार कार्की, सोलुखुम्बु माप्पे गाउँपालिका-७ बस्ने ३५ वर्षीय गोपाल मगर र खोटाङ हलेसी नगरपालिका-९ बस्ने ३२ वर्षीय किरन राई रहेका छन् । यसैगरी उक्त दुधफारमबाट पक्राउ पर्नेहरूमा गोरखा गण्डकी गाउँपालिका-८ बस्ने ४५ वर्षीय जिवन गुरूङ, महोत्तरी मङ्हा नगरपालिका-६ बस्ने ४२ वर्षीय अब्दुल गनी खान, बर्दिबास नगरपालिका-१२ बस्ने ३० वर्षीय चन्दन कुमार महतो, मोरङ ग्रामथान गाउँपालिका-३ बस्ने ५५ वर्षीय रबिन्द्र गच्छेदार, मकवानपुर बागमती गाउँपालिका-५ बस्ने ३६ वर्षीय दिपक बहादुर भ्लोन, मोहत्तरी मनराषिशवा नगरपालिका-३ बस्ने ४९ वर्षीय उमेश प्रसाद यादव र सिन्धुली कमलामाई नगरपालिका-५ बस्ने २८ वर्षीय श्याम घिमिरे रहेका छन् ।

## कपिलवस्तुमा सवारी दुर्घटनामा दुईको मृत्यु

कपिलवस्तु । जिल्लाको दुई छुट्टाछुट्टै स्थानमा भएको सवारी दुर्घटनामा दुई जनाको ज्यान गएको छ । बुद्धभूमि नगरपालिका-९ चम्पापुरस्थित सडकमा ना.५ ख ९३५० नम्बरको बसले रा.७ प ३५९४ नम्बरको मोटरसाइकललाई बुधबार बिहान ठक्कर दिँदा मोटरसाइकल चालक दाङ तुल्सीपुर उपमहानगरपालिका-९ बस्ने ३० वर्षीय सुसिल केसीको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको स्थानीय बुद्ध पोलिक्लिनिक हुँदै जिल्ला अस्पताल तौलिहवामा थप उपचारको क्रममा मृत्यु भएको हो । बस चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यसैगरी कपिलवस्तु, वाणगंगा नगरपालिका-१० भावपुरस्थित सडकमा लु.२ च ४०५२ नम्बरको भ्यानको ठक्करबाट पैदलयात्री सोही ठाउँ बस्ने यमलाल पौडेलकी छोरी ९ वर्षीया एन्जला पौडेलको मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएकी उनको लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको हो । भ्यान चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

## बालिका अपहरण गर्ने दुई जना पक्राउ

मोरङ । बुढिगंगा गाउँपालिका-१ बस्ने १ वर्षीया बालिका अपहरण भएको घटनमा संलग्न रहेको अभियोगमा २ जनालाई बुधबार प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा विराटनगर महानगरपालिका-६ रामपुर चोक बस्ने २७ वर्षीय रविन्द्र कुमार साह र सोही महानगरपालिका-५ कारखाना टोल बस्ने २७ वर्षीया अनु साह रहेका छन् । घटनाका मुख्य योजनाकार रविन्द्र साह र अनु साहले ती बालिकालाई अपहरण गरी प्र.०१-०२०४६ प ७४१० नम्बरको मोटरसाइकलमा सप्तरीको राजविराज हुँदै कुनौली पुर्‍याई दरभंगा पठाएको, रविन्द्र साहले अनु साहको मोबाइल मार्फत पीडित परिवारलाई फेसबुक लगायत सामाजिक संजालमा बालिका हराएको कुरा पोस्ट गरेको हटाउन तथा अन्य विषयमा समेत धम्की दिएको प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको छ । साथै भारतको विहार दरभंगामा अनु साह बालिकालाई लिएर बस्दै आएकोमा नेपाल भारतको बोर्डर एरियाबाट १ नम्बर प्रदेश प्रहरी कार्यालयको अनुसन्धान समूह र जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको संयुक्त टोलीले अपहरित बालिकालाई सकुशल उद्दार गरी अनु साहलाई प्रहरीले पक्राउ गरेको हो । साथै घटनामा संलग्न रविन्द्र साहलाई वुढिगंगा गाउँपालिका-१ स्थित निजले संचालन गरेको श्रीराम ट्रेडर्सबाट प्रहरीले पक्राउ गरेको हो । उनीहरूबाट घटनामा प्रयोग भएको मोटरसाइकल, विभिन्न सामान र मोबाइलहरू प्रहरीले बरामद गरेको छ ।

## सिक्टाको पानीबाट किसान हर्षित

बाँके । सिक्टा सिँचाइ आयोजनाको पानी खेतबारीमा पुगेपछि बाँकेको फत्तेपुरका किसान हर्षित भएका छन् । आयोजनाले पूर्वी नहरमार्फत राप्ती सोनारी गाउँपालिका-६ फत्तेपुरस्थित पुरानो नहरमा पानी छाडेपछि रमाएका हुन् । वर्षात् नभएका कारण सहजरूपमा धान रोप्न नसकेको बेला खेतबारीमा सिक्टाको पानी पुगेपछि किसानलाई ठूलो राहत पुगेको राप्तीसोनारी गाउँपालिका-६ का वडाध्यक्ष लवराज खरेलले जानकारी दिए । उनका अनुसार पक्की नभएका कारण उक्त नहर पटक-पटक बन्द हुँदै आएको थियो।किसानको मागअनुसार सिक्टा सिँचाइ आयोजनामा पहल गरेपछि आयोजना कार्यालयले पुरानो नहरमा पानी छाडिदिएको हो । उक्त नहरको पानीले वडा नं ६ र ७ किसानले खेती गर्न सक्नेछन् । आयोजनाले अगैयास्थित मुख्य बाँधबाट राप्तीसोनारीको बैजापुर, बिनौना, फत्तेपुर हुँदै नरैनापुर गाउँपालिकासम्म राप्ती नदीको पानी पुर्याउने लक्ष्यका साथ नहर निर्माणकार्य गरिरहेको छ । यसअघि फत्तेपुरका स्थानीयवासीले पटक-पटक पुरानो नहरको इन्टेकमा कच्ची बाँध बनाएर राप्ती नदीको पानी सञ्चालन गर्न खोजे पनि नियमितरूपमा पानी सञ्चालन हुनसकेको थिएन ।

## टीकापुर अस्पतालमा शयया अभाव

कैलाली । कैलालीको टीकापुर अस्पतालमा बिरामीको चाप बढेपछि शययाको अभाव हुन थालेको छ । दैनिक १० देखि १२ जनाको शल्यक्रिया हुन थालेपछि शयया अभाव हुन थालेको हो । यसअघि प्रसूति र हाडजोर्नी सम्बन्धि शल्यक्रिया गरिँदै आएकामा अस्पतालले एक हप्तादेखि आफ्नो सेवा विस्तार गरेको छ । टीकापुर अस्पतालबाट अब हाइड्रोशिल, हर्निया, पत्थरी, पाइल्स, फिस्टुला, स्तनका गाँठागुँठी, स्तन ट्युमर, छातीमा रगत र पानी भरिएका बिरामीको शल्यक्रिया सेवा थालेको छ । शल्यक्रिया सेवा पाउन थालेपछि बिरामीको चाप बढेको छ । शल्यक्रिया सेवाका लागि पालो कुर्नुपर्ने भएको छ । शयया अभावपछि बिरामीले पालो पर्खिनु पर्छ । जोशीपुरकी सरस्वती श्रेष्ठ बुवाको हाइड्रोशिलको शल्यक्रियाका लागि पालो कुर्नुपरेको बताउछिन् । चाप बढेपछि बिरामीको अवस्था हेरेर अस्पतालले घर पठाउने र शयया उपलब्ध गराउन थालेको छ । अस्पतालसँग भौतिक सुविधा अभाव हुँदा बिरामीका कुरूवाले अस्पताल प्रशासनसँग आक्रोश पोख्ने गरेका छन् । अस्पताल ५१ शययाको मात्र भए पनि अस्पतालले थप शयया थपेर सेवा दिइरहेको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष झपड सोडारी बताउछन् ।

## ६ वर्षीया बालिका बलात्कृत

बर्दिया । बर्दियामा ६ वर्षीया बालिका बलात्कृत भएकी छन् । ती बालिकालाई बलात्कार गरेको आरोपमा मधुवन नगरपालिका-६ बस्ने २६ वर्षीय मान बहादुर रजालीलाई शनिबार प्रहरीले पक्राउ गरेको छ । रजालीले ती बालिकालाई सोही ठाउँस्थित गोठको पछाडी लगेर बलात्कार गरेको प्रहरीले जनाएको छ । इलाका प्रहरी कार्यालय सानोश्रीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । घटनाका सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

# भारतको अनुदान सहयोगमा सिन्धुलीमा निर्मित शैक्षिक भवन उद्घाटन

काठमाडौं। भारतको अनुदान सहयोगमा सिन्धुली जिल्लाको कमलामाई नगरपालिका-६ मा अवस्थित सिन्धुली सामुदायिक टेक्निकल इन्स्टिच्यूटका लागि निर्मित शैक्षिक भवन उद्घाटन गरिएको छ। भारतीय राजदूतावासका द्वितीय सचिव प्रशान्त कुमार सोना र जिल्ला समन्वय समिति सिन्धुलीका प्रमुख कर्साङ लामाले निर्मित शैक्षिक भवनको मंगलबार संयुक्त रूपमा उद्घाटन गरेका छन् ।

भारत-नेपाल विकास सहकार्य कार्यक्रम अन्तर्गत भारत सरकारको आर्थिक सहयोगमा नेरू.४ करोड ४१ लाखको लागतमा सामुदायिक विकास परियोजनाको रूपमा यस भवनको निर्माण भएको हो । यो परियोजना भारत स्वतन्त्र भएको ७५ वर्षको उत्सव मनाउन भारत सरकारले अघि सारेको "India@75 आजादीका अमृत महोत्सव" अन्तर्गत यस वर्ष नेपालमा उद्घाटन गरिने ७५ परियोजनाहरू मध्येको एक हो ।

यस सिन्धुली सामुदायिक टेक्निकल इन्स्टिच्यूटको स्थापना सन् २०१४ मा भएको हो । प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद्को साझेदार संस्थाको रूपमा रहेको यस संस्थाले जिल्ला समन्वय समिति तथा कमलामाई नगरपालिकासँगको संयुक्त सहकार्यमा स्नातक तहमा सिभिल इन्जिनियरिङ र कृषि (पशु विज्ञान) शिक्षाको पठनपाठन सञ्चालन गर्दै आएको छ ।

त्यस्तै यस इन्स्टिच्यूटले काठमाडौ विश्वविद्यालयसँग सम्बद्ध रही स्नातक तहमा प्राविधिक शिक्षा सिभिल इन्जिनियरिङ तथा सूचना प्रविधिका कक्षा पनि सञ्चालन गर्दै आएको छ । यस इन्स्टिच्यूटमा २९२ भन्दा बढी विद्यार्थी अध्ययनरत छन् जसमध्ये ३० प्रतिशत छात्रा छन् । भारत सरकारको सहयोगमा भएको यस नयाँ संरचनाको निर्माणले विद्यार्थीहरूलाई राम्रो शैक्षिक वातावरण प्रदान गर्नेछ ।

सन् २००३ यता भारतले नेपालमा ५२७ भन्दा बढी उच्च प्रभाव सामुदायिक विकास परियोजनाहरू अघि बढाइसक्केकोमा स्वास्थ्य,



शिक्षा, खानेपानी, कनेक्टिभिटि, सरसफाई र अन्य सार्वजनिक सुविधाका क्षेत्रमा नेपालका सातै वटा प्रदेशमा ४७० वटा परियोजना सम्पन्न भइसकेका छन् । ती मध्ये सिन्धुली जिल्लाका ४ गरी बागमती प्रदेशमा १०३ वटा रहेका छन् । भारत र नेपालबीच बहुपक्षीय एवम् बहुपक्षिय विकास साझेदारी रहेको छ जसले दुई देशका जनताबीचको निकटतालाई प्रतिबिम्बित गर्दछ । यस परियोजनाको कार्यान्वयनले शिक्षा लगायत प्राथमिकताका क्षेत्रमा पूर्वाधार विकास गर्न नेपाल सरकारले गरेका प्रयासहरूमा भारत सरकारले पुर्‍याउदै आएको निरन्तर सहयोगलाई प्रतिबिम्बित गर्दछ ।

## नेपाली रड भारत निर्यात

रूपन्देही । रूपन्देहीको सेमरहवामा रहेको श्री स्टिलले पहिलो पटक भारतमा रड निर्यात गरेको छ । पहिलो चरणमा दुई ट्रक रड भारत निर्यात गर्न लागेको जनाएको छ । उद्योगका सञ्चालक राजेश अग्रवालले नेपालबाट पहिलो पटक भारत रड निर्यात गरिएको बताए । उनले सरकारले निर्यातमा सहजिकरणको घोषणा गरेसँगै रड निर्यात गरिएको बताए । तत्कालीन अर्थमन्त्री जनार्दन शर्माले उच्च निर्यात सम्भावना भएको क्लिङ्कर, सिमेन्ट, स्टिल, फुटवेयर र प्रशोधित पानी तथा सूचना प्रविधिमा आधारित क्षेत्र पहिचान गरी निर्यात प्रवर्द्धन गर्ने व्यवस्था बजेटमा गरेका छन् । पहिलो चरणमा परीक्षणस्वरूप ५० टन रड निर्यात भएको हो । श्री स्टिलले भारत सरकारबाट गुणस्तर प्रमाणीकरण अनुमति पाएसँगै परीक्षणका लागि रड निर्यात सुरू गरिएको हो । सरकारले निर्यातमा नगद छुटको घोषणा गरेसँगै यसअघि तानसेन सिमेन्ट उद्योगले नेपाली सिमेन्ट भारत निकासी सुरू गरिसकेको छ । सोसँगै अर्घाखाँची, जगदम्बा, सर्वोत्तम र सौर्य सिमेन्टले नेपाली सिमेन्ट भारत निर्यातका लागि तयारी थालेका छन् । उक्त उद्योगहरूले भारत सरकारबाट गुणस्तर प्रमाणीकरणको अनुमतिको पर्खाइमा रहेको जनाएका छन् ।

# सभामुख सापकोटा र भारतीय राजदूतबीच शिष्टाचार भेटवार्ता



काठमाडौं । सभामुख अग्निप्रसाद सापकोटा र नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवबीच शिष्टाचार भेटवार्ता भएको छ ।

आइतबार सिंहदरबारस्थित सभामुखको कार्यकक्षमा भएको भेटमा सभामुख सापकोटाले लामो अनुभव र महत्त्वपूर्ण जिम्मेवारी बहनको अनुभवसहित नेपालको राजदूतमा नियुक्त श्रीवास्तवको कार्यकाल दुई देशबीचको सम्बन्धलाई गुणात्मक उचाइमा पुर्‍याउन सफल हुने विश्वास गरेका हुन् ।

नेपाल र भारतबीच मौलिक एवं बहुआयामिक सम्बन्ध रहेको चर्चा गर्दै उनले दुई देशबीच कूटनीतिक सम्बन्ध स्थापनाको ७५ औं बर्ष र भारतले आफ्नो स्वतन्त्रताको ७५ औं बर्ष मनाइरहेको सन्दर्भ स्मरण गरे ।

उनले नेपाल र भारतबीच सदियौंदेखि सामाजिक, सांस्कृतिक, धार्मिक र आर्थिक सम्बन्ध रहेको चर्चा गर्दै दुई देशका जनताका बीचको सम्बन्ध अझ गहिरो रहेको धारणा राखे । सभामुख सापकोटाले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको पछिल्लो लुम्बिनी भ्रमणले धार्मिक पर्यटनमा ठूलो योगदान पुर्‍याएको र नयाँ अध्यायको सुरूवात गरेको बताए । दुवै देशबाट भएका उच्चस्तरीय भ्रमणले नेपाल भारत सम्बन्धलाई थप बलियो बनाएको उनको भनाई थियो ।

## जलविद्युत् प्रवर्द्धनका लागि भारतीय लगानीकर्तालाई आह्वान

काठमाडौं । नेकपा (माओवादी केन्द्र) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले जलविद्युतको क्षेत्रमा थप लगानी विस्तार गर्न भारतीय प्रवर्द्धकलाई स्वागत गर्न नेपाल आतुर रहेको बताएका छन् । अध्यक्ष दाहालले 'फाउन्डेशन फर पब्लिक अवेयरनेस एन्ड पोलिसी' (एफपिएपि) द्वारा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै कृषि, पूर्वाधार, सम्पर्क सञ्जाल, निर्यातजन्य लघु, साना तथा मझौला उद्योगलगायत उच्च सम्भावना भएका क्षेत्रलाई प्राथमिकतामा राखिएको बताए । जलविद्युत् उत्पादनमा नेपालमा प्रचुर सम्भावना रहेको उल्लेख गर्दै उनले भारत विश्व अर्थतन्त्रको मुख्य केन्द्र बन्दै गरेको अवस्थामा विद्युतीय ऊर्जाको माग बढी रहेको बताए । ऊर्जा क्षेत्रमा भएका द्विपक्षीय सहकार्यमार्फत दुवै देशले सामूहिक लाभ लिन सक्ने जनाउँदै उनले ऊर्जा सुरक्षा र हरित विकासमा नेपालको जलविद्युत महत्त्वपूर्ण हुने बताए । ऊर्जा क्षेत्रमा सहकार्यका लागि नेपाल र भारत गत अप्रिलमा सहमति भएको उल्लेख गर्दै उनले सोही आधारमा दीर्घकालीन रूपमा जलविद्युतको विकास गरिने बताए। नयाँ प्रसारण लाइनमार्फत अन्तर्देशीय प्रसारण लाइनको सबलीकरण गरिएको र यसबाट दुई देशबिचको ऊर्जा व्यापारको सम्भावना थप विस्तार भएको उनले बताए । 'नेपालबाट ३६० मेगावाट विद्युत भारत निर्यात भइरहेको छ, यसलाई दीर्घकालीन रूपमा विस्तार गर्न चाहन्छौं', पूर्वप्रधानमन्त्री दाहालले भने, 'नेपाल-भारतबिच भएको पछिल्लो समझदारीका आधारमा बङ्गलादेश, भूटान, भारत र नेपाल सम्मिलित (बिबिआइएन) मार्फत क्षेत्रीय विद्युत् व्यापारका लागि मार्ग प्रशस्त भएको छ ।'

## आर्थिक समाचार

### ठूलो मात्रामा तस्करी हुँदै गरेको विदेशी गैरकानुनी चुरोट समातियो





वीरगन्ज । वीरगन्जको सुख्खा बन्दरगाहामा दुबैबाट भारत हुँदै आएको कन्टेनरमा ठुलो मात्रामा विदेशी चुरोट बरामद भएको छ । मुङ्गको दाल भनि जाँचपास गराउन खोजेको कन्टेनरमा ५८ लाख भन्दा धेरै गुडाङ गरम र मोन्ड भेरियन्स ब्रान्डको चुरोट फेला परेको छ । गुडाङ गरम नामको विदेशी तस्करी गरिएको चुरोट अहिले पनि बजार मा छ्यापछ्याप्ती पाइने भए पनि यसरि भन्सारमा तस्कारी हुँदै गर्दा पकडमा आएको भने पहिलो घटना हो । नेपालमा विगत ५ वर्षमा चुरोटमा लाग्ने कर २ देखि ४ गुणा हुने गरी बढाए पछी अहिले चुरोट एक दमै महङ्गो भएको कारणले र अत्याधिक कर लाग्ने भएकोले तस्करी गर्दा अत्याधिक फाइदा हुने हुनाले चुरोटको तस्करी ह्वात्तै बढेको छ । चुरोट एउटा यस्तो वस्तु हो जसको उत्पादन गर्न लाग्ने लागत भन्दा करको भार उल्लेख्य रूपमा बढी हुन्छ । जस्तो कि नेपालमा उत्पादन भइ विक्री हुने चुरोटमा कुल विक्री मुल्यको ५५ देखि ७०% सम्म कर लाग्ने गरेको छ । चुरोटमा अन्तशुल्क, स्वास्थ्य जोखिम कर, मु अ कर, भन्सार, अन्तशुल्क स्टिकर लगायतका कर असुल गरिने गरेको छ ।

हुन त अहिले पनि काठमाडौंको मुख्य बजार क्षेत्रमा विदेशी गैर कानुनी चुरोट हरेक जसो पसल मै पाइन्छ । स्वदेशी चुरोट भन्दा सस्तो पर्ने, प्याकेजिन्डमा देख्दै फोहोर देखिने चित्र नहुने, व्यापारीलाई धेरै फाइदा हुने आदी कारणले यी गैर कानुनी चुरोटले बजार लिएको देखिन्छ । यस विषयका जानकारहरूका अनुसार नेपालमा चुरोटको अवैध व्यापार २ तरिका बाट हुने गर्छ;

१.विरगन्ज भन्सारमा समातिएको जस्तो तेस्रो मुलुकबाट गैर कानुनी रूपमा तस्करी भइ काठमाडौं पोखरा लगायतका शहरमा हुने गैर कानुनी अन्तराष्ट्रीय ब्राण्डहरूको व्यापार .

२. सिमावर्ती क्षेत्रमा सिमापारबाट नेपाली ब्राण्ड कै नक्कली चुरोट बनाइ गैर कानुनी रूपमा हुने व्यापार - सिमा क्षेत्रमा नेपाल कै सबै भन्दा धेरै विक्ने खुकुरी , शिखर लगायतका चुरोटहरू भारतमा गैर कानुनी रूपमा बनाइ , नेपालमा तस्करी गरी सस्तो मुल्यमा विक्री हुने गरेको पाइएको छ ।

मधेस प्रदेशका अधिकासं जिल्लाहरूमा नक्कली चुरोटको व्यापार अधिक छ । सिमावर्ती क्षेत्रमा यसको व्यापार कानुनी चुरोट बाराबर नै रहेको त्यस क्षेत्रका व्यवसायीहरू बाताउछन । नेपाल प्रहरी र राजस्व कार्यलयहरूले बेला बेलामा यस्ता गैर कानुनी चुरोट पक्राउ गरे पनि यो नियन्त्रण हुन सकेको छैन । गत वर्ष सुर्य नेपाल प्रालीको निवेदनमा भारतको मुजफ्फरपुरमा रहेको नक्कली चुरोट उत्पादन गर्ने एक कम्पनीलाई कार्वाही समेत भएको थियो । यि सबका बाबजुद धेरै कर लाग्ने उत्पादन भएकोले कर छल्दा ठुलो मुनाफा हुने भएकोले तस्करी नियन्त्रण हुन सकेको छैन । यसरि हुने गैर कानुनी व्यापारले स्वदेशी उद्योग र नेपाल सरकार दुवैलाई उल्लेख्य मात्रामा नोक्सान पुर्याइरहेको छ । जानकार स्रोतका अनुसार नेपालमा हुने अवैध चुरोट , खैनी , गुट्खा लगायतका अन्य सुर्तिजन्य पदार्थको तस्करि, र अवैध व्यापारका कारण राज्यले एक वर्षमा कारीव ९५० करोडको राजस्व गुमाइ रहेको छ ।

विदेशी क्ष्ल्न्इ हरूको सहयोगमा सुर्तीजन्य पदार्थको विरूद्द नेपालमा कार्य गर्ने नेपाल विकास अनुसन्धान परिषदले केही समय अघाडी एक अध्ययन गरी नेपालमा चुरोटको अवैध व्यापार कम रहेको प्रतिवेदन नेपाल सरकारको नेपाल राजस्व परामर्श बोर्डलाई बुझाएको थियो । तर बजारमा देखिएको नक्कली चुरोटको व्यापार र अहिले ठुलो मात्रामा विरगन्जमा जफत भएको तस्करी हुँदै गरेको लगभग ६ मिलिएन चुरोटले भने अर्कै सत्य उजागर गरेको छ । यो एउटा प्रतिनिधी घटना हो, नेपालमा चुरोटको तस्करी बढ्दो छ । ६० देखी ७०% कर बच्ने भएपछी तस्करहरूका लागी यो सुन तस्करी जस्तै आकर्षक भएको छ । एक कन्टेनर चुरोट तस्करी गर्दा ६-७ करोड भन्दा धेरै कर बच्ने भए पछी तस्करहरूका लागी यो अत्यन्त आकर्षक वस्तु भएको छ ।

## न सिंचाइ...

आकाशे पानीको भरमा हुने गरेको छ ।

लामो समयदेखि वर्षा नभएपछि अहिले किसान पानी तान्ने मोटर तथा अन्य वैकल्पिक सिँचाइको व्यवस्था मिलाएर रोपाइँ गरिरहेका छन् भने अधिकांश किसान अझै आकाशे पानीको प्रतिक्षमा छन् । एकातिर किसानले जेनतेन वैकल्पिक सिँचाइको व्यवस्था मिलाएर धान रोपाइँ गरे पनि वर्षा नहुदाँ रोपो सुक्न थोलेको छ ।

ठूलो मूल्य र परिश्रम गरेर रोपाइँ गरिएको धानबालीमा पानीकै अभावमा डढेलो लाग्दा आफूहरू चिन्तामा डुबेको किसानको भनाइ छ । सिँचाइका लागि कमला सिँचाइ व्यवस्थापन कार्यालय धनुषाले निर्माण गरेको पूर्वी र पश्चिमी नहर प्रणालीबाट सिरहा र धनुषाको करिब २५ हजार हेक्टर क्षेत्रमा मात्र सिँचाइको व्यवस्था पुगेको छ । तर लामो समयदेखि वर्षा रोकिएर कमला नदीमा पानीको सतह कम भएका कारण किसानलाई सिँचाइ गर्न समस्या भइरहेको कमला सिँचाइ व्यवस्थापन कार्यालय धनुषाका प्रमुख वीरेन्द्रकुमार यादवले जानकारी दिए ।

सिँचाइबाहेक मलखाद्य र कृषि मजदुरको आभावमा पनि बर्सेनि धानखेती प्रभावित हुँदै आएका छन् । एकातिर सिँचाइ अभाव अर्कातिर आवश्यकतानुसार कृषि मजदुर नपाइने गरेकाले धान रोपाइँमा समस्या हुने गरेको किसानको गुनासो छ । यसरी सिँचाइ, मलखाद्य र मजदुर आभावमा मधेस प्रदेशमा धान रोपाइँ प्रभावित हुँदा भोकमरीको चिन्ता बढेको कृषिविज्ञको भनाइ छ । मधेशका जिल्लामा बर्सेनि भदैया, चैते र वर्षे गरी तीन किसिमका धान उत्पादन हुँदै आएको छ ।

**धान रोपाइँमा समस्या**

मध्य असारयता पानी नपरेपछि महोत्तरीमा धान रोपाइँ अलपत्र परेको छ ।

त्यसअघि परेको पानीमा धान रोप्न भनेर हिल्याइएका खेत अहिले सुकेका छन्। ब्याड पनि लगातार पानी नपाउँदा पहेंलिन थालेको महोत्तरीका किसानले बताएका छन् ।

साउन लाग्दासम्म धान रोपाइँले गति लिन नसकेपछि किसान यसपालि अन्नको संकट पर्ने चिन्ताले पिरोलिएका छन् । मुख्यबाली धान नै रोप्न नसकिएपछि परिवार कसरी पालन गर्ने भन्ने चिन्ताले त्यहाँका किसानलाई पिरोलेको छ ।

मध्य असारअघिको वर्षाको पानीले एक झमट रोपाइँमा लागेका किसान त्यसयता खेतमा पानी सुकेपछि चिन्तामा परेका हुन् ।

'उता खेत सुक्दो छ, यता घरमा ज्वरो, रूघाखोकीले परिवारका मान्छे बिरामी भएर लड्दाछन्', भङ्गाहा नगरपालिका-५ कर्पुरगञ्जका किसान रामजुलुम सर्दार भन्छन्, 'यो बढ्दो तापले सबै भताभुङ्ग पार्‍यो, न समयमा खेती सक्न पाइयो, न सञ्चोसँग बस्न ।'

जिल्लामा अहिलेसम्म ३३ प्रतिशत मात्र रोपाइँ सकिएको कृषि ज्ञान केन्द्र महोत्तरी, जलेश्वरले नै जनाएको छ । रोपेको पनि सुकेको छ । रोपाइँ गर्ने भनेर हिल्याइएको खेत चर्को घामले सुकेर गिखरिक्क परेको छ ।

रोपेको खेतमा धाँजा फाट्दै छ । जिल्लामा कूल ७० हजार खेतीयोग्य जग्गामध्ये लगभग ५० हजार हेक्टर धानखेतीका लागि योग्य मानिन्छ ।

जिल्लाका १० प्रतिशत जग्गामा स्थायी सिँचाइको प्रबन्ध छ । बिहानैदेखि चर्कने घामको प्रचण्ड राप र सँगसँगैको तातो हावाले कृषि मजदुर काममा निस्कन छाडेका छन् ।

## कुन बाटोमा...

देखिएको छ । नयाँ पार्टीमा भट्टराईले कार्यकारी भूमिकामा नरहने प्रस्ट पारिसकेका छन् । उनी जसपामा जुन भूमिकामा थिए, नयाँ पार्टीमा पनि त्यही भूमिकामा रहने वा अन्य अभिभावकीय भूमिकामा रहने तर कार्यकारी पदमा नरहने योजनामा छन् ।

नयाँ पार्टीको अध्यक्ष बन्ने लाइनमा महेन्द्र राय यादव र राजकिशोर यादव छन् । पार्टीको नेतृत्वमा हिसिला यमी, गंगा श्रेष्ठको नाम पनि चर्चामा आइरहेको छ ।

महेन्द्रराय यादव र राजकिशोर यादवलाई पूर्व नयाँ शक्तिका नेताहरू अध्यक्ष स्वीकार गर्ने पक्षमा नरहेको एक नेताले बताए । बाबुराम अध्यक्ष नबनेपछि हिसिला यमी, गंगा श्रेष्ठ, डम्बर खतिवडा, प्रशान्त सिंहलगायतले दाबी गर्न सक्ने उनको भनाइ छ । पूर्व नयाँशक्ति पक्षका नेताहरूले महेन्द्र तथा राजकिशोरलाई अध्यक्ष नदिने अडान राखेको छ । तर स्वयं बाबुराम भट्टराई भने महेन्द्र वा राजकिशोरमध्ये एक जनालाई नेतृत्व दिने पक्षमा छन् ।

महेन्द्र राय यादव सुरूदेखि बाबुराम भट्टराईलाई साथ दिँदै आएका छन् । काठमाडौंको जडीबुटीमा भएको केन्द्रीय समितिको विस्तारित बैठकमा पनि महेन्द्र राय यादवको उपस्थिति थियो तर राजकिशोर यादव तटस्थ बसिदिए । न उनी उपेन्द्र यादव पक्षको बैठकमा गए, न बाबुराम पक्षको बैठकमा । यद्यपि उनी अहिले पनि बाबुराम भट्टराईको सम्पर्कमा छन् । बाबुराम भट्टराईसँग उनको नियमित संवाद भइरहेको छ ।

नयाँ पार्टी बनाउने कि अरू कुनै उपाय खोज्ने भन्ने विषयमा उनीहरूको बीचमा कुराकानी भइरहेको छ । भट्टराईले जसपामा विद्रोह गर्न केही हतार गरेको राजकिशोर यादवको धारणा छ । उनी जसपामै बसेर संघर्ष गरेर पार्टीलाई रूपान्तरण गर्ने सोचमा थिए । बाबुरामलाई पनि उनले त्यही सल्लाह दिँदै आए पनि बाबुरामले हतारहतार छुट्टै केन्द्रीय समितिको बैठक बोलाएको कारण उनी तटस्थ बसेका थिए ।

बाबुराम पक्षका कतिपय नेताहरू माओवादी पार्टीमा फर्किने सोच पनि बनाइ रहेका छन् । माओवादीबाट नयाँ शक्तिमा आएका अधिकांश नेताहरू माओवादीमै फर्किने मुड बनाइसकेको बताइएको छ । तर नयाँ शक्ति बन्दा अन्य दल वा फरक पृष्ठभूमिबाट आएका नेताहरू माओवादीमा फर्किन चाहेका छैनन् । प्रशान्त सिंह, डम्बर खतिवडालगायतका नेताहरू माओवादीमा फर्किने मुडमा छैनन् । हिसिला यमी, गंगा श्रेष्ठ, रमेश मल्ललगायतका नेताहरू माओवादीमा फर्किन चाहेका छन् । भट्टराईसँग भएको भेटमा पनि माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले भट्टराईलाई माओवादी केन्द्रमै आउन आग्रह गरेका थिए । तर भट्टराईले त्यसमा कुनै जवाफ दिएका थिएनन् ।

## ३ मुख्यमन्त्री...

मत पनि केही प्रदेश सांसदहरूको थियो । तर, कार्यकाल सकिन लाग्दा जातीय पहिचानको पक्षमा कुरा गर्ने धेरैजसो प्रदेश सांसद किरात प्रदेशको पक्षमा सहमत भएको अवस्था छ ।

प्रदेश सभामा ९३ जना सांसद रहेकोमा एमालेका दुई जना प्रदेश सभा सदस्य राजीनामा दिएर स्थानीय तहमा उम्मेदवार बनेका छन् । एमालेकै गुलेफन सरकारी कागजत किर्ते गरेको अभियोगमा फरारको सूचीमा छन् ।

४१ जना सदस्य रहेको एमालेसँग मतदान गर्ने अब ३७ जना मात्रै सांसद हुने छन् । एमालेकै सभामुख भएका कारण उनी पनि मतदानबाट बञ्चित हुने छन् । कांग्रेससँग २१ जना प्रदेश सभा सदस्य छन् ।

माओवादीबाट भने प्रदेश सभामा १६ जना प्रदेश सांसद रहेकोमा एक जनालाई कारबाही भएको छ । नेकपा विभाजित हुँदा टंक आङवुहाङ माओवादीमा फर्किएनन् । उनी एमालेमै बसेपछि अब माओवादीसँग १५ जना प्रदेश सभा सदस्य छन् ।

एकीकृत समाजवादीका भने प्रदेश सभामा १० सदस्य रहेका छन् । प्रदेश सभामा जनता समाजवादीका ३, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका १ र राप्रपाका १ प्रदेश सभा सदस्य छन् ।

प्रदेशको नाम राख्न दुई तिहाई बहुमत पुर्‍याउनु पर्ने भएकाले ६० सांसद आवश्यक पर्नेछ । समीकरण हेर्दा अहिलेको अवस्थामा एमाले, कांग्रेस वा अन्य कुनै पनि दलसँग दुई तिहाई पुग्ने संख्या छैन । अहिले गठबन्धनमा सरकार पक्षीय दलहरूको सांसद संख्या ५० रहेको छ । सत्ता गठबन्धनको यो संख्याले प्रदेशको नाम टुंगो लाग्न सक्ने अवस्था छैन । तर, एमालेको साथ र सहयोग बिना संसदमा प्रदेशको नाम नै प्रवेश हुन सक्ने अवस्था छैन । एमाले र कांग्रेस मात्र मिल्दा पनि अहिले दुई तिहाई पुग्दैन । एमालेसँग मत हाल्ने अहिले ३७ सदस्य रहनेछन् । नेपाली कांग्रेसको २१ जना थप्दा ५८ जना पुग्ने देखिन्छ । एमालेको केन्द्रीय नेतृत्व पहिचानका आधारमा नाम राख्न राजी नहुँदा कांग्रेस पनि एमालेसँग नामको सवालमा मिल्न सक्छ ।


# बाढीपहिरोबाट जोगिन

- जथाभावी सडक निर्माण र वन विनाशले बाढीपहिरो निम्त्याउँछ ।
- वृक्षारोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं ।
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रूख, बाँस निगालोजस्ता भू-क्षय रोक्ने खालका बिरूवा रोपौं र संरक्षण गरौं ।
- आफ्नो बस्ती तथा समुदायको रक्षा गरौं ।
- बाढी तथा पहिरो गएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं ।
- आफू पनि बचौं र अरूलाई पनि बचाऔं



नेपाल सरकार

विज्ञापन बोर्ड



मिथिला दर्शन

टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुन: प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

**विशेष जानकारीका लागि सम्पर्क**

मोबाइल : ९८४३१४६४८८

कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि

Email : bsmedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं